स्टाण्डर्ड नाप र तौल नियमहरु, २०२७

नेपाल राजपत्रमा प्रकाशित मिति

संशोधन		२०२७।०५।२९
१.	स्टाण्डर्ड नाप र तौल (पहिलो संशोधन), नियमहरु, २०३०	२०३०।०६।२९
२.	स्टाण्डर्ड नाप र तौल (दोस्रो संशोधन), नियमहरु, २०३२	२०३३।०१।०७
३.	स्टाण्डर्ड नाप र तौल (तेस्रो संशोधन), नियमहरु, २०३४	२०३४।०३।२०
४.	स्टाण्डर्ड नाप र तौल (चौथो संशोधन), नियमहरु, २०४६	२०४६।१२।२७
५.	स्टाण्डर्ड नाप र तौल (पाँचौं संशोधन), नियमहरु, २०७०	२०७०।०१।३०
६.	स्टाण्डर्ड नाप र तौल (छैटौं संशोधन), नियमहरु, २०८१	२०८१।०२।२४

स्टाण्डर्ड नाप र तौल ऐन, २०२५ को दफा ३६ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले यी नियमहरु बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरुको नाम "स्टाण्डर्ड नाप र तौल नियमहरु, २०२७" रहेको छ।

(२) यी नियमहरु ऐनको दफा १ को उप-दफा (३) अनुसार प्रकाशित गरिएको सूचनामा तोकिएको मितिदेखि तोकिएको ठाउँमा तोकिएको कारोबार वा मालसामानको सम्बन्धमा प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यी नियमहरुमा,–

(क) "ऐन" भन्नाले स्टाण्डर्ड नाम र तौल ऐन, २०२५ सम्झनुपर्छ।

∉(ख) "नमुना (मोडेल)" भन्नाले निश्चित ढाँचा वा सो ढाँचा अनुरुपको एकै श्रेणीको नाप्ने वा तौलने यन्त्र सम्झनु पर्छ।

∉(ग) "नमुनाको अनुमतिपत्र" भन्नाले नियम १७ग. बमोजिम दिइएको नमूनाको अनुमतिपत्र सम्झनु पर्छ।

∉ छैटौं संशोधनद्वारा थप।

नेपाल कानून आयोग

α३. **राष्ट्रिय स्टाण्डर्ड इकाईहरु राखिने:** ऐनको दफा ३, ४, ५, ६, ७, ८ र ८क. बमोजिमका इकाईहरुको राष्ट्रिय स्टाण्डर्ड, गुणस्तर तथा नाप तौल विभागमा राखिनेछ र ती राष्ट्रिय स्टाण्डर्डहरु नियन्त्रकको जिम्मामा रहनेछन्।

४. **प्रमुख स्टाण्डर्डको वस्तु डिजाइन र विवरण:** α(१) प्रमुख स्टाण्डर्डको वस्तु, डिजाइन र विवरण इन्टरनेशनल अर्गनाइजेशन अफ लिगल मेट्रोलोजी (ओ.आई.एम.एल.) को सिफारिश सङ्ख्या २० को ई २ वर्ग अनुसार वा अनुसूची-१ बमोजिम हुनेछ र सो स्टाण्डर्ड गुणस्तर तथा नापतौल विभागको प्रयोगशालामा नियन्त्रकले तोकिदिएको अधिकृतको जिम्मामा रहनेछ।

(२) उपनियम (१) बमोजिम राखिएको प्रमुख स्टाण्डर्डको जाँच सो उप—नियममा तोकिएको अधिकृतले ऐनको दफा १६ को उप—दफा (२) बमोजिम प्रत्येक १० वर्षमा जाँची त्यसको अभिलेख राख्नु पर्छ।

(३) ⌘...........

५. **माध्यमिक स्टाण्डर्डको वस्तु डिजाइन र विवरण:** α(१) माध्यमिक स्टाण्डर्ड वस्तु, डिजाइन र विवरण इन्टरनेशनल अर्गनाइजेशन अफ लिगल मेट्रोलोजी (ओ.आई.एम. एल.) को सिफारिश सङ्ख्या २० को एफ-१ वर्ग अनुसार वा अनुसूची-२ बमोजिम हुनेछ र सो स्टाण्डर्ड नियन्त्रकले तोकिदिएको अधिकृतको जिम्मामा र स्थानमा रहनेछ।

✱(२) उपनियम (१) बमोजिम राखिएको माध्यमिक स्टाण्डर्डलाई सोही उपनियममा तोकिएको अधिकृतले ऐनको दफा १७ को उपदफा (२) बमोजिम प्रत्येक ५ वर्षमा जाँची सो स्टाण्डर्डको एकिन परिमाण सहितको अभिलेख राख्नुपर्छ।

(३)⌘...................

६. **कार्यकारी स्टाण्डर्डको वस्तु डिजाइन र विवरण:** α(१) कार्यकारी स्टाण्डर्डको वस्तु, डिजाइन र विवरण इन्टरनेशनल अर्गनाइजेशन अफ लिगल मेट्रोलोजी (ओ.आई.एम. एल.) को सिफारिश सङ्ख्या २० को एफ-२ वर्ग अनुसार वा अनुसूची-३ बमोजिम हुनेछ र सो स्टाण्डर्ड निरीक्षकको जिम्मामा रहनेछ।

α चौथो संशोधनद्वारा संशोधित ।

⌘ चौथो संशोधनद्वारा झिकिएको ।

✱ पहिलो संशोधनद्वारा संशोधित ।

नेपाल कानून आयोग

(२) उप-नियम (१) बमोजिम निरीक्षकको जिम्मामा रहेको कार्यकारी स्टाण्डर्डलाई निरीक्षकले ऐनको दफा १८ को उप-दफा (२) बमोजिम प्रत्येक वर्षमा जाँची टाँचासमेत लगाउनु पर्छ ।

(३) ⌘...................

७. **<u>प्रिसिजन तराजु (काँटा):</u>** (१) नियन्त्रकले तोकिदिएको अधिकृतले आवश्यक सङ्ख्यामा राखिएका प्रिसिजन तराजु (काँटा) को समय समयमा रेखदेख गर्नु पर्छ।

(२) उप-नियम (१) बमोजिमको प्रिसिजन तराजु (काँटा) लाई सोही उप-नियममा उल्लिखित अधिकृतले वर्षमा घटीमा एक पटक जाँच गरी जाँच गरेको मिति सहितको अभिलेख राख्नु पर्छ।

८. **<u>माध्यमिक स्टाण्डर्ड तराजु (काँटा):</u>** (१) नियन्त्रकले तोकिदिएको अधिकृतले आवश्यक सङ्ख्यामा राखिएका सबै माध्यमिक स्टाण्डर्ड तराजु (काँटा) को समय समयमा रेखदेख गर्नु पर्छ।

(२) उप-नियम (१) बमोजिमको तराजु (काटा) हरु सोही उप-नियममा उल्लिखित अधिकृतले वर्षमा घटीमा एक पटक जाँच गर्नु पर्छ।

❖(३) उपनियम (१) बमोजिमका तराजु (काँटा) हरुका आवश्यकताहरु अनुसूची-३ (क) बमोजिम हुनेछ।

९. **<u>कार्यकारी स्टाण्डर्ड तराजु (काँटा):</u>** (१) निरीक्षकलाई कार्यकारी स्टाण्डर्ड जाँच गर्नको निमित्त आवश्यक सङ्ख्यामा कार्यकारी स्टाण्डर्ड तराजु (काँटा) उपलब्ध गराई दिनु पर्छ।

(२) उप-नियम (१) बमोजिम कार्यकारी स्टाण्डर्ड तराजु (काँटा) निरीक्षकले वर्षमा घटीमा एक पटक जाँच गर्नु पर्छ।

❖(३) उपनियम (१) बमोजिमका तराजु (काँटा) हरुका आवश्यकताहरु अनुसूची ३ (ख) बमोजिम हुनेछ।

⌘ चौथो संशोधनद्वारा झिकिएको ।

❖ चौथो संशोधनद्वारा थप ।

१०. **व्यापारिक नाप र तौलः** (१) व्यापारिक नाप (लम्बाइ तथा ग्राहिता) र तौलको संज्ञा वस्तु, आकार र जाँचको घटीबढीको हद अनुसूची-४ बमोजिमको हुनेछ।

(२) व्यापारिक नाप र तौल वा व्यापारिक प्रचलनमा ल्याइने नाप्ने र तौलने यन्त्रको क्षमता पदार्थ आधार र जाँचको घटीबढीको हद अनुसूची-५ बमोजिमको हुनेछ।

(३) ⌘.............

(४) व्यापारीले व्यापारिक लेनदेन वा प्रचलनमा ल्याउने दुईपल्ले तराजु (विम-स्केल) आफ्नो व्यापार गर्ने स्थानमा स्टाण्डमा वा सिक्रीद्वारा अंकुसीमा झुण्ड्याई राख्नु पर्छ।

तर यो उप—नियम हाट, साप्ताहिक बजारमा आउने व्यापारी र घुमीफिरी व्यापार गर्ने फिरन्ता व्यापारीलाई लागू हुनेछैन।

❐(५) आयतन नाप्ने यन्त्रहरुको विवरण अनुसूची-५ (क) बमोजिम तथा लम्बाइ र समय नाप्ने यन्त्रहरुको विवरण अनुसूची-५ (ख) बमोजिम हुनेछ।

❖(६) फासला नाप्ने यन्त्रहरुको विवरण अनुसूची-५ (ग) बमोजिम हुनेछ।

❖(७) नाप र तौलको आधारमा व्यापारिक प्रयोजनको लागि मालसामान बिक्री गर्दा मान्यता दिइने घटीबढीको हद अनुसूची-५(घ) बमोजिम र मोहर बन्द गरिएका प्याकेजहरुको घटीबढीको हद नेपाल गुणस्तर बमोजिम हुनेछ।

११. **व्यापारिक नाप तौल यन्त्रको जाँचः** ✂(१) व्यापारिक लेनदेनमा प्रचलनमा ल्याइने वा त्यसरी प्रचलनमा ल्याउने अभिप्रायले राखिएको नाप, तौल र तौल्ने यन्त्र दुई वर्षमा एक पटक ऐन र यी नियमहरु बमोजिम जाँच गराई टाँचा लगाउनु पर्छ।

तर व्यापारिक लेनदेनमा प्रचलनमा ल्याइने वा त्यसरी प्रचलनमा ल्याउने अभिप्रायले राखिएको सवै नाप्ने यन्त्र तथा सुन, चाँदी र मूल्यवान जवाहरातमा वा पेट्रोलियम पदार्थमा वा कारखानामा प्रयोग गरिने नाप, तौल र तौल्ने यन्त्र वर्षमा एक पटक ऐन र यो नियमहरु बमोजिम जाँच गराई टाँचा लगाउनु पर्छ।

⌘ चौथो संशोधनद्वारा झिकिएको ।

❐ दोस्रो संशोधनद्वारा थप ।

❖ चौथो संशोधनद्वारा थप ।

✂ दोस्रो संशोधनद्वारा संशोधित ।

❖(१क) कुनै व्यापारी वा व्यवसायीले उपनियम (१) बमोजिमको म्याद नाघेको पाँच वर्षभित्र टाँचालगाउन आएमा नियम १४ को उपनियम (१क) बमोजिम जरिवाना लिई नियम १२ बमोजिम निरीक्षकले टाँचालगाई दिन सक्नेछ।

❖(१ख) उपनियम (१) बमोजिम टाँचालगाउनको लागि निरीक्षकले डोर खटाउन सक्नेछ। त्यसरी खटाइएको डोरले उपनियम (१) बमोजिम टाँचा लगाउनु पर्ने म्याद पुग्नुभन्दा तीन महिना अगाडिसम्म वा म्याद पुगेको तीन महिना पछाडिसम्मको अवधिमा टाँचा लगाउन उपनियम (१) ले बाधा पुऱ्याएको मानिनेछैन।

(२) उप-नियम (१) ❖वा उपनियम (१क) बमोजिम जाँचिने नाप तौल र नाप्ने तौलने यन्त्र सफा तथा पूर्ण अवस्थामा हुनुपर्छ र त्यस्तो यन्त्रको संज्ञा वा क्षमता पूरा अङ्कित भएकको नदेखिएमा अनुसूची-६ मा दिइएबमोजिम छोटकरीमा संज्ञा वा क्षमता अङ्कित हुनुपर्छ।

१२. **नाप तौलमा टाँचा लगाउने**: (१) निरीक्षकले कुनै पनि नाप तौल र नाप्ने तौलने यन्त्रमा टाँचा लगाउनु अघि त्यस्ता नाप तौल र नाप्ने तौलने यन्त्र ऐन र यी नियमहरुबमोजिम भए नभएको हेर्नुपर्छ।

(२) नाप तौल र नाप्ने तौलने यन्त्रमा सो यन्त्र बनाउने व्यापारीको टाँचा निरीक्षकको टाँचासँग मिलेको हुनुहुँदैन।

(३) निरीक्षकले आफ्नो समक्ष जाँचको निमित्त ल्याएको नाप तौल र नाप्ने तौलने यन्त्रमा अनुसूची-७ बमोजिमको टाँचा लगाउनु पर्छ।

तर नाप तौल र नाप्ने तौलने यन्त्र व्यापारिक प्रचलनमा ल्याउँदा खिइने वा घिसिन जाने वा बलियो नभएको भन्ने लागेमा त्यस्तो नाप तौल र नाप्ने तौलने यन्त्रमा टाँचा लगाउनु हुँदैन।

(४) निरीक्षकले उप-नियम (३) बमोजिम टाँचा लगाउँदा काँचको, माटोको इनामेल पोतिएको ग्राहिता नाप बाहेकका नाप तौल र नाप्ने तौलने यन्त्रमा यथासम्भव जाँचको मिति समेतको टाँचा लगाउनु पर्छ।

(५) निरीक्षकले जाँच र टाँचा लगाउने काम सकेपछि सम्बन्धित व्यापारीलाई नाप तौल र नाप्ने तौलने यन्त्र जाँच गरेको अनुसूची-८ बमोजिमको प्रमाणपत्र दिनु पर्छ।

❖ चौथो संशोधनद्वारा थप ।

(६) उप-नियम (५) बमोजिम प्राप्त प्रमाणपत्र नाप तौल र नाप्ने तौलने यन्त्र प्रयोग गरिने स्थानमा सबैले देख्ने गरी राख्नु पर्छ र अस्थायी फिरन्ता व्यापारीले यस्तो प्रमाणपत्र आफ्नो साथमा राख्नु पर्छ।

१३. **निरीक्षकलाई आवश्यक सामान दिइने:** निरीक्षकलाई यी नियमहरु बमोजिम जाँच गर्न आवश्यक सङ्ख्यामा स्टाण्डर्ड नाप तौल र नाप्ने तौलने यन्त्र जाँच गरेपछि लगाउने टाँचा र अरु आवश्यक सामानहरु दिइनेछ।

१४. **जाँच, टाँचा आदिको दस्तूर:** (१) निरीक्षकको समक्ष जाँचको लागि ल्याइएको नाप तौल र नाप्ने तौलने यन्त्रमा जाँच र टाँचा लगाइए बापत अनुसूची-९ बमोजिमको दरले दस्तूर लिइनेछ।

❖(१क) नियम ११ को उपनियम (१क) बमोजिम टाँचा लगाउँदा उपनियम (१) बमोजिम लाग्ने दस्तूरको अतिरिक्त एक वर्षभित्र भए एक सय रुपैयाँसम्म, दुई वर्षभित्र भए एक सय रुपैयाँदेखि दुई सय पचास रुपैयाँसम्म, तीन वर्षभित्र भए दुईसय पचास रुपैयाँदेखि चार सय पचास रुपैयाँ सम्म, चारवर्ष भित्र भए चार सय पचास रुपैयाँ देखि सात सय रुपैयाँसम्म र पाँच वर्षभित्र सात सय रुपैयाँदेखि एक हजार रुपैयाँसम्म जरिवाना लिइनेछ।

(२) नाप तौल वा नाप्ने तौलने यन्त्र प्रयोग गर्नेले आफ्नो प्रयोग स्थानमै जाँच गराउन वा टाँचालगाउन निरीक्षकलाई निवेदन दिएमा अनुसूची-९ मा उल्लिखित दरमा पचास प्रतिशत थप दस्तूर र निरीक्षकलाई आउने जाने खर्च, जाँच गर्न र टाँचालगाउन चाहिने कार्यकारी स्टाण्डर्ड र नाप्ने तौलने यन्त्र ल्याउँदा वा लैजाँदा लाग्ने ढुवानी खर्च व्यहोर्नु पर्नेछ।

तर देहायका वस्तुहरु जाँचपास गर्दा यो उप-नियम बमोजिम अतिरिक्त दस्तूर लिइने छैनः—

α(क) पेट्रोलियम पदार्थ बोक्ने गाडी, पेट्रोल पम्प, तौलने पुल, अचल मञ्चयुक्त तौलने यन्त्र र नियन्त्रकले तोकिदिएका अन्य यस्तै यन्त्रहरु,

❖ चौथो संशोधनद्वारा थप ।

α चौथो संशोधनद्वारा संशोधित।

(ख) निर्माता र विक्रेताले बिक्री गर्न राखेका नाप तौल र नाप्ने तौलने यन्त्र।

(३) उप-नियम (१) र (२) मा जुनसुकै कुरा लेखिए तापनि जाँच गरी टाँचा लगाइएको नाप तौल वा नाप्ने तौलने यन्त्रमा नियम १५ बमोजिम टाँचा नमेटिएको वा नियम ११ मा उल्लिखित अवधिभित्र लगाइएको टाँचा मेटिई सो अवधिभित्र पुनः टाँचा मार्नु पर्ने भए कुनै दस्तूर लिइने छैन।

α(४) कुनै पनि नाप तौल वा नाप्ने तौलने यन्त्र नियम ११ बमोजिम जाँच गर्दा घटीबढी देखिएमा त्यस्तो नाप तौल वा नाप्ने तौलने यन्त्र सम्बन्धित व्यक्तिलाई मिलान गर्न फिर्ता दिइनेछ र निजले आवश्यक मिलान गरी सात दिनभित्र त्यस्तो नाप तौल वा नाप्ने तौलने यन्त्र पुनः जाँचको लागि ल्याएमा जाँच गरिदिनु पर्नेछ र ठीक देखिए टाँचा लगाइ दिनु पर्नेछ।

❖(५) उपनियम (४) बमोजिम नाप तौल वा नाप्ने तौलने यन्त्र मिलान गर्न फिर्ता दिंदा दुई पटक सम्ममा पनि मिलान गर्न नसकेमा त्यस्तो नाप तौल वा नाप्ने तौलने यन्त्र प्रयोगमा ल्याउन पाइने छैन।

१५. <u>टाँचा मेट्न सकिनेः</u> निरीक्षकले देहायका अवस्थामा नाप तौल र नाप्ने तौलने यन्त्रमा लागेको टाँचा मेटी रद्द गर्न सक्नेछः—

(क) नाप तौल र नाप्ने तौलने यन्त्र ऐन र यी नियमहरु बमोजिम नभएको, वा

(ख) नाप तौल र नाप्ने तौलने यन्त्र भाँचिएको फुटेको वा चोइटिएको वा अरु कुनै कारणले त्रुटिपूर्ण भएको, वा

(ग) नाप तौल र नाप्ने तौलने यन्त्र यी नियमहरुमा तोकिएको अवधिभित्र पुनः जाँच र टाँचा लगाउनको निमित्त नल्याइएको, वा

(घ) नाप तौल र नाप्ने तौलने यन्त्रमा घटीबढीको हद यी नियमहरुमा तोकिएको घटीबढीको हदभन्दा बढी भएको।

तर यो खण्ड बमोजिम घटीबढी हद भएका नाप्ने तौलने यन्त्रलाई निरीक्षकले १५ दिनभित्र मिलाई ल्याउन लिखित आदेश दिन सक्नेछ र

❖ चौथो संशोधनद्वारा थप ।

नेपाल कानून आयोग

सो अवधिभित्र मिलाई ल्याएका नाप तौल र नाप्ने तौलने यन्त्र ठीक देखिए टाँचा मेटी रद्द गर्न हुँदैन।

१६. **नाप तौल र नाप्ने तौलने यन्त्र जफत र रोक्का गर्नेः** [α](१) देहायको अवस्थामा नाप तौल वा नाप्ने तौलने यन्त्र जफत गर्न वा त्यसबाट गरिने कारोबार रोक्का गर्न सकिनेछः-

(क) कीर्ते वा त्रुटिपूर्ण भएको,

(ख) छलकपट गरी प्रयोग गरिएको,

(ग) टाँचा नलगाइएको,

(घ) कीर्ते टाँचालगाइएको वा एक अर्कोको टाँचा सारिएको वा

(ङ) नियम १० को उपनियम (१) र उपनियम (३) बमोजिम नभएको।

(२) उप-नियम (१) बमोजिम जफत वा रोक्का गरिएका नाप तौल र नाप्ने तौलने यन्त्र अदालतमा पेश गर्न आवश्यकता नभएमा रोक्का वा जफत गरेको एक महीनापछि [α]नियन्त्रकले दिएको निर्देशन बमोजिम गर्नुपर्छ।

१७. **अनुमतिपत्र दिने सम्बन्धमाः** [α](१) नाप तौल वा नाप्ने तौलने यन्त्र प्रयोग गर्नु अघि त्यस्तो नाप तौल वा नाप्ने तौलने यन्त्र खरीद गरेको पैंतीस दिनभित्र निरीक्षक समक्ष निवेदन दिई ऐनको दफा २५ बमोजिम अनुमतिपत्र लिनु पर्नेछ।

(२) उप-नियम (१) बमोजिम निवेदन प्राप्त भएपछि निरीक्षकले रु. ५।— दस्तूर लिई सम्बन्धित व्यापारी तथा व्यवसायीको नाम छुट्टै रजिष्टर किताबमा दर्ता गरी अनुसूची-१० बमोजिमको अनुमतिपत्र दिनुपर्छ।

[❖](३) उपनियम (२) बमोजिम अनुमतिपत्र प्राप्त गर्ने व्यापारी वा व्यवसायीले नाप तौल वा नाप्ने तौलने यन्त्रमा टाँचा लगाउनु पर्ने म्यादभित्र आफ्नो व्यापार वा व्यवसाय छाडी सो नाप तौल वा नाप्ने तौलने यन्त्र अन्य कुनै व्यापार वा व्यवसाय गर्ने व्यक्तिलाई दिएमा सो प्राप्त गर्ने व्यापारी वा व्यवसायीले नियम ११ बमोजिम टाँचा लगाउनु पर्नेछ।

α चौथो संशोधनद्वारा संशोधित।

❖ चौथो संशोधनद्वारा थप ।

❖(४) उपनियम (२) बमोजिम अनुमति प्राप्त गर्ने व्यापारी वा व्यवसायीहरुले आफ्नो व्यापार तथा व्यवसाय छोड्दा त्यसको सूचना कार्यालयलाई दिनु पर्नेछ।

❖(५) उपनियम (४) बमोजिम सूचना प्राप्त भएमा वा नियम ११ को उपनियम (१क) को म्यादभित्र पनि टाँचा नलगाएमा त्यस्ता व्यापारी वा व्यवसायीले उपनियम (२) बमोजिम प्राप्त गरेको अनुमतिपत्र रद्द हुनेछ।

∉**१७क.** **नमुनाको अनुमति (मोडेल एप्रुभल) को लागि निवेदन दिनु पर्नेः** (१) ऐनको दफा २६क. बमोजिम नमुनाको अनुमति (मोडेल एप्रुभल) लिन चाहने व्यक्ति वा संस्थाले त्यस्तो अनुमतिको लागि देहाय बमोजिमका कागजात र नमुना परीक्षण वा जाँच शुल्क बापत पच्चीस हजार रुपैयाँ बुझाएको निस्सा संलग्न गरी अनुसूची-१०क. बमोजिमको ढाँचामा विभागमा निवेदन दिनु पर्नेछः-

(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(ख) निवेदक विदेशी नागरिक भए राहदानीको प्रतिलिपि,

(ग) निवेदक उद्योग, फर्म वा कम्पनी भएमा त्यस्तो उद्योग, फर्म वा कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि, र

(घ) पैठारी गर्ने नाप्ने वा तौलने यन्त्रको हकमा सो यन्त्र उत्पादन हुने मुलुकको सम्बन्धित निकायबाट वा कानूनी नाप तौल विज्ञानको अन्तर्राष्ट्रिय संस्थाको व्यवस्था अनुसार त्यस्तो नाप्ने वा तौलने यन्त्रको नमुनाको अनुमति (मोडेल एप्रुभल) प्राप्त भइसकेको भएमा सोको प्रमाणपत्र र जाँच प्रतिवेदन लगायतका अन्य उपयोगी कागजात।

(२) अनुमति लिन चाहने व्यक्तिले उपनियम (१) बमोजिमको निवेदन साथ नाप्ने वा तौलने यन्त्रको नमुना (मोडेल) विभागमा पेस गर्नु पर्नेछ।

(३) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि नाप्ने वा तौलने यन्त्रको प्रकृति वा आकारको कारणले त्यस्तो यन्त्र विभाग वा प्रयोगशालामा पेस गर्न नसक्ने अवस्था भएमा विभागबाट खटिने प्राविधिकले त्यस्तो यन्त्र जडान भएको स्थानमा गई स्थलगत परीक्षण गर्न सक्नेछ।

∉ छैटौं संशोधनद्वारा थप।

(४) उपनियम (३) बमोजिम स्थलगत परीक्षण गर्न चाहिने स्टाण्डर्ड र नाप्ने वा तौलने यन्त्र ल्याउँदा वा लैजाँदा लाग्ने ढुवानी खर्च र परीक्षणको लागि खटिने कर्मचारीले भ्रमण खर्च सम्बन्धी प्रचलित कानून बमोजिम पाउने दैनिक भ्रमण खर्च तथा भत्ता सम्बन्धित निवेदकले व्यहोर्नु पर्नेछ।

(५) उपनियम (३) बमोजिमको स्थलगत परीक्षण नाप्ने वा तौलने यन्त्र जडान भएको मितिले पैंतिस दिनभित्र सुरु गर्नु पर्नेछ।

(६) उपनियम (२) बमोजिम पेस भएको यन्त्रको नमुना विभागले निर्णय गरेको मितिले तीस दिनभित्र फिर्ता लैजानु पर्नेछ।

(७) उपनियम (६) बमोजिमको अवधिभित्र सम्बन्धित निवेदकले यन्त्रको नमुना फिर्ता नलगेमा विभागले त्यस्तो यन्त्रको नमुना जफत गरी प्रयोग गर्न नमिल्ने बनाई लिलाम बिक्री गर्न सक्नेछ।

(८) उपनियम (७) बमोजिम लिलाम बिक्री गर्दा लागेको खर्च निवेदकले व्यहोर्नु पर्नेछ।

(९) उपनियम (१) बमोजिमको निवेदन विभागले निर्धारण गरेको विद्युतीय माध्यमबाट समेत दिन सकिनेछ।

∉**१७ख.<u>परीक्षण वा जाँच गराउनु पर्ने</u>:** (१) नियम १७क. बमोजिम नाप्ने वा तौलने यन्त्रको नमुनाको अनुमति (मोडेल एप्रुभल) को लागि निवेदन परेपछि विभागले त्यस्तो नमुना प्रयोगशालामार्फत अनुसूची-१०ख. बमोजिम परीक्षण वा जाँच गराउनु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको परीक्षण वा जाँच सम्पन्न भएपश्चात् प्रयोगशालाले राय सहितको प्रतिवेदन विभागमा पेस गर्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिम विभागमा पेस भएको प्रतिवेदनको आधारमा थप परीक्षण वा जाँच गर्नु पर्ने देखिएमा विभागले थप परीक्षण वा जाँच गर्नको लागि प्रयोगशालालाई निर्देशन दिन सक्नेछ।

(४) उपनियम (३) बमोजिम थप परीक्षण वा जाँच गर्नको लागि निर्देशन प्राप्त भएमा प्रयोगशालाले पन्ध्र दिनभित्र पुनः परीक्षण वा जाँच गरी प्रतिवेदन पेस गर्नु पर्नेछ।

∉ छैटौं संशोधनद्वारा थप।

(५) उपनियम (१) बमोजिम नमुनाको ढुवानी, परीक्षण वा जाँच गर्दा सावधानीपूर्वक गर्नु पर्नेछ।

तर यन्त्रको गुणस्तर कमसल, गलत जडान वा अन्य कुनै कारणले त्यस्तो यन्त्रमा क्षति पुगेमा परीक्षण गर्ने कर्मचारी तथा विभाग जिम्मेवार हुने छैन।

(६) नाप्ने वा तौलने यन्त्र उत्पादन भएको मुलुकको सम्बन्धित आधिकारिक निकायबाट वा कानूनी नाप तौल विज्ञानको अन्तर्राष्ट्रिय संस्थाको व्यवस्था बमोजिम नमुनाको अनुमति (मोडेल एप्रुभल) प्राप्त भई पैठारी गरिएका नाप्ने वा तौलने यन्त्रको हकमा अनुसूची-१०ख. बमोजिमका परीक्षण वा जाँच गर्न आवश्यक ठानेका विषयमात्र परीक्षण वा जाँच गरिनेछ र सो अनुसूचीमा रहेका सबै परीक्षण वा जाँच गर्न अनिवार्य हुने छैन।

∉**१७ग.** **<u>नमुनाको अनुमतिपत्र दिनु पर्ने:</u>** (१) नियम १७क. बमोजिमको निवेदन बमोजिम नाप्ने वा तौलने यन्त्रको नमुना नियम १७ख. बमोजिम परीक्षण वा जाँच गर्दा नमुनाको अनुमतिपत्र जारी गर्न मनासिब देखिएमा विभागले प्रतिवेदन पेस भएको मितिले पन्ध्र दिनभित्र निवेदकलाई अनुसूची-१०ग. बमोजिमको ढाँचामा नमुनाको अनुमतिपत्र दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम जारी भएको नमुनाको अनुमतिपत्र र सोको विवरण विभागको वेबसाइटमा राखीनेछ।

(३) नियम १७ख. बमोजिम नाप्ने वा तौलने यन्त्रको नमुना परीक्षण वा जाँच गर्दा त्यस्तो नमुनाको अनुमति (मोडेल एप्रुभल) दिन नमिल्ने गरी विभागले निर्णय गरेमा त्यस्तो निर्णय भएको मितिले सात कार्य दिनभित्र कारण सहितको जानकारी सम्बन्धित निवेदकलाई दिनु पर्नेछ।

(४) नमुनाको अनुमति (मोडेल एप्रुभल) को लागि दिइने चिन्हमा राष्ट्रिय पहिचानको लागि अङ्ग्रेजीमा NP अक्षर त्यसपछि जारी गरिएको अङ्ग्रेजी वर्षको अन्तिम दुई अङ्क र मोडेललाई दिइएको कोड सङ्ख्या उल्लेख गर्नु पर्नेछ।

तर त्यस्तो यन्त्र पैठारी गरिने भएमा अङ्ग्रेजी वर्षको अन्तिम दुई अङ्क पछि अङ्ग्रेजीमा “IM” लेखिनेछ।

<u>उदाहरण:</u>

∉ छैटौं संशोधनद्वारा थप।

उत्पादनको लागिः- NP/23/XXXX

पैठारीको लागिः- NP/23/IM XXXX

(५) उपनियम (४) बमोजिम दिइएको नमुनाको अनुमति (मोडेल एप्रुभल) को चिन्ह नाप्ने वा तौलने यन्त्रमा प्रष्ट बुझिने गरी लगाउनु पर्नेछ।

(६) यस नियमावली बमोजिम विभागबाट कसैले एक पटक नमुनाको अनुमतिपत्र लिइसकेको नाप्ने वा तौलने यन्त्रको लागि पुनः नमुनाको अनुमतिपत्र लिनु पर्ने छैन।

[∉]**१७घ.**<u>**नमुनाको अनुमतिपत्र निलम्बन वा रद्द हुनेः**</u> (१) देहायको अवस्थामा विभागले नमुनाको अनुमतिपत्र निलम्बन गर्न सक्नेछः-

(क) उत्पादक वा पैठारीकर्ताले नमुनाको अनुमतिपत्रमा उल्लिखित सर्तको पालना नगरेमा,

(ख) नमुनाको अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थाले ऐन वा यस नियमावलीको प्रतिकूल काम कारबाही गरेमा,

(ग) उत्पादक वा पैठारीकर्ताले विभागबाट समय समयमा दिइएको निर्देशनको पालना नगरेमा।

(२) देहायको अवस्थामा विभागले नमुनाको अनुमतिपत्र रद्द गर्न सक्नेछः-

(क) नाप्ने वा तौलने यन्त्रको निर्माण नमुनाको अनुमति (मोडेल एप्रुभल) बमोजिम नभएमा,

(ख) प्रयोगको क्रममा नाप्ने वा तौलने यन्त्रको विश्वसनीयता, सत्यता (एक्विरेसी) वा कार्यसम्पादनमा त्रुटि देखिएमा,

(ग) निर्माता, पैठारीकर्ता वा प्रयोगकर्ताले नमुनाको अनुमति (मोडेल एप्रुभल) अनुसारको डिजाइन वा सर्किट डायग्राममा परिवर्तन गरेमा,

(घ) निलम्बन गरी कुनै शर्त वा मापदण्ड पालना गर्न अवधि तोकी निर्देशन दिइएकोमा त्यस्तो अवधिभित्र विभागले दिएको निर्देशन पालना नगरेमा।

[∉] छैटौं संशोधनद्वारा थप।

नेपाल कानून आयोग

(३) उपनियम (१) वा (२) बमोजिम नमुनाको अनुमतिपत्र निलम्बन वा रद्द गर्नु अघि विभागले निलम्बन वा रद्द गर्नु पर्ने कारण खुलाई निलम्बन वा रद्द गर्नु नपर्ने कुनै आधार र प्रमाण भएमा सो समेत संलग्न गरी सफाइ पेस गर्नको लागि बढीमा पन्ध्र दिनको अवधि दिई नमुनाको अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थालाई लिखित जानकारी दिनु पर्नेछ।

(४) उपनियम (३) बमोजिम दिइएको अवधिभित्र सफाइ पेस नगरेमा वा पेस गरे पनि सफाइको व्यहोरा सन्तोषजनक नभएमा विभागले देहायको निर्णय गर्न सक्नेछ:-

(क) उपनियम (१) बमोजिमको निलम्बनको कारबाहीको हकमा सुधार गर्नु पर्ने विषय वा पालना गर्नु पर्ने सर्त पालना नभएको भएमा त्यस्तो विषय वा सर्तको पालना गर्न अवधि उल्लेख गरी सम्बन्धित व्यक्ति वा संस्थालाई निर्देशन दिई त्यस्तो अवधिसम्म नमुनाको अनुमतिपत्र निलम्बन गर्ने,

(ख) उपनियम (२) बमोजिमको कारबाहीको हकमा नमुनाको अनुमतिपत्र रद्द गर्ने।

(५) उपनियम (४) को खण्ड (क) बमोजिम विभागले निर्देशन दिएको सुधार गर्नु पर्ने विषय वा पालना गर्नु पर्ने सर्त पालना गरी सम्बन्धित व्यक्ति वा संस्थाले नमुनाको अनुमतिपत्रको निलम्बन फुकुवा गर्न विभागमा निवेदन दिनु पर्नेछ।

(६) उपनियम (५) बमोजिम प्राप्त निवेदन उपर विभागले जाँच गर्दा निवेदकले ऐन तथा यस नियमावली बमोजिमको सुधार गर्नु पर्ने विषयमा सुधार गरेको वा पालना गर्नु पर्ने सर्त पूरा गरेको पाइएमा नमुनाको अनुमतिपत्रको निलम्बन फुकुवा गरिदिनेछ।

(७) उपनियम (४) बमोजिम नमुनाको अनुमतिपत्र निलम्बन भएकोमा निलम्बनको अवधिभर र रद्द भएकोमा रद्द भएको मितिदेखि त्यस्तो नाप्ने वा तौलने यन्त्र उत्पादन वा पैठारी गर्न पाइने छैन।

(८) उपनियम (४) बमोजिम नमुनाको अनुमतिपत्र निलम्बन वा रद्द भएको जानकारी विभागले कार्यालय र सम्बन्धित निकायमा पठाई विभागको वेबसाइटमा समेत राख्नु पर्नेछ।

∉**१७ङ.जानकारी गराउनु पर्ने:** यस नियमावली बमोजिम नमुनाको अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थाले उत्पादन वा पैठारी गरेको त्यस्तो नमुना उत्पादन गर्न, पैठारी गर्न वा प्रचलनमा ल्याउन छोडेमा सोको जानकारी विभागलाई गराउनु पर्नेछ।

१८. इजाजतपत्र सम्बन्धी व्यवस्था: α(१) नाप तौल वा नाप्ने तौलने ♠यन्त्र बनाउन वा पैठारी गर्न, मर्मत गर्न, बिक्री गर्न वा सेवा प्रदान गर्न चाहने व्यापारीले इजाजतपत्रको लागि नाप तौल वा नाप्ने तौलने ♠यन्त्र बनाउन वा पैठारी गर्न अनुसूची ११ (क), मर्मत गर्न अनुसूची-११ (ख), बिक्री गर्न अनुसूची-११ (ग) र सेवा प्रदान गर्न अनुसूची-११ (घ) बमोजिमको ढाँचामा निरीक्षक समक्ष निवेदन दिनु पर्नेछ।

α(२) उपनियम (१) बमोजिमको विवरण सहितको निवेदन प्राप्त भएपछि निरीक्षकले सम्बन्धित व्यापारीलाई अनुसूची-११ (ङ) बमोजिमको धरौटी रकम र दस्तूर लिई अनुसूची-१२ बमोजिमको इजाजतपत्र दिनेछ।

(३) उप-नियम (२) बमोजिम प्राप्त इजाजतपत्र प्रत्येक वर्ष नवीकरण गर्न अनुसूची-१३ बमोजिमको विवरणसहित निवेदन αनिरीक्षकसमक्ष दिनु पर्छ। αनिरीक्षकले पनि उपनियम (२) बमोजिमको दस्तूर लिई इजाजतपत्र नवीकरण गरी दिनुपर्छ।

(४) उप-नियम (२) बमोजिमको इजाजतपत्र व्यापारी तथा व्यवसायीले आफ्नो बनाउने मर्मत गर्ने αबिक्री गर्ने वा सेवा प्रदान गर्ने स्थानमा सबैले देख्ने गरी राख्नुपर्छ।

(५) उप-नियम (२) बमोजिम इजाजत प्राप्त व्यापारी तथा व्यवसायीले ♠आफूले बनाएको वा पैठारी गर्न, मर्मत गरेको वा बिक्री गर्न राखेको नाप तौल वा नाप्ने तौलने यन्त्रको αविभागद्वारा निर्धारित तरीकामा अभिलेख राख्नुपर्छ र त्यस्तो अभिलेख निरीक्षकले मागेको बखत निजसमक्ष पेश गर्नुपर्छ।

(६) αनिरीक्षकले उप–नियम (२) बमोजिम इजाजतपत्र प्राप्त व्यापारी तथा व्यवसायीले चाहिने वर्कशप र स्टाफको व्यवस्था गर्न नसकेमा वा ऐन र यी नियमहरु उल्लंघन गरेमा त्यस्तो व्यापारी तथा व्यवसायीको इजाजतपत्र खोस्ने, स्थगित गर्ने वा नवीकरण नगर्ने आदेश दिन सक्नेछ αर धरौटी रकम समेत जफत गर्न सक्नेछ।

∉ छैटौं संशोधनद्धारा थप।

♠ छैटौं संशोधनद्धारा संशोधन।

α चौथो संशोधनद्वारा संशोधित।

तर, त्यस्तो व्यापारी तथा व्यवसायीलाई आफ्नो सफाइ पेश गर्ने मौका नदिई त्यस्तो आदेश दिइने छैन।

(७) [α]निरीक्षकले उप–नियम (२) बमोजिम इजाजतपत्र प्राप्त व्यापारी तथा व्यवसायीको अभिलेख अनुसूची–१४ बमोजिमको ढाँचामा राख्न वा राख्न लगाउनुपर्छ।

❖१९. **अनुसूचीमा हेरफेर गर्न सक्नेः** यी नियमहरुका अनुसूचीहरुमा नेपाल सरकारले आवश्यकता अनुसार थपघट वा हेरफेर गर्न सक्नेछ।

नेपाल कानून आयोग

❖ चौथो संशोधनद्वारा थप ।

द्रष्टव्यः– (१) केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा रुपान्तर भएका शब्दहरुः–
"श्री ५ को सरकार" को सट्टा "नेपाल सरकार" ।

(२) छैटौं संशोधनद्धारा रुपान्तरण भएका शब्दहरुः-

(क) "नेपाल गुणस्तर तथा नापतौल विभाग" को सट्टा "विभाग"।

(ख) "अञ्चल" को सट्टा "प्रदेश"।

(ग) "नगर/गाउँ" को सट्टा "नगरपालिकापालिका/गाउँपालिकापालिका"।

(घ) "उद्योग मन्त्रालय" को सट्टा "उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय"।

अनुसूची—१

(नियम ४ को [α]उपनियम (१) सँग सम्बन्धित)

प्रमुख स्टाण्डर्ड तौलहरुः—

(१) वस्तुः—

किलोग्राम श्रेणी	ग्राम श्रेणी	मिलिग्राम श्रेणी
किलो	ग्राम	मिलिग्राम
२०	५००	५००
१०	२००	२००
५	२००	२००
२	१००	१००
२	५०	५०
१	२०	२०
	२०	२०
	१०	१०
	५	५
	२	२
	२	२
	१	१

(२) **पदार्थः** २० किलोग्रामदेखि १० मिलिग्राम सम्मको तौलहरु स्टेनलेस स्टीलको हुनेछन् र ५ मिलिग्रामदेखि १ मिलिग्रामसम्मको तौलहरु शुद्ध आलुमिनियमको हुनेछन् ।

(३) २० किलोग्रामदेखि १० ग्रामसम्मको तौलहरुमा मिलान गर्ने व्यवस्था हुनेछ। मिलान गर्ने पदार्थको रुपमा सीसा प्रयोग गरिने छैन ।

(४) **मान्यता दिइएको हदः—**

मान्यता दिइएको घटीबढीका हदहरु नेपाल सरकार नाप तौल विभागले निर्धारित गरे बमोजिम हुनेछ । तर, यी हदहरु माध्यमिक स्टाण्डर्डको हदभन्दा घटी हुनेछ ।

α चौथो संशोधनद्वारा संशोधित।

नेपाल कानून आयोग

अनुसूची—२

(नियम ५ को [α]उपनियम (१) सँग सम्बन्धित)

माध्यमिक स्टाण्डर्ड तौलहरुः—

(१) **संज्ञाः—**

किलोग्राम श्रेणी (किलो)	ग्राम श्रेणी (ग्राम)	मिलिग्राम श्रेणी (मि.ग्राम)
१०	५००	५००
५	२००	२००
२	२००	२००
२	१००	१००
१	५०	५०
	२०	२०
	२०	२०
	१०	१०
	५	५
	२	२
	२	२
	१	१

(२) **पदार्थः—** (अ) १० किलोग्रामदेखि १ किलोग्रामसम्मका तौलहरु निम्न बमोजिमको निस्तुक भागको काँसबाट ढालेर बनाइएका हुनेछन् ।

निस्तुक भाग	प्रतिशत
राँग	९.५०—१०.५०
जस्ता	१.५—२.५
सीसा (बढीमा)	०.५
निक्केल (बढीमा)	१.०
अरु तत्व	०.१
तामा	बाँकी

(आ) ५०० मि.ग्रा. देखि ५० मि. ग्रा. सम्मको तौलहरु निम्नअनुसार निस्तुक भागको क्यूप्रोनिकेलको हुनेछन् ।

α चौथो संशोधनद्वारा संशोधित।

तामा	७९—८१ प्रतिशत
निक्केल	१९—२१ ऐ.
अरु तत्व	१.५ प्रतिशतभन्दा बढी हुनुहुँदैन ।

(इ) २० मि. ग्रा. देखि १ मि.ग्रा. सम्मको तौलहरु व्यवसायिक शुद्ध आलुमिनियम पाताबाट बनेका हुनेछन् । सो शुद्ध आलुमिनियममा तामा, फलाम र सिलिकन ०.३ प्रतिशतभन्दा बढी हुनुहुँदैन ।

(३) <u>आकारः</u>— (अ) किलोग्राम र ग्राम श्रेणीका तौलहरु माथि चेप्टो गट्टावाल, सिलिण्ड्रिकल आकारका हुनेछन् । १० किलोग्रामदेखि १०० ग्रामसम्मको तौलहरुमा मिलान गर्ने व्यवस्था हुनेछ । मिलान गर्ने पदार्थको रुपमा सीसा प्रयोग गरिने छैन ।

(आ) मिलिग्राम श्रेणीका तौलहरु एक कुना समकोण पर्ने गरी मोडिएको वर्गाकारका हुनेछन् ।

(इ) तौलहरुमा संज्ञाहरु अङ्कित गरिएका हुनेछन्।

(४) <u>मान्यता दिइएको हदः</u>—

मान्यता दिइएको घटीबढीको हदहरु निम्न बमोजिम हुनेछन् ।

संज्ञा	हद		संज्ञा	हद	
	घटी	बढी		घटी	बढी
१० किलोग्राम	२५ मिग्रा	५० मिग्रा	५०० मिग्रा	०.२ मिग्रा	०.४ मिग्रा
५ ,,	१२.५ ,,	२५ ,,	२०० ,,	०.१ ,,	०.२ ,,
२ ,,	७.५ ,,	१५ ,,	१०० ,,	०.१ ,,	०.२ ,,
१ ,,	५ ,,	१० ,,	५० ,,	०.०५ ,,	०.१ ,,
५०० ग्राम	२.५ ,,	५ ,,	२० ,,	०.०५ ,,	०.१ ,,
२०० ,,	२ ,,	४ ,,	१० ,,	०.०२ ,,	०.०५ ,,
१०० ,,	१.५ ,,	३ ,,	५ ,,	०.०२ ,,	०.०५ ,,
५० ,,	१ ,,	२ ,,	२ ,,	०.०२ ,,	०.०५ ,,
२० ,,	०.७५ ,,	१.५ ,,	१ ,,	०.०२ ,,	०.०२ ,,
१० ,,	०.५ ,,	१ ,,			
५ ,,	०.४ ,,	०.८ ,,			
२ ,,	०.३ ,,	०.६ ,,			
१ ,,	०.२ ,,	०.४ ,,			

खण्ड २

माध्यमिक स्टाण्डर्ड आयतन नापहरुः—

१. **संज्ञा**ः-

लिटर श्रेणी (लि)	मिलिलिटर श्रेणी (मिलि)
५	५००
२	२००
१	१००
	५०
	२०

२. **पदार्थ**ः- माध्यमिक स्टाण्डर्ड आयतन नापहरु माध्यमिक स्टाण्डर्ड तौलहरु तयार गर्न प्रयोग गरिएको निस्तुक भागको काँसबाट ढलान गरी बनाइएका हुनेछन् ।

३. **आकार**ः- (क) ५ लिटरको नाप सिलिन्ड्रिकल हुनेछ र यसको भित्री व्यासको नाप उचाइ बराबर हुनेछ । यसमा दुइवटा हान्डलहरु दायाँबायाँ जडिएको हुनेछ ।

(ख) २ लिटर र सोभन्दा मुनिको नापहरुको आकार माथिको सरह हुनेछन् तर, हान्डलहरु हुने छैनन् ।

(ग) नापहरुको संज्ञा बाहिरी सतहमा अङ्कित गरिएको हुनेछ ।

४. **मान्यता दिइएको हदः—**

मान्यता दिइएको घटी बढीको हदहरु तल दिइएबमोजिमका हुनेछ ।

संज्ञा	मान्यता दिएको घटीबढीको हद
५ लि.	२ मिलि
२ ,,	१ ,,
१ ,,	०.८ ,,
५०० मिलि	०.५ ,,
२०० ,,	०.४ ,,
१०० ,,	०.३ ,,
५० ,,	०.२ ,,
२० ,,	०.१ ,,

खण्ड ३

माध्यमिक स्टाण्डर्ड लम्बाइ नापः—

१. **पदार्थः—** ५८ प्रतिशत निक्केल स्टील ।

२. **खण्ड (सेक्शन)** :- ३० मि.मि.× × १५ मि.मि. को समकोण चतुर्भुज आकारको अनुप्रस्थ खण्ड भएको हुनेछ । माथिल्लो सतहमा लम्वाइतिर दुइवटा समकोण चतुर्भुज आकारको खाडलहरु हुनेछन् ।

३. **जम्मा लम्बाइः—** १०३० मिमि

४. **रेखाङ्कित लम्बाइः—** १०१० मिमि

५. **तयारीः—** चहकिलो ज्यादै टल्काइएको ।

६. **रेखाङ्कितः—** सबै लम्बाइमा मिमिमा रेखाङ्कित ।

७. **रेखाङ्कनको मोटाइः—** ३० माइक्रोन भन्दा कम ५० माइक्रोन भन्दा बढी नभएको ।

८. **त्रुटिको हदः—** रेखाङ्कनमा मान्यता दिएको सबभन्दा बढी त्रुटि (अ) कुनै दुईवटा सँगसँगैका मिमि चिन्हको बीचमा २५ माइक्रोन र साथै सो त्रुटि कुनै दुई सँगसँगैका सेमी चिन्हको बीचमा पनि २५ माइक्रोनभन्दा बढी नभएको र (आ) १० सेमीभन्दा बढी कुनै दुई चिन्हहरुको बीचमा ५० माइक्रोनभन्दा बढी हुनुहुँदैन ।

अनुसूची — ३

(नियम ६ को [α]उपनियम (१) सँग सम्बन्धित)

खण्ड १

कार्यकारी स्टाण्डर्ड तौलहरु

(१) संज्ञाः—

किलोग्राम श्रेणी (किलो)	ग्राम श्रेणी (ग्राम)	मिलिग्राम श्रेणी (मि.ग्राम)
२०	५००	५००
१०	२००	२००
५	२००	२००
२	१००	१००
२	५०	५०
१	२०	२०
	२०	२०
	१०	१०
	५	५
	२	२
	२	२
	१	१

(२) पदार्थः— (क) २० किलोग्रामदेखि १ ग्रामसम्मको तौलहरु तल लेखिएबमोजिम धातुहरुको निस्तुक भागको काँस वा क्यूप्रोनिक्केलबाट ढलान गरी तयार गरिएका हुनेछन्।

काँस

निस्तुक भाग	प्रतिशत
राँग	९.५०—१०.५०
जस्ता	१.५०—२.५०
सीसा (बढीमा)	०.५०
निक्केल (बढीमा)	१.००

α चौथो संशोधनद्वारा संशोधित।

अरु तत्व	०.१५
<u>क्यूप्रोनिक्केल</u>	
तामा	७९—८१ प्रतिशत
निक्केल	१९—२१ ऐ.
अरु तत्वहरु (बढीमा)	१.५ प्रतिशत

(ख) ५०० मिग्रादेखि १०० मिग्रासम्मको तौलहरु काँस को (माथिको निस्तुक भागको) पेलेर तयार गरेको पाताबाट बनेका हुनेछन् ।

(ग) ५० मिग्रादेखि १ मिग्रासम्मका तौलहरु व्यावसायिक शुद्ध आलमिनियम पाताबाट तयार गरिएको हुनेछ । सो आलमिनियममा तामा, सिलिकन र फलाम ०.३ प्रतिशतभन्दा बढी हुनेछैन ।

(३) <u>**आकार**ः</u>— (क) २० किलोग्राम र १० किलोग्रामका ढकहरु सिलिन्ड्रिकल आकारका हुनेछन् र दुई भाग गरी ढालिने छन् जसको माथिल्लो भाग तल्लो भागमा ठिक्क मिल्ने गरी पेचद्वारा कसिने हुनुपर्छ । उचाल्नको लागि माथिल्लो भाग हैण्डल आकारमा ढालिएको हुनुपर्छ । दुवै भागलाई मिलाएपछि पेचद्वारा नचल्ने गरी बन्द गरी त्यसमाथि जाँच गर्ने अधिकारीको टाँचा लगाइनुपर्छ ।

(ख) ५ किलोग्रामदेखि २०० ग्रामसम्मका सबै ढकहरु दुई भाग गरी ढालिने छन् र माथिल्लो आधा भाग तल्लो आधा भागमा पेचद्वारा ठिक्क मिल्ने गरी कसिने हुनुपर्छ । उचाल्नको निम्ति माथिल्लो आधा भागमा गट्टा (नव) रहने गरी ढालिएको हुनुपर्छ । मिलाएपछि पेचद्वारा नचल्ने गरी बन्द गरी त्यसमाथि जाँच गर्ने अधिकारीको टाँचालगाइनुपर्छ ।

(ग) १०० ग्रामदेखि १० ग्रामसम्मको ढकहरु माथि (ख) मा जस्तै हुनेछन् तर, तिनीहरुमा पेचद्वारा बन्द गर्ने कुनै प्रबन्ध हुनेछैन ।

(घ) ५ ग्रामदेखि १ ग्रामसम्मको ढकहरु पूर्णरुपले ठोस हुनेछन् ।

(ङ) ५०० मिलिग्रामदेखि १ मिलिग्रामसम्मको ढकहरु वर्गाकारका हुनेछन् र प्रयोग गर्ने सुविधाको निमित्त एकातिरको छेउको भाग सतह देखि समकोण हुने गरी उठाइएको हुनुपर्छ ।

(च) ढकहरुमा संज्ञा अङ्कित गरिएको हुनुपर्छ ।

(४) **मान्यता दिएका त्रुटिहरुः—** मान्यता दिइएको त्रुटिको घटीबढीको हद निम्न बमोजिमको हुनेछः-

मान्यता दिइने त्रुटिहरु

संज्ञा	घटीबढीमा (मिग्रा)
२० किलोग्राम	२००
१० ,,	१००
५ ,,	५०
२ ,,	३०
१ ,,	२०
५०० ग्राम	१०
२०० ,,	८
१०० ,,	६
५० ,,	४
२० ,,	३
१० ,,	२
५ ,,	१.६
२ ,,	१.२
१ ,,	०.८
५०० मि. ग्राम	०.८
२०० ,,	०.४
१०० ,,	०.४
५० ,,	०.२
२० ,,	०.२
१० ,,	०.१
५ ,,	०.१
२ ,,	०.१
१ ,,	०.०५

नेपाल कानून आयोग

खण्ड २

कार्यकारी स्टाण्डर्ड ग्राहिता नापहरुः—

१. **संज्ञाः—**

लिटर श्रेणी (लि.)	मिलिलिटर श्रेणी (मिलि)
१०	५००
५	२००
२	१००
१	५०
	२०

२. **पदार्थः—** कार्यकारी स्टाण्डर्ड ग्राहिता नापहरु अक्सिजन ग्याँस रहित नरम साधारणतया तन्काउँदा पनि नचुँडिने खालको तामा पाताबाट बनाइनु पर्छ ।

३. **आकारः—** (१) १० लिटरको कार्यकारी स्टाण्डर्ड ग्राहिता नाप दुवैपट्टि राम्ररी हैण्डल राखिएको सिलिन्ड्रिकल आकारको हुनुपर्छ ।

(२) अरु सबै कार्यकारी स्टाण्डर्ड ग्राहिता नापहरु सिलिण्ड्रिकल आकारका हुनेछन् । तर, तिनीहरुमा हैण्डल चाहि हुनेछैन । हरेक ग्राहिता नापको व्यास र उचाइ करीव करीव बराबर हुनुपर्छ र ग्राहिता नापहरु बलिया बनाइनुपर्छ ।

(३) कार्यकारी स्टाण्डर्ड ग्राहिता नापहरुको संज्ञा बाहिरी सतहमा कुँदिएको हुनुपर्छ ।

(४) कार्यकारी स्टाण्डर्ड ग्राहिता नापको बाहिरी अङ्ग अक्सिडाइज्ड गरेर सतह चिप्लो र कालो पारिएको हुनुपर्छ र भित्री सतहमा राँगले पोत्नुपर्छ ।

(५) हरेक कार्यकारी स्टाण्डर्ड ग्राहिता नापमा खासगरी त्यसैको भरिएको पानीको सतह मिलाउने गरी छानिएका एक एक वटा ऐना हुनुपर्छ र ग्राहिता नापहरु र ती ऐना राम्ररी मखमलले मोरिएको काठको बाकसमा राम्रोसँग राखिएको हुनुपर्छ ।

४. मान्यता दिइने त्रुटिहरुः—

मान्यता दिइने त्रुटिहरुः—

संज्ञा	घटी वा बढीमा (मिलि)
१० लिटर	८
५ „	४
२ „	२
१ „	१.५
५०० मि.लिटर	१.०
२०० „	०.८
१०० „	०.६
५० „	०.४
२० „	०.२

नेपाल कानून आयोग

खण्ड ३

कार्यकारी स्टाण्डर्ड लम्बाइ नापः—

१. **पदार्थः—** कार्यकारी स्टाण्डर्ड नाप शुद्ध निक्केलको (९९ प्रतिशत तर कोवाल्ट नभएको) बनाइनु पर्छ ।

२. **आकार र आयामः—**

स्टाण्डर्ड लम्बाइ नाप आयताकार अनुप्रस्थ खण्ड भएको हुनुपर्छ र उक्त अनुप्रस्थ खण्डको आयाम ३० मिमि × १५ मिमि हुनुपर्छ । जम्मा लम्बाइ १०३० मिमि हुनुपर्छ । स्टाण्डर्ड लम्बाइ नाप चम्किलो हुनुपर्छ ।

३. **(क) रेखाङ्कनः—** स्टाण्डर्ड लम्बाइ नाप १०१० मिमिसम्म ० रेखाभन्दा १० मिमि अघिदेखि १००० मिमिसम्म रेखाङ्कित गरिनुपर्छ । +१० मिमिदेखि —१० मिमिसम्म हरेक मिलिमिटरमा र १० मिलिमिटरदेखि १००० मिमिसम्म हरेक ५ मिमिमा रेखाङ्कित गरिनुपर्छ ।

(ख) रेखाहरुको चौडाइ ५० देखि ८० माइक्रोनको बीचमा हुनुपर्छ ।

(ग) रेखाहरुको लम्बाइ ।

हरेक मिलिमिटरमा	३ मिमि
हरेक ५ मिमिमा	५ मिमि
हरेक सेन्टिमिटरमा	८ मिमि

४. **घटीबढीको हदः—** ० मिमिदेखि १००० मिमिसम्ममा सबभन्दा बढी मान्यता दिइने त्रुटि ०.१ मिमि हुनेछ र हरेक सँगैको मिमि ५ मिमि हरेक सेमि र १० सेन्टीमिटरमा ०.०५ मिमि हुनेछ ।

५. **अङ्कित गर्ने तरीकाः—** स्टाण्डर्ड नापमा बनाउनेको चिन्ह हुनुपर्छ । चिन्ह लगाइएको अङ्क र अक्षरको उचाइ करीब ३ मिलिमिटरको हुनुपर्छ ।

६. **टाँचा लगाउने व्यवस्थाः** स्टाण्डर्ड नापमा टाँचा लगाउने फुलीको निमित्त तेर्सो परी भित्र गएको प्वाल हुनुपर्छ ।

७. स्टाण्डर्ड नाप टीकको काठको बाकसमा राखिनुपर्छ र ल्याउन लैजान सुविधा हुने गरी बाकसमा हैन्डल पनि हुनुपर्छ ।

❖अनुसूची– ३ (क)

(नियम ८ को उपनियम (३) सँग सम्बन्धित)

माध्यमिक स्टाण्डर्ड तराजु (काँटा) हरुको आवश्यकताहरु

१. माध्यमिक स्टाण्डर्ड तराजु भन्नाले कार्यकारी स्टाण्डर्डहरु जाँचका लागि प्रयोग गरिने तराजु सम्झनुपर्छ । सो माध्यमिक तराजुमा त्यसको क्षमता र सेन्सीटीभीटी उल्लेख गरी निम्न तालिका बमोजिमका आवश्यकताहरु पूरा गरेको हुनुपर्दछ ।

तालिका

क्षमता	सेन्सीटीभीटी मि.ग्रा.÷डिभिजन	न्यूनतम स्केल÷डिभिजन	सेन्सीटीभीटीको अधिकतम परिवर्तन (भएको अनुपातमा)	नापको न्यूनतम यथार्थता
२० किलोग्राम	२५	१.५ मिमि	१० प्रतिशत	२५ मि.ग्रा. १० किलोग्राममा
५ किलोग्राम	७.५	१.० ,,	,,	७.५ मि.ग्रा. २ किलोग्राममा
१ किलोग्राम	१.५	१.० ,,	,,	१.५ मि.ग्रा. ५०० ग्राममा
२०० ग्राम	०.५	१.० ,,	,,	०.५ मि.ग्रा. ५० ग्राममा
२० ग्राम	०.१	१.० ,,	,,	०.१ मि.ग्रा. ५ ग्राममा
२ ग्राम	०.०२	०.७५ ,,	,,	०.०२ मि.ग्रा. १ मि.ग्राममा

२. प्रत्येक माध्यमिक तराजुको १० क्रमिक विश्राम बिन्दुहरुको स्टाण्डर्ड डेभिएशन १ स्केल डिभिजनभन्दा बढी हुनुहुँदैन ।

३. समान बाहु भएका माध्यमिक तराजुहरुको बाहु समान वा बराबर नभएमा सेन्सीटीभीटीलाई पूर्ण भारले भाग गर्दा आउने भिन्नांश भन्दा बढी हुनुहुँदैन । भिन्नांशको हिसाब गर्दा इकाई समान हुनुपर्दछ ।

४. विभिन्न भारमा माध्यमिक तराजुहरुको चालू अवधि (**Time Period**) को फरक (**Variation**) २०% भन्दा बढी हुनुहुँदैन ।

❖ चौथो संशोधनद्वारा थप ।

५. माध्यमिक तराजु काम नलिइएको अवस्थामा त्यसको दुवै चक्कुधार सम्बन्धित बियरिंगको समतलबाट अलग हुन सक्ने हुनुपर्छ ।

६. माध्यमिक तराजुहरु सामान्यतः प्रयोगशालामा मात्र प्रयोग गरिनुपर्छ ।

नेपाल कानून आयोग

❖अनुसूची ३ (ख)

(नियम ९ को उपनियम (३) सँग सम्बन्धित)

कार्यकारी स्टाण्डर्ड तराजु (काँटा) हरुको आवश्यकताहरु

१. कार्यकारी स्टाण्डर्ड तराजु भन्नाले व्यापारिक वा अन्य क्षेत्रमा प्रयोग गरिने तौलहरु जाँच प्रयोग गरिने तराजु सम्झनुपर्दछ ।

यी दुई किसिमका हुनेछन्ः-

(क) प्रयोगशालामा रहनेः— प्रयोगशालामा रहने कार्यकारी तराजुहरुमा स्पष्ट रुपले क्षमता र सेन्सीटीभीटी उल्लेख भएको हुनुका साथै निम्न तालिका बमोजिमको आवश्यकता पूरा गरेको हुनुपर्छ ।

क्षमता	सेन्सीटीभीटी मि.ग्रा./डिभिजन	सेन्सीटीभीटीको अधिकतम परिवर्तन (भारको अनुपातमा)	नापको न्यूनतम यथार्थता
५० किलोग्राम	१००	२० प्रतिशत	१०० मि.ग्रा. १० किलोग्राममा
५ ,,	१०	,,	१० मि.ग्रा. ५०० ग्राममा
२०० ग्राम	१	,,	१ मि.ग्रा. १०० ग्राममा
५० ,,	०.४	,,	०.४ मि. ग्रा. ५ ग्राममा
२ ,,	०.०५	,,	०.०५ मि.ग्रा. १ मि. ग्राममा

(ख) बाह्य प्रयोगमा आउने कार्यकारी तराजुहरुमा स्पष्ट रुपले क्षमता र सेन्सीटीभीटी उल्लेख भएको हुनुका साथै निम्न तालिका बमोजिमको आवश्यकता पूरा गरेको हुनुपर्छ ।

❖ चौथो संशोधनद्वारा थप ।

तालिका

क्षमता	सेन्सीटीभीटी मि.ग्रा.÷डिभिजन	सेन्सीटीभीटीको अधिकतम परिवर्तन (भारको अनुपातमा)	नापको न्यूनतम यथार्थता
५० किलोग्राम	५० मि.ग्रा.	२० प्रतिशत	५० मि.ग्रा. १० किलोग्राममा
२०० ग्राम	६ मि.ग्रा.	,,	५ मि.ग्रा. ५ ग्राममा

२. प्रत्येक कार्यकारी तराजुको १० क्रमिक विश्राम विन्दुहरुको स्टाण्डर्ड डेभिएशन १ स्केल डिभिजनभन्दा बढी हुनुहुँदैन ।

३. समान बाहु भएका कार्यकारी तराजुहरुको बाहु समान वा बराबर नभएमा सेन्सीटीभीटीलाई पूर्ण भारले भाग गर्दा आउने भिन्नांश भन्दा बढी हुनुहुँदैन ।

४. विभिन्न भारमा कार्यकारी तराजुको चालू अवधि (Time Period) को फरक (Variation) २०% भन्दा बढी हुनुहुँदैन ।

५. कार्यकारी तराजु काम नलिइएको अवस्थामा त्यसको दुवै चक्कुधार सम्बन्धित बियरिंगको समतलबाट अलग हुन सक्ने हुनुपर्छ ।

६. प्रयोगशालामा रहने कार्यकारी तराजुहरु सामान्यतः प्रयोगशाला मै मात्र प्रयोग गरिनु पर्छ ।

७. बुलियन र क्यारेट तौलहरुको जाँचको हकमा निरीक्षकले आवश्यक ठानेमा प्रयोगशालामा रहने कार्यकारी तराजुबाट जाँच गराउनु पर्नेछ ।

नेपाल कानून आयोग

अनुसूची–४

(नियम १० को उप–नियम (१) सँग सम्बन्धित)

व्यापारिक तौलहरु र ग्राहिता तथा लम्बाइ नापहरुको विवरण

खण्ड १

व्यापारिक तौलहरु (यस खण्ड १ मा क्यारेट तौल समावेश भएको छैन)

१. **संज्ञा (डिनोमिनेशन)**:-

व्यापरिक लेनदेनमा प्रयोग गर्न सकिने विभिन्न प्रकारका तौलहरुको संज्ञाहरु निम्न बमोजिम हुनेछन् ।

(क) धातुबाट बनेका तौलहरु:—

किलोग्राम श्रेणी		ग्राम श्रेणी	
फलाम वा स्टीलको	पित्तलका काँस तौलहरु	फलाम र स्टीलका तौलहरु	पित्तलका वा काँसका तौलहरु
किलोग्राम	किलोग्राम	ग्राम	ग्राम
५०	२०	५००	५००
२०	१०	२००	२००
१०	५	१००	१००
५	२		५०
२	१		२०
१			१०
			५
			२
			१

नेपाल कानून आयोग

(ख) धातु पाताका तौलहरु

मिलिग्राम श्रेणीः— ५००,२००,१००,५०,२०,१०,५,२ र १ हरेक श्रेणीमा व्यवहारिक सुविधाको निमित्त २,२०, र २०० संज्ञाका तौलहरु दुईवटा हुनुपर्छ ।

फलाम र स्टीलका तौलहरु

२.(क) पदार्थः— ५० किलोग्रामदेखि १० किलोग्रामसम्मका तौलहरु कास्ट आइरनबाट बनेको हुनुपर्छ । ५ किलोग्रामदेखि १०० ग्रामसम्मका तौलहरु कास्ट आइरन वा फोर्जड माइल्ड स्टीलको हुनुपर्छ ।

(ख) आकार आयामः— कास्ट आइरनबाट वा माइल्ड स्टीलबाट बनेका तौलहरुको आकार चित्र नं. १ र २ बमोजिम र आयाम तालीका नं. १ र २ बमोजिम हुनेछ ।

(ग) ५० किलोग्रामदेखि १० किलोग्रामसम्मका कास्ट आइरन तौलहरुमा माइल्ड स्टीलको हैन्डल हुनुपर्छ ।

(घ) मिलान गर्ने प्वालः— ५० किलोग्रामदेखि १० किलोग्रामसम्मको तौलहरुमा मिलान गर्ने प्वाल एकापट्टिको ब्लकको माथिपट्टि आयताकारका (रेक्टांगुलर) हुनेछन् र तल गएको हुनेछन् र ५ किलोग्रामदेखि १०० ग्रामसम्मको तौलहरुमा मिलान गर्न प्वाल माथिपट्टि ढकहरुको बीचमा गोलाकारका हुनेछन् ।

ढक मिलान गर्दा यही प्वालमा सीसा भरेर मिलाईनु पर्छ । जाँचको टाँचार सालको टाँचामाथि प्वाल थुन्ने सीसामा लगाउनु पर्छ प्वालका आयामहरु चित्रहरुमा दिइएकै हुनुपर्छ ।

[α]चित्र नं. १



α चौथो संशोधनद्वारा संशोधित।

[α]तालिका नं. १

तौल	क	ख	ग	घ	ङ	च	छ	ज	झ	ञ	ट	ठ	ड	ढ	ण	त	थ	द	ध
१०० ग्राम	२०	८.५	७	६.८	४.५	१३	२२	१	२.५	४.५	३०	२	३.५	६.५	१.५	२	२	२	१
२०० „	२५	१३.५	१२	११	७	१६	२८	१	२.५	५	४०	२.२५	४	१०.५	१.५	२.५	२	३.२	१.५
५०० „	३४	१३.५	१२	११	७	२२	३८	१	२.५	५	५०	३	५.५	१०.५	१.५	२.५	२	३.२	१.५
१ किलोग्राम	४३	१७.५	१६	१५	१०	२७	४८	१	२.५	५	६५	४	७	१४.५	१.५	२.५	२	५	२
२ „	५४	२६	२४	२२	१४	३६	६०	१.५	४	९	८०	५	९	२१.५	१.५	५	३	५	२
४ „	७२	२६	२४	२२	१६	४६	८०	१.५	४	९	१२०	६.५	१२	२१.५	१.५	५	३	१०	२

सबै आयाम मिलिमिटरमा आयामको घटीबढी हद ५ प्रतिशत ।

α चौथो संशोधनद्वारा संशोधित।

αचित्र नं. २



नेपाल

α चौथो संशोधनद्वारा संशोधित।

αतालिका नं. २

तौल	क	ख	ग	घ	ङ	च	छ	ज	झ	ञ	ट	ठ	ड	ढ
१० किलोग्राम	४६	२४	२०	१३	२०	२५	४६	१९३	१०९	१९०	२५	३२	२८	२२
२० ,,	६१	२४	२०	१३	२०	३०	६१	२३४	१३९	२३०	२९	३२	२८	२२
५० ,,	८३	२४	२०	१३	२०	४०	८३	३१४	१९२	३१०	४०	३२	२८	२२
तौल	ण	त	थ	द	ध	न	प	फ	ब	भ	म	य	अ	
१० किलोग्राम	१६	३५	१०	१	७०	८१	९७	९५	८	३८	२५	१६	६	
२० ,,	१६	५०	१०	१	९५	१०६	११७	११५	१२	५२	३०	२०	८	
५० ,,	१६	७०	१०	१	१४८	१५९	१५७	१५५	१६	७४	४०	२५	१०	

सबै आयाम मिलिलिटरमा

आयामको घटीबढीमा हद ५ प्रतिशत ।

α चौथो संशोधनद्वारा संशोधित।

(ङ) <u>फलाम र स्टीलका ढकहरु</u>

इजाजत दिइएको जाँचको घटीबढीको हदः—

<u>संज्ञा</u>	<u>जाँचको घटीबढीको हद</u>
५० किलोग्राम	२० ग्राम
२० "	१० "
१० "	५ "
५ "	२ "
२ "	१.५ "
१ "	१ "
५०० ग्राम	५०० ग्राम
२०० "	४०० "
१०० "	३०० "
५० "	२०० "

तर, नयाँ तौलहरु जाँच गर्दा तौलको संज्ञानुसार इजाजत दिइएको घटीको हदको ५० प्रतिशत भन्दा तौल घटी भएको हुनुहुँदैन ।

३. <u>पित्तल र काँस का तौलहरु:</u>

(क) यी तौलहरु ढालेको पित्तलका वा काँसका छडिलाई दबाएर वा ताछेर तयार गरिएको हुनुपर्छ ।

(ख) <u>आकार र आयाम:</u>

ब्रास र ब्रोंज तौलहरु तल लेखिएका किसिमका हुनेछन्ः—

<u>बुलियन तौलहरु</u>

(१) २० किलोग्रामदेखि २ किलोग्रामसम्मका तौलहरु सिलिन्डर आकारको हुनुपर्छ । २० किलोग्रामदेखि १० किलोग्रामसम्मको तौलहरुमा हैन्डल रहनु पर्छ र बाँकी २ किलोग्रामसम्मका तौलहरुमा माथि गट्टा भएको हुनुपर्छ । आकार र आयाम क्रमशः चित्र नं. ३ र ४ तालिकमा नं. ३ र ४ अनुसार हुनुपर्छ । २० किलोग्रामदेखि २०० ग्रामसम्मका

तौलहरुमा बुलियन ईंटको आकार भित्र चित्रमा दिइए अनुसार लेखिएको हुनुपर्छ र १०० ग्रामदेखि १ ग्रामसम्मका तौलहरुमा ईटको आकार मात्र कुंदिएको हुनुपर्छ ।

चित्र नं. ३



<u>तालिका नं. ३</u>

हैण्डल भएको बुलियन तौलहरुको आयाम

संज्ञा	क	ख	ग	घ	ङ	च	छ	ज	झ	ञ	ट	ठ
२० किलोग्राम	१३३	१५७	७१	१०६	४१	१६	५५	६१	२५	२६	१४	२५
१० किलोग्राम	१०६	१३०	६४	८५	३३	१४	५०	४९	२५	२६	१३	२५

सबै आयामहरु मिलिमिटरमा आयामको घटीबढीहरु ५ प्रतिशत ।

चित्र नं. ४



तालिका नं. ४

गट्टावाल बुलियन तौलहरुको आयामहरु

संज्ञा	क	ख	ग	घ	ङ	च	छ	ज	झ	ञ
५ किलोग्राम	८६	८८	४१	५६	३७.५	२२.५	१८.५	३८	१९	२०
२ "	६४	६७	२७	३९	२४	१४	१३	२७	१७	१७.५
१ "	५०	५०	२३.५	३३	२१	१२	११.५	२५	१६	१७
५०० ग्राम	४१	३९	२०	२५	१७	१०.५	८.५	१९	१६	१७
२०० "	३२	२९	१७	२०	१२	९	७	१३.५	१३	१३.५
१०० "	२४	२४	१२	१७	९.५	६	६	११	११	१२
५० "	१९	१९	१०	१४	८	५	५	९	९.५	१०
२० "	१४	१४	६	१०	६	३	३	६	६	७
१० "	११	११	५	८	५	३	२			
५ "	९	९	४	६	४	२	२			
२ "	६	६	३	४	२	१.५	१.५			
१ "	६	६	२	३	१	१	१			

सबै आयामहरु मिलिमिटरमा आयामको घटीबढीको हद —

(क) १ किलोग्रामभन्दा बढीको निमित्त + ५ प्रतिशत

(ख) १ किलोग्राम र सो भन्दा घटीको निमित्त + १० प्रतिशत

(२) गट्टा नराखिएको र १ किलोग्राम देखि १ ग्रामसम्मका तौलहरु च्याप्टो सिलिन्डर आकारको हुनुपर्छ र एक अर्को माथि मिलाएर राख्दा एकनासले मिल्ने हुनुपर्छ । १ किलोग्राम देखि २० ग्रामसम्मका तौलहरुमा ईटको आकारभित्र “बुलियन” र चित्र ५ मा दिए अनुसार नेपाल सरकारको छाप कुंदिएको र तालिका नं. ५ बमोजिमको हुनुपर्छ ।

चित्र नं. ५



<u>तालिका नं. ५</u>

<u>पित्तलको सिलिन्ड्रिकल बुलियन तौल</u>

<u>चेप्टो सिलिन्ड्रिकल बुलियन तौलहरुको आयामहरु</u>

संज्ञा	क	ख	ग	घ	ङ	च	छ	ज
१ किलोग्राम	८२.५	६६.५	१६	१६	३	८.०	२४	१७
५०० ग्राम	६५	४९.५	१६	१३	२.५	७.७५	१९	१७
२००,,	४८.०	३८.५	१३	९.५	२.५	४.७५	१४	१४
१००,,	३७.५	२९.५	११	७	२	४	११.५	१२
५० ,,	२८.५	२२.५	९.५	६	१.५	३	१०.५	१०
२० ,,	२६.५	१७.५	८	४	१.५	२.०	७	८
१०,,	१६.५	१३.५			१	१.५	६	
५,,	१२.५	१०.५			१	१	५	
२,,	१०	८			०.५	१	४	
१,,	७.५						२.५	

सबै आयामहरु मिलिमिटरमा आयामहरुको हद ±१० प्रतिशत

<u>बुलियन बाहेकका पित्तलका तौलहरु</u>

फलाम र स्टीलको तौलहरुका श्रेणीका पूरक तौलहरुः-

१ किलोग्रामदेखि १ ग्रामसम्मको तौलहरु च्याप्टो आकारका माथिदेखि तलसम्म स्पष्टसँग साँघुरिंदै गएको हुनुपर्छ । आकार आयाम क्रमशः चित्र नं. ६ र तालिकमा नं.६ बमोजिम हुनुपर्छ।

चित्र. नं. ६



तालिका नं. ६

<u>चेप्टो सिलिण्ड्रिकल तौलहरुको आयामहरु</u>

संज्ञा	क	ख	ग	घ	ङ	च	छ	ज
१ किलोग्राम	८४.५	५८	१६	७६	४	१५	२५.५	२०
५०० ग्राम	६४	४६.५	१६	५६	३	१४	२३	२०
२०० „	५०	३४.५	१३	४५	२.५	९.५	१५	१५
१००„	३८	२६	११	३३.५	२	९.५	१३	१३
५० „	२९	२०.५	१०	२५	२	८	११.५	१२
२० „	२२	१६.५	८	१९.५	१	४	८	१०
१० „	१७.५	१२.५	१६	१		६		
५ „	१३	१०	११	१		५		
२ „	१०	७.५	९	०.५		३.५		

नेपाल कानून आयोग

१ „	८		६.५			२.५		

सबै आयामहरु मिलिमिटरमा आयामहरुको + १० प्रतिशत

(ग) मिलान गर्ने प्वालः-

२० किलोग्रामदेखि २० ग्रामसम्मका तौलहरुमा पिंधको केन्द्रबाट सा"घुरिंदै गएको गोलो प्वाल चित्र नं. ६ अनुसार राखिनु पर्छ ।

(घ) इजाजत दिइएको जाँचको घटीबढीका हदहरुः-

जाँचको घटीबढीका हदहरुः-

	बुलियन ढक	बुलियन बाहेक अरु ढल
संज्ञा	मिलिग्राम	मिलिग्राम
२० किलो	५००	
१० „	३५०	
५ „	२००	
२ „	१००	
१ „	५०	१०००
५०० ग्राम	३०	५००
२०० „	२५	२५०
१०० „	२०	१५०
५० „	१५	१००
२० „	१०	५०
१० „	८	४०
५ „	६	३०
२ „	४	२०
१ „	२	१०

तर नयाँ जाँच गर्दा तौलको संज्ञा अनुसार इजाजत दिइएको घटी हदको सयकडा ५० भन्दा तौल घटी भएको हुनुहुँदैन ।

४. धातुपाताको तौलहरु

(क) संज्ञाः- धातुपाताका तौलहरुको संज्ञा १(ख) बमोजिम हुनेछ ।

(ख) पदार्थः- यी तौलहरु स्टेन्लेसस्टील, एलुमिनियम पित्तल वा निक्केल सिल्भरका पाताहरुबाट तयार गरिएको हुनुपर्छ ।

आकार र आयाम

(ग) साधारण तौलहरु तालिका नं. ७ अनुसार आयामको र चित्र नं. ७ आकारको हुनुपर्छ । एक छेउ केही माथितिर मोडेको हुनुपर्छ ।

चित्र नं. ७



तालिका नं. ७

धातुपाताका तौलहरुको आयाम

संज्ञा	ख १	ख २	ख ३	उ	मौ
५०० मिग्रा	—	—	१२	४	२
२०० „	–	९.०	—	३.५	२
१००„	९.०	—	—	३.५	२
५०„	–	–	९.५	३	१.५
२०„	–	६.४	—	२.५	१.५
१०„	६.४	—	—	२	१.५

५,,	–	–	६.३	२	१
२,,	–	३.६	—	२	१
१,,	३.६	—	—	२	१

सबै आयामहरु मिलिमिटरमा ।

आयामको घटी बढीको हद ± १० प्रतिशत

(घ) बुलियन तौलहरु गोलाकार हुनुपर्छ र एकापट्टि चित्र नं. ८ मा दिए झैं मोडिएको हुनुपर्छ । आकार र आयाम क्रमशः चित्र नं. ८ मा तालिका नं. ८ मा बमोजिम हुनुपर्छ ।

चित्र नं. ८



<u>तालिका नं. ८</u>

<u>धातुपाताका बुलियन तौलहरुको आयामहरुः-</u>

संज्ञा	घ	ज	ग
<u>मिलिग्राम</u>			
५००	११	२	२
२००	१०	२	२
१००	९	२	२
५०	८	१.५	२
२०	६.३	१.५	१.६
१०	५.६	१.५	१.६

५	५.०	१.०	१.०
२	४	१	१
१	३.२	१	१

सबै आयामहरु मिलिमिटरमा । आयामहरुको घटी बढीको हद ± १०प्रतिशत

(ङ) <u>इजाजत दिइएका घटीबढीका हदहरु:-</u>

<u>संज्ञा</u>	<u>जाँचको घटी बढीको हद</u>	
	वुलियन ढकहरु	वुलियन बाहेक अरु ढकहरु
<u>मिलिग्राम</u>	<u>मिलिग्राम</u>	<u>मिलिग्राम</u>
५००	१.२	१०.०
२००	१.२	७.०
१००	१.०	५.०
५०	०.५	२.०
२०	०.५	२.०
१०	०.५	१.०
५	०.२५	०.५
२	०.२	०.२
१	०.१	०.१

तर नयाँ जाँच गर्दा संज्ञा अनुसार इजाजत दिइएको घटीहदको सयकडा ५० भन्दा तौल घटी भएको हुनुहुँदैन ।

५. (क) <u>बनावट:</u> ढालिएका तौलहरुको ढलान सफा हुनुपर्छ र खाल्डा, प्वाल र अरु त्रुटिहरु भएको हुनु हुँदैन ।

मेशिनद्वारा खराज गरेर तयार गरिएका तौलहरु सफासँग खराज हुनुपर्छ र छ्याकटे, खस्रो हुनु हुँदैन। कास्ट आइरनका तौलहरु तथा तताई पिटेर बनाएका तौलहरु उपयुक्त कालो रङ्ग अथवा वार्निसले एकनाससँग पातलो गरी पोतिएको हुनुपर्छ ।

(ख) तौलमा उठेका सङ्केत अथवा चिन्हहरु स्पष्ट र बुझिने र गहिरो हुनुपर्छ । यसरी मारिएका टाँचाहरु धेरै समयसम्म नमेटिने हुनुपर्छ । तर यस्ता तौलहरुमा सङ्केत चिन्ह आदिका टाँचाहरु गहिरो गरी लगाउँदा पाता टुट्ने वा भाँचिने हुनुहुँदैन।

(ग) तौलहरुको मिलान गर्न सीसा प्रयोग गर्दा साधारण प्रयोगको अवस्थामा नखस्ने गरी लगाउनुपर्छ ।

(घ) कास्ट आइरनका तौलहरुमा हैण्डल नचल्ने गरी लगाइएको हुनुपर्छ ।

६. <u>सङ्केत अङ्कनः</u>

(क) २० ग्राम र सो देखि तलका सबै तौलहरु बाहेक अरु निर्माताको नाम अथवा ट्रेडमार्क नमेटिने गरी ढलान गरिएको अथवा टाँचामारिएको हुनुपर्छ ।

(ख) किलोग्राम सङ्केत गर्न किलोग्राम, ग्राम संङ्केत गर्न ग्राम र मिलिग्राम सङ्केत गर्न मिग्रा आदि संज्ञा सबै तौलहरुमा नमेटिने गरी अङ्कन गरिएको हुनुपर्छ। ५० मिलिग्राम र सोदेखि मुनिको ढकहरुमा संज्ञा अक्षरमा अङ्कन नगरिएको भए पनि हुन्छ। संज्ञा सङ्केत गर्न अङ्क र अक्षरको आकार निर्माताको नाम वा ट्रेडमार्कको अक्षरको आकार भन्दा दोब्बर ठूलो हुनुपर्छ तथा सङ्ख्या र अक्षर नेपाली तथा अंग्रेजी लिपिमा हुनुपर्छ।

(ग) निरीक्षकको सबै टाँचाहरु लगाउन सकिने सबभन्दा सानो तौल ५० ग्रामको हुनेछ । ५० ग्रामदेखि माथिका सबै व्यापारिक तौलहरुमा निरीक्षक नम्बर साल र जाँचको टाँचाहरु लगाउनु पर्छ। १०० मिलिग्रामसम्मको तौलमा सालको टाँचामात्र लगाउनुपर्छ । ५० मिलिग्रामदेखि मुनिका तौलहरुमा कुनै टाँचालगाउनु हुँदैन । यदि तिनीहरुलाई बट्टामा राखेको भए त्यो बट्टामा टाँचालगाई प्रमाणित गरिनु पर्छ । यदि बट्टा नभए जाँच गरेको प्रमाणपत्रद्वारा यस्ता तौलहरु प्रमाणित गरिनु पर्छ ।

नोटः जाँचको टाँचाभन्नाले विशेष किसिमले ➲<u>नेपालको निसाना छाप कुंदिएको टाँचालाई</u> सम्झनु पर्छ ।

७. <u>मिलानः–</u>

➲ पाँचौ संशोधनद्वारा संशोधित ।

मिलान गर्ने प्वाल, राखिएका तौलहरुलाई मिलान गर्दा चाहिए जति सीसा वजन गरी हालेर प्वालमा मिल्ने सीसाले बन्द गरेको हुनुपर्छ र सीसाको सतह घटीमा ३ मिमि प्वालको भित्र हुनुपर्छ ।

खण्ड २

व्यापारिक क्यारेट तौलहरु

१. साधारणः

(क) व्यापारिक क्यारेट तौलहरु मणि, मोती तथा बहुमूल्य जवाहरात आदि तौलन प्रयोग गरिन्छ ।

(ख) गणना तथा व्यवहारिक सुविधाको हेतुले साधारण ः एक क्यारेट सय बराबर भागमा उपखण्डित हुनेछ र प्रत्येक भागलाई सेन्ट भनिनेछ । यसरी १ सेन्ट भन्नाले २ मिलिग्राम बराबर हुन्छ । क्यारेट तौलहरुमा भिन्नांश वजनहरु भए उक्त भिन्नांशलाई प्रतिसय सेन्टमा यति भाग भनी संज्ञा लेख्ने प्रणाली अनुसार गरिन्छ जस्तो ०.५ क्यारेटलाई ५०।१०० क्यारेट लेखिन्छ ।

२. संज्ञाः

क्यारेट तौलहरुको संज्ञा तल दिइए अनुसार हुनेछ ।

(क) गट्टा भएका तौलहरुः-

संज्ञा क्यारेटमा	सममूल्यता ग्राममा
५००	१००
२००	४०
१००	२०
५०	१०
२०	४
१०	२
५	१

नेपाल कानून आयोग

(ख) धातु पाता तौलहरु सममूल्यता

संज्ञा क्यारेट	मिलिग्राम
२	४००
१	२००
५०।१००	१००
१०।१००	४०
५।१००	२०
२।१००	१०
१।१००	२
०.५।१००	१

व्यवहारमा प्रयोग गरिने तौलहरुको वास्तविक श्रेणीमा २०, २०० र २।१००, २०।१०० का तौलहरु दुई दुई वटा हुनुपर्छ ।

गट्टादार ढकहरु:

(क) पदार्थ:

यी ढकहरु पेलिएको, तानिएको वा थिचेर निकालिएको पदार्थबाट तयार गरिनु पर्छ र ढालेर तयार गरिएको हुनुहुँदैन । ढकहरु पित्तल, काँस, निक्केल, सिल्भर, अचुम्वकीय निक्केल, क्रोमियम वा अचुम्बकीय स्टेनलेसस्टीलबाट तयार गरिएको हुनुपर्दछ ।

३. (क) आकार र आयाम:-

आकार तथा आयाम चित्र नं. ९ र तालिका नं. ९ बमोजिम हुनेछ ।

नेपाल कानून आयोग

चित्र नं. ९



<u>तालिका नं. ९</u>

गट्टावाल क्यारेट तौलहरुको आयामहरु

<u>सबै आयामहरु मिलिमिटरमा</u>

संज्ञा क्यारेट (क्या)	क	ख	ग	घ	ङ	च	छ	ज	झ
५००	१२	२.५	१.२५	५	१.५	८	३२.२	१३.२६	०.४०
२००	१०	२.२	१.१०	४.५	१.५	६.५	२४.४	९.६०	०.३०
१००	९	२.०	१.००	४.०	१.०	६.०	१९.१	७.६३	०.३०
५०	८	१.८	०.९०	३.५	१.०	५.५	१५.०	५.९५	०.२५
२०	७	१.७	०.८५	३.०	१.०	५.०	१०.८	४.१३	०.२५
१०	६	१.६	०.८०	२.५	१.०	४.५	८.२	३.२६	०.२०
५	५	१.५	०.७५	२.०	१.०	४.०	६.३	२.४९	०.२०

नेपाल कानून आयोग

माथिका आयामहरु घनत्व ८.४ ग्राम प्रति घन सेमी भएको पदार्थसँग सम्बन्धित छन् उत्पादन गर्दा र पदार्थमा फरकको दृष्टिकोणबाट ग, ङ र झ मा बाहेक अरु आयामहरुमा घटीबढीको हद ± ५ प्रतिशत मान्यता दिइएको छ ।

इजाजत संज्ञा जाँचको इजाजत दिइएको घटी बढी हद

दिइएका घटी बढीका हदहरुः—

५०० क्यारेट	८ मिलिग्राम
२०० „	६ „
१०० „	५ „
५० „	४ „
२० „	३ „
१० „	२ „
५ „	१ „

तर पहिलो जाँच गर्दा घटी हदको सयकडा ५० भन्दा घटी भएको हुनुहुँदैन ।

४. धातु पातामा तौलहरुः-

(क) पदार्थः-

१०।१०० क्यारेट र सोदेखि मुनिका तौलहरु आलुमिनियम पाताबाट बनाइनुपर्छ यसदेखि माथिका तौलहरु पित्तल, आलुमिनियम, निक्केल सिल्भर, निक्केल क्रोमियम वा काँस का पाताबाट तयार गरिनुपर्छ ।

(ख) आकार तथा आयामः-

आकार चित्र नं. १० र आयाम तालिका नं. १० बमेजिम हुनेछ ।

चित्र नं. १०



तालिका नं. १०

धातु पाताको क्यारेट तौलहरुको आयामहरु

संज्ञा	नाप (क)
क्यारेट (क्या)	मिमी
२	१२
१	१०
५०।१००	९
२०।१००	८
१०।१००	७
५।१००	६
२।१००	५
१।१००	४
०.५।१००	३

घटी बढीको हद ± १० प्रतिशत

धातु पाताको तौलहरु चलाउन सुविधाको निम्ति चित्र नं. १० बमोजिम कुना उठाइएको हुनुपर्छ ।

नेपाल कानून आयोग

(ग) इजाजत दिइएका घटी बढीका हदहरुः—

संज्ञा	जाँचको घटी बढीको हद
क्यारेट	मिलिग्राम
२	०.८
१	०.६
५०।१००	०.४
२०।१००	०.२
१०।१००	०.२
५।१००	०.१
२।१००	०.१
१।१००	०.१
०.५।१००	०.१

तर पहिलो जाँच गर्दा घटी हदको सयकडा ५० भन्दा घटी भएको हुनुहुँदैन ।

५. निर्माण तथा बनावटः-

(क) यी ढकहरुको सतह यथाशक्य चिल्लो हुनुपर्छ । धातुपाता तौलहरु यथाशक्य राम्ररी काटिएको हुनुपर्छ र फोकाहरु नभएको हुनुपर्छ ।

(ख) ज्यादा स्थायित्वको र चिल्लोपनको दृष्टिकोणले यी तौलहरुमा निक्केल, क्रोमियम, सुन वा रोडियम धातुको गिल्टी लगाइन सकिनेछ ।

६. अङ्कनः-

(अ) दुई सँगसँगैका विभाजन चिन्हहरुले जनाउने तौल, तालिका १९ मा दिइएको मानभन्दा बढी हुनुहुँदैन ।

(आ) कुनै निर्धारित भारदेखि डायलमा रेखाङ्कन शुरु गरिएको भए, माल नराख्दाको संङ्केतकको स्थिति स्पष्टसँग शून्यको चिन्हद्वारा देखाइने हुनुपर्छ ।

(च) मिलाउन हुने सङ्केतकको व्यवस्था भएमा मिलानको विस्तार यन्त्रको क्षमताको १ प्रतिशत भन्दा बढी हुनेछैन तर खजिन पदार्थ जोख्ने कार्यको सम्बन्धमा प्रयोग हुने यन्त्रमा यस्तो विस्तार २ प्रतिशतसम्म हुन सक्नेछ ।

(छ) कमानीदार तराजुहरुको कमानीलाई क्षमताभन्दा अधिक भारको तनावबाट बचाउन यन्त्रको अङ्गमै कुनै उपयुक्त साधनको व्यवस्था गरिएको हुनपर्छ ।

(ज) कमानीदार तराजुहरुको अङ्ग पित्तल, कास्ट आइरन, सुलिस फलाम वा अरु उपयुक्त वस्तुबाट बनाइएको हुनुपर्छ र मुनासिव रुपमा मजबुतसँग बनेको हुनुपर्छ ।

४. <u>जाँच</u>:-

(क) पल्ला कमानी मुनि भएमा, माललाई त्यसमा जहाँसुकै राख्दा पनि त्रुटि तोकिएको हदभन्दा बाहिर हुनुहुँदैन ।

(ख) पल्ला अर्धाकार भएमा पूर्ण भारको आधा तौल पल्लाको केन्दबाट सब भन्दा टाढा र बाँकी आधा तौल जुनसुकै स्थानमा राख्दा, त्रुटि तोकिएको हदभित्र हुनुपर्दछ ।

(ग) पल्ला अर्धाकार नभएमा, कमानीदार तराजुको क्षमताको आधा भारको केन्द्र पल्लाको केन्द्रबाट त्यसको अधिकतम लम्बाइको एक तिहाई फासलाभित्र राख्दा वा पल्लाको ठाडो छेउ भए त्यसको छेउको बीचसँग जोडेर बाँकी तौल पल्लाको कुनै पनि स्थानमा त्यसभित्र पर्ने गरी राख्दा कमानीदार तराजुको त्रुटि तोकिएको हदको आधि हदभित्र हुनुपर्छ ।

(घ) कमानीदार तराजुमा हरेक विभाजन चिन्ह जाँचिनुपर्छ ।

(ङ) कमानीदार तराजुले तौल निरन्तर बढाउँदै लगेर वा घटाउँदै लगेर जाँच्दा समेत, ठीक तौल देखाउनुपर्छ । तर यसरी तौल निर्धारित गर्न अघि यन्त्रलाई स्वाभाविक चालमा चल्न दिनुपर्छ ।

(च) कमानीदार तराजु २४ घण्टासम्म पूर्णभार राखेर सो भार हटाएको चार घण्टापछि तराजु भार राख्नु अघिको स्थितिमा फर्कनुपर्छ र (ङ) मा झैं जाँच्दा ठीक रहनुपर्छ ।

(छ) कमानीदार तराजुहरुमा सेन्सिटिभ्नेस्को जाँच गरिने छैन ।

५ <u>टाँचा लगाउने</u>:—

कमानीदार तराजुहरुमा, निरीक्षकको टाँचाप्राप्त गर्नको निमित्त नरम धातुको एक बुजोको प्रबन्ध गरिएको हुनुपर्छ र संभव भएमा यस्तो बुझो फ्रेम वा डायलबाट छेडिएको हुनुपर्छ । यस्तो बुजो वा फुली, यन्त्रलाई कुनै हानि नहुने गरी राखिएको हुनुपर्छ ।

तालिका नं १९

कमानीदार तराजुहरुको निमित्त अधिकतम त्रुटिहरु

क्षमता	सँगैका दुई विभाजन चिन्हहरुले जनाउने अधिकतम तौल	अधिकतम त्रुटि	कैफियत
१	२	३	४
१ किलो	५ ग्राम	सँग सँगैको दुई बिभाजन	सङ्केतक एक चक्करमात्र
२ “	२० “	चिन्हहरुले जनाउने	घुम्ने डालयहरुको
५ “	२० “	तौलको २५ प्रतिशत	प्रयोजनिक वृतको व्यास
१० “	५० “		निर्धारण गर्दा
१५ “	५० “		रेखाङ्कनको अन्तमा १५
२० “	१०० “		मिमि फासला खाली
३० “	१०० “		रहनु पर्छ सङ्केतक
५० “	२०० “		डायलमा एक भन्दा
१०० “	५०० “		बढी चक्कर घुम्ने गरी
१५० “	१.० किलोग्राम		बनाइएका कमानीदार
२०० “	१.० “		तराजुहरुको लागि यो
३०० “	१.० “		कुरा लागू हुने छैन ।
५०० “	२.० “		

द्रष्टव्यः— पुनः जाँच र छड्के जाँचको निमित्त घटीबढीका हदहरु कलम ३ मा तोकिएका परिमाणको दोब्बर हुनेछन् ।

नेपाल कानून आयोग

खण्ड—७

तौलने पुल (वे ब्रिज)

१ **परिभाषाः—**

तौलने पुल भन्नाले सङ्केतन प्रबन्ध लिभर व्यवस्थादेखि भिन्दै जगमा स्थापना गरी, अनुपातिक तौलहरु वा अरु सङ्केतकको माध्यमद्वारा १००० किलोग्राम (एक टन) वा सो भन्दा माथि तौलनको निमित्त प्रयोग गरिने कम्पाउण्ड लिभरहरुद्वारा निर्माण गरिएको तौलने यन्त्रलाई सम्झनुपर्छ ।

२. **क्षमताः—**

तौलने पुलहरु निम्नलिखित क्षमताका हुन सक्नेछन्ः—

१, २, ३, ५, १०, १५, २०, २५, ३०, ४०, ५०, ६०, ८०, १००, १५०, २००, ३०० र ४०० टन ।

३. **साधारण आवश्यकताहरुः—**

१. (क) मञ्चयुक्त तौलने यन्त्रको सम्बन्धमा खण्ड ५ मा दर्शाइएका साधारण आवश्यकताहरु बाहेक तौलने पुलहरुले निम्नलिखित आवश्यकताहरुको पूर्ति गर्नुपर्नेछ ।

(ख) फ्रेमको ढाँचाः— (फ्रेमवर्क) तौलने पुलको प्रेम भएको खण्डमा यस्तो फ्रेम सुलिस फलामको पाता वा कास्ट आइरन वा कास्ट स्टीलबाट बनाउनु पर्छ। यस्तो फ्रेम ज्यादा धक्का वा थर्कावट प्रतिरोध गर्न सक्ने बलियो खालको र लिभर व्यवस्था यताउति हुन नसक्ने किसिमसँग उपयुक्त तवरले मजबुत हुने गरी बलियोसँग निर्माण गरिएको हुनुपर्छ ।

(ग) तौलने पुलहरुको तुलोको न्यूनतम गति दुवैतिर १३ मि.मी. हुनेछ ।

२. मञ्च चारखाने (चेकर्ड) वा सादा हुनसक्छ र कास्ट आइरन वा स्टीलको पाताबाट बनेको र पूर्ण भारसम्म ग्रहण गर्न सक्ने गरी बलियो हुनुपर्दछ । खाल्टोभित्र सजिलोसँग पस्न सुविधाको लागि एउटा मान्छे पस्ने प्वाल हुनुपर्छ ।

४. **जाँच तथा जाँचका आवश्यकताहरुः—**

तौलने पुलको जाँचको तरीका खण्ड ५ मा उल्लिखित मञ्चयुक्त तौलने यन्त्रको सरह हुनेछ तथा सेन्सिटिभ्नेस् र त्रुटिको हदहरु तालिका २० बमोजिम हुनेछ ।

५. **भागहरु छुटयाउनेः—**

यन्त्रको सच्याइमा असर पर्ने छुट्याउन हुने भागहरु यस यन्त्रका हुन् भन्ने छुटयाउन नमेटिने गरी अङ्क वा अरु उपायद्वारा अङ्कित गरिनु पर्दछ ।

६. **टाँचा मार्नेः—**

(क) डायल किसिमका यन्त्रहरुमा निरीक्षकको टाँचा प्राप्त गर्नको निमित्त नरम धातुको एक बुजोको प्रबन्ध गरिएको हुनुपर्छ र संभव भएमा यस्तो बुजो फ्रेम वा डायलबाट छेडिएको हुनुपर्छ । यस्तो बुजो वा फुली यन्त्रलाई कुनै हानि हुने संभावनाबाट बचावट हुने गरी रहेको हुनुपर्छ ।

(ख) डायल किसिमका बाहेकहरु तौलने पुलमा एउटा फुली, सङ्केतक “लिभर” वा तुलोको कुनै देखिने स्थानमा जडान गरिएको हुनुपर्छ।

तालिका नं:- २०

सन्तुलन विस्तार व्यवस्था

क्षमता	अधिकतम क्षमताको ०.५ प्रतिशत	न्यूनतम क्षमताको ०.२५ प्रतिशत
१	२	३
२ टन	५ किलोग्राम	२.५ किलोग्राम
२ „	१० „	५.० „
३. „	१५ „	७.५ „
५ „	२५ „	१२.५ „
१० „	५० „	२५.० „
१५ „	७५ „	३७.५ „
२० „	१०० „	५०.० „
२५ „	१२५ „	६२.५ „

३० ,,	१५० ,,	७५.० ,,
४० ,,	२००,,	१००.० ,,
५० ,,	२५० ,,	१२५.० ,,
६० ,,	३०० ,,	१ ५०.० ,,
८० ,,	४००,	२००.० ,,
१०० ,,	५०० ,,	२५०.० ,,
१५० ,,	७५० ,,	३७५.० ,,
२०० ,,	१००० ,,	५००.० ,,
३०० ,,	१५०० ,,	७५०.० ,,
४०० ,,	२००० ,,	१०००.० ,,

तालिकाः— २० (क)

तौलने पुल निमित्त सेन्सिटिभ्नेस तथा त्रुटि

क्षमता	पूर्ण भारमा सेन्सिटिभ्नेस्	जाँच	घटी वा बढीमा मान्यता दिइने पूर्णभारमा अधिकतम त्रुटि
		डायल नभएको तौलने पुल	डायल जडिएको तौलने पुल
टन	किलोग्राम	किलोग्राम	
१	२	३	४
१	१.१	१.२	दुई सँगसँगैका विभाजन
२	१.२	१.४	चिन्हले जनाउने
३	१.३	१.६	तौलको आधा
५	१.५	२.०	
१०	२.०	३.०	
१५	२.५	४.०	
२०	३.०	५.०	

नेपाल कानून आयोग

२५	३.५	६.०
३०	४.०	७.०
४०	५.०	७.०
५०	५.२	७.८
६०	५.५	८.५
८०	६.०	१०.०
१००	६.५	११.५
१५०	७.८	१५.२
२००	९.०	१९.०
३००	१५.०	३०.०
४००	२०.०	४०.०

द्रष्टव्यः— पुनः जाँच र छड्के जाँचका निमित्त घटी बढीका हदहरु कलम २ मा तोकिएका परिमाणको तेब्बर र कलम ३ तथा ४ मा तोकिएका परिमाणको दोब्बर हुनेछन् ।

नेपाल कानून आयोग

खण्ड–८

मानिस तौलने यन्त्र

१ **परिभाषाः–**

मानिस तौलने यन्त्र भन्नाले कम्पाउण्ड लिभरको व्यवस्था भएको तथा तौल लिइने मानिसलाई ग्रहण गर्ने मञ्च भएको र तुलोद्वारा वा अरु कुनै सङ्केतन व्यवस्थाद्वारा अथवा टिकट छाप्ने कुनै यान्त्रिक साधनद्वारा मानिसको तौल देखाउने यन्त्रलाई बुझाउँछ ।

२. **क्षमताः–**

मानिस तौलने यन्त्रको क्षमता १२० किलोग्राम भन्दा घटी हुनुहुँदैन ।

३. **साधारण आवश्यकताहरुः–**

(क) मञ्चः–

मञ्चको अधिकतम आकार ४०० मि.मी. ३५० × मि.मी. को हुनुपर्छ र फ्रेम बाहिर मञ्चको कुनै भाग निस्केको हुनु हुँदैन।

(ख) तुलोयुक्त यन्त्रः–

(१) अनुपातिक तौलहरु अड्याउने आश्रय बाहेक तुलोमा अरु कुनै सजिलैसँग झिक्न सकिने अङ्गहरु रहेको हुनुहुँदैन । तुलोको तल माथि अधिकतम गति १० मि.मी. को हुनुपर्छ ।

(२) प्रदर्शक (गाइड) को तल र माथि वा प्रदर्शकमा पर्ने तुलोको भाग फलामको भए यिनीहरुमा अचुम्बकीय पदार्थ जडिएको हुनुपर्छ ।

(३) तुलोमा दाँतीको व्यवस्था गरिएको भए यस दाँतीको सुरक्षा हुने उपयुक्त व्यवस्था हुनुपर्नेछ ।

(४) तुलोको न्यूनतम विभाजनको मान ५० ग्रामभन्दा बढीको हुनु हुँदैन र तुलोमा ५ किलो ५० ग्राम विभाजनहरुद्वारा रेखाङ्कित भएको हुनुपर्छ ।

(५) <u>सन्तुलन व्यवस्थाः</u>— खण्ड ५ मा वर्णित मञ्चयुक्त तौलने यन्त्रको सरह हुनेछ । सन्तुलन गोलामा पसेको गट्टादार पेचद्वारा सन्तुलन गोला चलाइने व्यवस्था हुनुपर्छ ।

(ग) <u>डायलयुक्त यन्त्रः</u>— यन्त्रमा डायल राखिएको भए डायलको व्यवस्था मञ्चयुक्त तौलने यन्त्रको सरह हुनेछ तर विभाजन रेखाहरु १.५ मि.मी. भन्दा घटी फासलामा रहनु हुँदैन र न्यूनतम रेखाको मान ५०० ग्राम भन्दा बढी हुनु हुँदैन ।

(घ) <u>टिकट छाप्ने किसिमको यन्त्रः</u>— (१) यन्त्रमा भएका न्याक र पिनियन उपयुक्त कडा नखिइने वस्तुबाट बनेको हुनुपर्छ तथा चिल्लो पारी तयारी गरिएको हुनुपर्छ ।

(२) टिकटमा तौल बुझिने गरी अङ्कित गरिने हुनुपर्छ ।

४. **<u>अनुपातिक तौलः</u>** पृथक् अनुपातिक तौलहरु मञ्चयुक्त तौलने यन्त्रको सरह उपयुक्त किसिमका हुनेछन् तर मिलान गर्ने प्वालमा रहेको सीसाको सतह तौलको पिंधबाट भित्र २ मि.मी. भन्दा घटी फासलामा रहेको हुनुहुँदैन ।

५. **<u>जाँचः-</u>**

(क) तुलोको व्यवस्था गरिएको मानिस तौलने यन्त्रको तुलो मञ्चमा तौल नहुँदा समतल अवस्थामा रहनुपर्छ ।

(ख) यन्त्रको क्षमताको एक चतुर्थाश वा त्यसको यथासंभव निकटतम भार मञ्चको केन्द्रमा वा चारकुनामध्ये कुनै एककुनामा राख्दा तोकिएको त्रुटिको हदको ५० प्रतिशतभित्र रही तौलने यन्त्रले एउटै तौल देखाउने हुनुपर्छ ।

(ग) पूर्ण क्षमतासम्मका रेखाङ्कनहरु ठीक छन् भन्ने यकीन गर्न यन्त्र जाँचिनुपर्छ ।

(घ) तुलोको व्यवस्था भएको मानिस तौलने यन्त्रको पूर्ण भारमा त्रुटि तथा सेन्सिटिभ्नेस् जाँचिनुपर्छ । मान्यता दिएका त्रुटि र सेन्सिटिभ्नेस् तलको तालिका अनुसार हुनेछन् ।

(ङ) मानिस तौलने यन्त्रमा डायलयुक्त सङ्केतनको वा टिकट छाप्ने साधनको व्यवस्था भएमा यस्तो यन्त्रको त्रुटि मात्र जाँच गरिनुपर्छ । मान्यता दिइने त्रुटि कुनै पनि भारमा तालिकामा तोकिएको हदभन्दा ज्यादा हुनु हुँदैन ।

तालिका नं.— २१

मानिस तौलने यन्त्रहरुको जाँचको मान्यता दिइने हदहरु

यन्त्रको प्रकार	पूर्णभारमा सेन्सिटिभ्नेस्	पूर्णभारमा मान्यता दिइने अधिकतम त्रुटिको घटी वा बढीमा हद
१	२	३
१ तुलोयुक्त	२५ ग्राम	५० ग्राम
२ डायलयुक्त	—	२५० ग्राम
३ टिकट छाप्ने	—	५०० ग्राम

तर निरीक्षणको समयमा कलम ३ मा दिइएका हदहरुको दोब्बर परिमाण भित्रसम्म यन्त्र ठीक भएको मानिनेछ ।

खण्ड—९

काउण्टर प्रकारका स्वयं संङ्केतक तथा अर्ध स्वयं सङ्केतक तौलने यन्त्र

१. **परिभाषाः—**

(क) स्वयं सङ्केतक तौलने यन्त्र भन्नाले तौलिने वस्तु त्यस्तो यन्त्रमा राख्दा वस्तुको सम्पूर्ण तौल स्वयं देखाउने यन्त्रलाई सम्झनुपर्छ ।

(ख) अर्ध स्वयं सङ्केतक तौलने यन्त्र भन्नाले तौलिने वस्तु त्यस्तो यन्त्रमा राख्दा वस्तुको आंशिक तौल स्वयं र बाँकी तौल टैर वा क्षमता डण्डीमा जडिएको कुनै तौल वा सर्ने सन्तुलक वा अरु कुनै उपयुक्त माध्यमद्वारा देखाउने यन्त्रलाई सम्झनुपर्छ ।

२. **क्षमताः—**

स्वयं सङ्केतक वा अर्ध स्वयं सङ्केतक तौलने यन्त्रहरुको क्षमता तलको तालिकामा दिए अनुसार हुनेछ ।

३. **साधारण आवश्यकताहरुः—**

(क) यन्त्रमा सङ्केतन व्यवस्था काम गर्न कमानीको प्रयोग नगरी डण्डी वा दोलक (पेन्डुलम) सम्बद्ध लिभरहरु वा अरु किसिमको अवरोधक उपाय संयोग गरी साधारणतः स्वयं सङ्केतक वा अर्ध सङ्केतक तौलने यन्त्रहरु तयार गरिनुपर्छ। माल राख्ने पल्ला र तौल राख्ने पल्लाको जडानहरु डण्डी चलुन्जेलसम्म समतलमा रहने गर्न सकिने किसिमले लिभरहरुको व्यवस्था हुनुपर्छ। सङ्केतकलाई तुरुन्त विश्रामको अवस्थामा ल्याउने "डेस पट" वा अरु कुनै उपयुक्त व्यवस्था यन्त्रमा रहेको हुनुपर्छ।

(ख) पल्लाहरुको आश्रय उपयुक्त अपरिवर्तनीय बनावटको हुनुपर्छ। पल्लाहरु सुलिस फलाम, स्टेनलेसस्टील, पित्तल वा काँस आलुमिनियम वा यसका मिश्र धातु, पोर्सिलेन, इनामेल पोतिएको स्टील, काँच वा प्लास्टिक जस्ता पदार्थहरुबाट तयार गरिनुपर्छ ।

(ग) वियरिङ्ग सतह, चक्कुधार र सबै अडान, अंकुसी र सुर्कानिहरुका सम्पर्क बिन्दुहरु कडा स्टील वा एगेटबाट तयार गरिनुपर्छ । डण्डीलाई स्वतन्त्रतासँग चल्न हुने किसिमले र चक्कुधारहरु यथासम्भव आफ्नो सम्पूर्ण लम्बाइ वियरिंग माथि अड्न हुने किसिमले चक्कुधारहरु र वियरिंगहरु जडान गरिएको हुनुपर्छ । सबै लिभरहरु र अवरोधक व्यवस्था यथासम्भव यन्त्रभित्र जडान गरिएको हुनुपर्छ ।

(घ) सूक्ष्म मिलानको निमित्त यन्त्रमा सन्तुलन बाकसको प्रबन्ध हुनुपर्छ र हुन सकेसम्म यस्तो बाकस तौल राख्ने पल्लामुनि स्थायी किसिमले राखिएको हुनुपर्छ । सन्तुलन बाकसमा यन्त्रको क्षमताको १ प्रतिशतसम्म मिलान गर्ने पदार्थहरु राख्न सकिने हुनुपर्छ । अरु कुनै मिलान गर्ने साधन यन्त्रमा हुनु हुँदैन । स्वयं सङ्केतक तौल यन्त्रको सम्बन्धमा सन्तुलन बाकस माल राख्ने पल्लाको ठीक मुनि रहेको हुनुपर्छ ।

(ङ) यन्त्रहरुको पट (चार्ट) समान भागहरुमा विभाजन गरिनु पर्दछ र यस्ता विभाजन चिन्हहरु बृहत्करण (म्याग्निफिकेशन) को व्यवस्था गरिएकोमा बाहेक एक अर्कोबाट १० किलोग्राम र त्यसभन्दा कम क्षमताको निमित्त १.५ मि.मी. र १ किलोग्रामभन्दा माथिको क्षमताको निमित्त २.० मि.मि. भन्दा कम फासलामा हुनु हुँदैन । सँगसँगैका दुई विभाजन चिन्हहरुले जनाउने आधा तौल, तालिका नं .२२ मा दिइएको अधिकतम त्रुटिको हदभित्र रही ठीक हुनुपर्छ । सङ्केतकको टुप्पो १.० मि.मी. भन्दा बढी मोटो र पटदेखि ३.० मि.मी. भन्दा माथि हुनुहुँदैन । यन्त्रमा तौलने वस्तु नराखिंदा सङ्केतक स्पष्टसँग शून्य चिन्हमा रहनुपर्छ ।

(च) पटको अल्प (माइनर) रेखाहरुको मान १ ग्राम, २ ग्राम, ५ ग्राम वा तिनका दशको अपवर्त्य अथवा १० को घातका अनुपातमा हुनुपर्छ ।

(छ) धरातल (लेभल) ले मिलाउन आवश्यक नभएको यन्त्रहरुमा बाहेक सबै स्वयं सङ्केतक तथा अर्ध स्वयं सङ्केतक यन्त्रहरुमा धरातल मिलाउनको लागि पेचहरु र एउटा वृत्ताकार हावाको फोका भएको स्पिरिट लेभल हुनुपर्छ ।

(ज) "टैर" डण्डीहरु विभाजित गरिएको खण्डमा पटको तथा टैर डण्डीको क्षमता जोड्दा तालिकामा दिइएका क्षमताहरुको अनुकूल क्षमताको हुन आएमात्र चलन गर्न पाइनेछ ।

द्रष्टव्यः—

शून्य चिन्हद्वारा मात्र अङ्कित गरिएको "टैर" डण्डीहरु प्रचलन गरिएको खण्डमा यन्त्रको क्षमता निकाल्दा यस्ता टैर डण्डीहरुको क्षमता हिसाब गरिनेछैन । विभाजित नगरिएको सबै टैर डण्डीहरुमा शुन्यको चिन्ह अङ्कित हुनुपर्छ ।

४. **जाँच:-**

(क) सबै स्वयं सङ्केतक तथा अर्ध स्वयं सङ्केतक यन्त्रहरुमा समतल क्षेत्रमा जाँच गरिनुपर्दछ ।

(ख) यन्त्रहरुको जाँच क्रमशः भार बढाउँदै लगेर हरेक सङ्ख्याङ्कित विभाजन चिन्ह जाँचिनुपर्छ र अरु विभाजन चिन्ह पनि ठीक छन् भन्ने कुरामा निरीक्षकलाई चित्त बुझ्नुपर्छ । मान्यता दिइने त्रुटिको हद तालिकामा दिइएबमोजिम भन्दा बढी हुनुहुँदैन ।

(ग) यन्त्रको क्षमताको आधा भार पल्लाको केन्द्रबाट सो पल्लाको अधिकतम लम्वाइको एक तिहाई फासलाभित्र जुनसुकै स्थानमा राख्दा, डायलले देखाएको तौलमा (थाहा हुने किसिमसँग) कुनै पर्याप्त फरक हुनुहुँदैन ।

(घ) पल्ला अर्धाकार भएको खण्डमा, पूर्ण भारको आधा अर्धको बीचमा र बाँकी आधा अर्धको कुनै पनि भागमा राख्दा यन्त्र मान्यता दिइएको त्रुटिको हदभित्र रही ठीक हुनुपर्छ ।

(ङ) स्वयं सङ्केतक र अर्ध स्वयं सङ्केतक यन्त्रहरुमा सेन्सिटिभ्नेस्को जाँच गरिनेछैन ।

५. **टाँचा लगाउनेः—** निरीक्षकको टाँचा प्राप्त गर्नको निमित्त हरेक यन्त्रमा डण्डीको कुनै उपयुक्त देखिने ठाउँमा नरम धातुको एक बुजो वा फुली राखिएको हुनुपर्छ । यस्तो बुजो वा फुली डण्डीमा प्वाल पारेर वा अरु कुनै उपयुक्त उपायद्वारा आफ्नो स्थानबाट नहट्ने गराइएको हुनुपर्छ ।

तालिका नं. :-२२

काउण्टर प्रकारका स्वयं सङ्केतक तथा अर्ध स्वयं सङ्केतक तौलने यन्त्रका निमित्त मान्यता दिइने अधिकतम त्रुटिको हद

क्षमता	अल्प विभाजनको अधिकतम मान	पूर्णभारमा मान्यता दिइने घटी वा बढी अधिकतम त्रुटि
(क) स्वयं सङ्केतक तौलने यन्त्र		
१०० किलो	२०० ग्राम	२०० ग्राम
५० „	१०० „	१०० „
३० „	१०० „	१०० „
२० „	१०० „	१०० „
१० „	५० „	५० „
५ „	२० „	२०„
३ “	१० “	१० “
२ „	१० „	१० „
१ „	१० „	१० „
५०० ग्राम	५ „	५ „
२०० „	२ „	२ „
१०० „	१ „	१„

(ख) अर्ध स्वयं सङ्केतक तौलने यन्त्र

१०० किलो	१०० ग्राम	१०० ग्राम
५० ,,	४० ,,	४०,,
३० ,,	३० ,,	३० ,,
२० ,,	२० ,,	२० ,,
१० ,,	१० ,,	१० ,,
५ ,,	१० ,,	१० ,,
३ ,,	१० ,,	१०,,
२ ,,	१० ,,	१० ,,
१ ,,	१० ,,	१० ,,
५०० ग्राम	४ ,,	४ ,,
२०० ,,	२ ,,	२ ,,
१०० ,,	१ ,,	१,,

(१) नयाँ जाँचमा अधिकतम त्रुटि पटमा अङ्कित अल्प विभाजनको आधा भन्दा बढी हुनु हुँदैन ।

(२) पुनः जाँच र निरीक्षणमा अधिकतम त्रुटि पटमा अङ्कित अल्प विभाजनले जनाउने मान भन्दा बढी हुनु हुँदैन ।

नेपाल कानून आयोग

❐अनुसूची–५ (क)

(नियम १० को उप–नियम (५) सँग सम्बन्धित)

आयतन नाप्ने यन्त्रहरुको विवरण

खण्ड–१

साधारण आवश्यकताहरु

१. परिभाषाः–

"नाप्ने यन्त्र" भन्नाले तरल पदार्थहरु आयतनको हिसाबले नाप्ने र दिने उद्देश्य बनेको यन्त्रलाई सम्झनुपर्छ ।

२.(क) सञ्चालन भएको अवस्थामा देहायका आवश्यकताहरु पूरा गर्ने गरी नाप्ने यन्त्रको वस्तु, ढाँचा र बनावट हुनुपर्छः-

(१) सच्चाइ कायम हुने ।

(२) सञ्चालन हुने पार्टपूर्जाहरु सन्तोषपूर्वक काम गर्ने ।

(३) मिलान (एडजस्टमेन्ट) यथासम्भव स्थायी हुनुपर्ने ।

(ख) नाप्ने तथा दिने काममा प्रयोग हुने नाप्ने यन्त्ररुमा सबै अङ्गहरु र जडानहरु पूरा नभएमा टाँचा लगाइने छैन ।

(ग) कुनै यन्त्रमा साट्न हुने वा उल्टाउन हुने अङ्गहरु छन् भने यस्तो अङ्ग साट्दा वा उल्टाउँदा यन्त्रको सच्चाइमा कुनै फरक पर्नु हुँदैन ।

(घ) वितरण भएको वा दिइएको परिमाण सङ्केत गर्ने सबै रेखाङ्कन स्पष्ट बुझिने र नमेटिने किसिमको हुनुपर्छ ।

(ङ) नाप्ने यन्त्रको अङ्कित मापक वा सांकेतिक अङ्गहरुले आफ्नो शून्यस्थिति र सो यन्त्रको नाप्ने क्षमतासम्म दिएको परिमाण समेत स्वतः देखाउन सक्ने रुपमा निर्मित भएको हुनुपर्छ ।

(च) नापेको र दिएको परिमाण दर्शकले सजिलोसँग स्पष्ट र बिना अवरोध देख्ने गरी स्थायी किसिमका नाप्ने यन्त्रहरुको जडान भएको हुनुपर्छ ।

❐ दोस्रो संशोधनद्वारा थप ।

(छ) असावधान प्रयोग वा अन्य कुनै किसिमबाट यन्त्रको सच्चाइमा अनुचित असर यथासम्भव नपर्ने गरी नाप्ने यन्त्रको ढाँचा र वनावट हुनुपर्छ ।

३. <u>अङ्कन (मार्किङ्ग)</u>ः-

(क) वितरण पम्प, मिटर, आयतनिक भा”डा भर्ने मेशीन जस्ता सबै व्यपारिक नाप्ने यन्त्रहरुमा सो यन्त्रको क्षमता, निर्माताको नाम वा ट्रेडमार्क र परिचयात्मक सङ्ख्या देखिने गरी स्पष्ट र स्थायी तवरले अङ्कन भएको हुनुपर्छ ।

(ख) निरीक्षण गर्ने अधिकारीको टाँचार खण्ड (क) मा उल्लेखित अङ्कनहरु लगाउन नाप्ने यन्त्रहरुमा सबैले देख्ने ठाउँमा एउटा उपयुक्त पाता (प्लेट) मजबुतसँग जडान भएको हुनुपर्छ ।

४. **<u>जाँचको आवश्यकताहरु</u>ः-**

(क) सबै नाप्ने यन्त्रहरु सञ्चालन भएको अवस्थामा जाँचिनेछ ।

(ख) सबै यन्त्रहरु सम्बन्धित नाप्ने यन्त्रलाई दिइएको त्रुटिको हदभित्र रही ठीक हुनुपर्छ।

५. **<u>सील लगाउनेः-</u>** वितरण भएको परिमाणमा असर पर्ने गरी नाप्ने यन्त्रको रोक्ने अङ्ग वा अरु मिलाउने अङ्गहरुमा कैफियत गर्न नपाउने गरी निरीक्षण गर्ने अधिकारीले नाप्ने यन्त्रको एक वा बढी स्थानमा सील लगाउनेछ ।

खण्ड—२

<u>वितरण (डिस्पेन्सिंग) पम्प</u>

१ **<u>परिभाषा</u> :-**

(क) “वितरण पम्प” भन्नाले सञ्चय टैंक वा टैंकहरुमा जडान भई यकीन आयतनको हिसाबबाट तरल पदार्थहरु दिने कामको निमित्त प्रयोग गरिने नाप्ने यन्त्र सम्झनुपर्छ।

(ख) “आद्रनली प्रणाली (वेटहोज सिस्टम)” भन्नाले पम्म सञ्चालन भएको वा नभएको अवस्थामा प्रश्रावनली (डिस्चार्जहोज) भरिएर नै रहने प्रणाली सम्झनुपर्छ ।

(ग) "सुखानली प्रणाली (ड्राइहोज सिस्टम)" भन्नाले वितरण काम पूरा भएपछि प्रश्रावनली पूर्णतया सुखा रहने प्रणालीलाई सम्झनुपर्छ ।

२. **प्रकारः-** वितरण पम्पहरु मिटर टाइप वा भाँडो (कण्टेनर) टाइपको हुनेछन् ।

३. **साधारण आवश्यकताहरुः-**

(क) वितरण पम्पमा खास गरी देहायका कुराहरु हुनुपर्छः-

(१) उपयुक्त खोल वा ढकेनी,

(२) पम्प गर्ने अङ्ग,

(३) मिटर अङ्ग वा आयतनिक भाँडो (कन्टेनर),

(४) परिमाण सङ्केत गर्ने ।

(५) टुटी (नोजल) सहितको लचिलो नली ।

४. प्रत्येक वितरण पम्पमा सबै संभावित वितरणको परिमाण देखाउन बिक्री सूचक (सेल्स इण्डिकेटर) जडान भएको हुनुपर्छ । अन्य कुनै किसिमको गन्ति गर्ने वा सङ्ख्या जोड्ने साधन भए सो साधनबाट खास बिक्री सूचकसँग कुनै प्रकारको गडवडी आउन नसकिने गरी गरिएको हुनुपर्छ ।

५. स्टार्टिङ्ग लिभरको बन्द हुने अवस्थासम्मको चालद्वारा कुनै खास वितरण क्रमिक बितरण चक्र (डेलिभरी साइकल) पूरा भएपछि सङ्केत गर्ने अङ्गहरु ठीक सून्यमा नफर्कुन्जेल अर्को क्रमिक वितरण गर्न नसकिने गर्न एउटा प्रभावकारी स्वचालित इण्टरलक भएको मिटर प्रकारको वितरण पम्प निर्मित भएको हुनुपर्छ ।

६. प्रत्येक भाँडो बाट प्रश्राव शुरु हुन थालेपछि मात्र सम्बन्धित बिक्री सूचकले वितरण अङ्क देखाउने गरी भाँडो प्रकारको वितरण पम्प निर्मित्त भएको हुनुपर्छ । स्पष्ट र स्थायी तवरले देहायको कुरा दर्शाउने गरी पम्पको प्यानेलमा अंग्रेजी वा देवनागरीमा सूचना राखिएको हुनुपर्छः-

वितरण शुरु हुनु भन्दा अगाडि निश्चित हुनुहोस् ।
(क) बिक्री सूचक सून्यमा छ ।
(ख) भाँडो (कण्टेनर) पूरा भरिएको छ ।

७. भाँडो वा भाँडोहरु ठीकसँग भरिएको र वितरण भएको स्पष्ट देखिने गरी भाँडो प्रकारको वितरण पम्पमा हेर्ने झयालहरु (अब्जरभेशन विन्डोज) वा अरु साधनहरु जडान भएको हुनुपर्छ ।

८. चापबाट तरल पदार्थ वितरण गर्ने वितरण पम्प आद्रनली प्रणालीबाट सञ्चालित हुनुपर्छ र यस्ता पम्पले चापबाट वितरण हुने गरी त्यस्को टुटीमा संयोग नियन्त्रण भल्व (कम्बिनेशन कन्ट्रोल भल्व) र स्वचालित चाप प्रश्राव भल्व (अटोमेटिक प्रेशर डिस्चार्ज भल्व) लगाइएको हुनुपर्छ ।

९. गुरुत्वाकर्षणबाट तरल पदार्थ वितरण गर्न वितरण पम्प सुखानली प्रणालीबाट सञ्चालित हुनुपर्छ । नली पाइप (होजपाइप) मा पूर्ण र तीव्र निकास सजिलो हुने गरी सुखानलीको लम्बाइ र कडापनको उचित व्यवस्था हुनुपर्छ तथा नली पाइपको टुटीमा कुनै भल्व रहेको हुनुहुँदैन ।

१० वितरण पम्पको प्रश्राव नलीको लम्बाइ पम्पको बाहिर देखि वितरण गर्ने टुटीसम्म पाँच मिटर भन्दा लामो हुनुहुँदैन ।

११. मिटर प्रकारको वितरण पम्पमा पम्प गर्ने अङ्गको पछि र मिटर अंगको सीधा अगाडि एउटा प्रभावकारी हवा हटाउने अङ्ग (एयर इलिमिनेटर युनिट) रहेको हुनुपर्छ ।

१२. आयतनिक भाँडो मा हवा अड्ने (एयर ट्रेप) संभावना रोक्नको लागि भाँडो प्रकारको वितरण पम्पमा हवा जाने उपयुक्त प्वाल रहेको हुनुपर्छ ।

१३. <u>**जाँचः-**</u>

(क) सबै वितरण पम्पहरुमा वितरण सच्चाई जाँच हुनुपर्छ ।

(ख) यन्त्रले वितरण गरिने तरल पदार्थ भएको चालू अवस्थामा वितरण पम्प जाँचिनुपर्छ ।

(ग) सबै वितरण पम्पहरु जाँच गर्ने नापहरु (चेक मेजर्स) द्वारा प्रमाणित गरिनेछ ।

(घ) प्रत्येक जाँच गर्ने नाप प्रत्येक छ छ महीनामा कार्यकारी स्टाण्डर्ड नापद्वारा जाँचिनु पर्छ ।

(ङ) वितरण पम्प जाँच गर्नु भन्दा अगाडी पम्पका सबै अङ्गहरुले राम्ररी काम गरेको र प्रश्रावनली भिजेको यकीन गर्न केही मिनेट पम्प चलाउनु पर्छ ।

(च) सच्चाइको जाँच गर्न अगाडि वितरण पम्पमा चुहावट जाँच्नको लागि पूरा भरेर हेर्नुपर्छ ।

१४. **<u>वितरण पम्पहरु जाँच गर्ने तरिका देहाय बमोजिम हुनेछः—</u>**

(क) स्टाण्डर्ड जाँच नाप (स्टाण्डर्ड चेक मेजर) का भित्री सतहहरु भिजाउन पहिले भर्नु पर्छ र त्यसपछि खाली गर्नुपर्छ ।

(ख) रेकर्ड गर्ने यन्त्रको सङ्केतक (मिटर प्रकार) वा रिडिङ्ग (कण्टेनर प्रकार) प्रकृयालाई शून्यमा मिलाउनु पर्छ ।

(ग) सङ्केतक (मिटर प्रकार) फेरी शून्य अवस्था वा रिडिङ्ग (कण्टेनर प्रकार) जाँच नापमा तरल पदार्थ हाल्न पम्प चलाउनु पर्छ ।

(घ) लगातार दुई पटक जाँच गर्दा दुबै पटक ठीक परिमाण दिएमा यन्त्र ठीक मानिनु पर्छ ।

(ङ) लगातार दुई पटकको वितरणमा मान्यता दिएको हदभित्रको परिमाण नदिएमा जाँच दोहऱ्याउनु पर्छ ।

१५. प्रत्येक वितरण पम्पले घटीमा १० लिटर प्रति मिनेट मनासिव तवरले एकनाससँग नं. १६ मा निर्दिष्ट गरिएको त्रुटिको हदभित्र रही वितरण गर्नु पर्छ ।

१६. **<u>मान्यता दिइएको त्रुटिको हदहरु देहायबमोजिम हुनेछन्ः-</u>**

<u>मान्यता दिइएको त्रुटिको हदहरु</u>

वितरण परिमाण	पहिलो जाँच (बढीमा मात्र)	पछिल्लो जाँचहरुमा (बढीमा)	पछिल्लो जाँचहरुमा (घटीमा)
१ लिटर	१० मिलिलिटर	पहिलो जाँचको बराबर	५ मिलि लिटर
२ लिटर	२० मिलिलिटर	" " "	१० मिलि लिटर
५ लिटर	३० मिलिलिटर	" " "	१५ मिलि लिटर
५ लिटर भन्दा बढी	०.५ प्रतिशत	" " "	०.२५ प्रतिशत

१७. **<u>सील र टाँचा लगाउनेः-</u>** ठीक वितरणको लागि मिलान गरेपछि सीसा वा तारको सीलहरु लगाउँदा त्यस्तो सील वा सीलहरु नबिगारिकन फेरि मिलान गर्न नसकिने गरी लगाइनेछ । सीसा र तारको सील वा सीलहरुको लागि साधारण तार (प्लेन वायर) लगाइने छैन । सीसाको सील वा सीलहरुमा निरीक्षकको टाँचा पेंचिसद्वारा लगाइनेछ ।

नेपाल कानून आयोग

❐अनुसूची–५ (ख)

(नियम १० को उप–नियम (५) सँग सम्बन्धित)

लम्बाइ र समय नाप्ने यन्त्रहरुको विवरण

टयाक्सी αवा अटोरिक्सा मिटर

१. **परिभाषाः-**

(क) "αट्याक्सी वा अटोरिक्सा मिटर" भन्नाले भाडामा लिइएको ट्याक्सी αवा अटोरिक्साको भाडा फासला वा समय अनुसार तोकिएको दरमा गणना गरी देखाइने यन्त्रलाई सम्झनुपर्छ ।

(ख) "मुख" भन्नाले αट्याक्सी वा अटोरिक्सा मिटरको भाडा देखाउने भागलाई सम्झनुपर्छ ।

(ग) "झण्डा" भन्नाले αट्याक्सी वा अटोरिक्सा मिटरको सञ्चालन प्रक्रियालाई नियन्त्रण गर्ने लिभर वा अरु कुनै यन्त्रलाई सम्झनुपर्छ ।

(घ) "भाडावृद्धि (मनी ड्रप)" भन्नाले भाडा देखाउनेमा भाडाको वृद्धि हुनेलाई सम्झनुपर्छ ।

(ङ) "शुरुको भाडावृद्धि (इनिसियल मनी ड्रप)" भन्नाले भाडाको निमित्त (फर हायर) बाट भाडामा (हायर्ड) लिइएको अवस्थामा झण्डालाई तल झार्दा देखाउने भाडा सम्झनुपर्छ ।

(च) "शुरुको फासला वा शुरुको समयको अन्तर" भन्नाले शुरुको भाडावृद्धि अनुसारको फासला वा समयको अन्तर सम्झनुपर्छ ।

(छ) "आधारभूत दर" भन्नाले शुरुको भाडावृद्धिको दर बाहेक फासला वा समयको अन्तरको लागि फासला र प्रतिक्षा गरेको समयको दरलाई सम्झनुपर्छ ।

(ज) "भाडा" भन्नाले भाडामा लिइएको αट्याक्सी वा अटोरिक्सा मिटरले फासला र समय नाप्ने यन्त्र (डिस्टान्स एण्ड टाइम मेकानिज्म) को सञ्चालनको आधारमा गणना गरी देखाउने भाडाको अंशलाई सम्झनुपर्छ ।

❐ दोस्रो संशोधनद्वारा थप ।

α चौथो संशोधनद्वारा संशोधित।

(झ) "अतिरिक्त भाडा" भन्नाले [α]<u>ट्याक्सी वा अटोरिक्सा</u> भाडामा लिनेहरुले यात्राबाट लाग्ने भाडाको अतिरिक्त मालसामानको परिवहनको लागि तिर्नु पर्ने भाडा सम्झनुपर्छ ।

(ञ) "आधारभूत दरहरुको मान्य गति" भन्नाले आधारभूत फासला र आधारभूत समयको दरको गति अनुरुप हुनेलाई सम्झनुपर्छ अर्थात् आधारभूत दरहरुको निमित्त मान्य गतिमा [α]<u>ट्याक्सी वा अटोरिक्सा</u> मिटर सञ्चालन गर्दा यात्रा गरेको फासलाको भाडावृद्धि बितेको समयको ठीक बराबर हुनेछ ।

उदाहरणः-

समयमा आधारित — ४० पैसा प्रत्येक ६ मिनेटमा

फासलामा आधारित दर — ४० पैसा प्रत्येक १/२ किलोमिटरमा

आधारित दर तब मात्र बराबर हुनेछ जब १/२ किलोग्राममिटर फासला ६ मिनेटको समयमा यात्रा गर्दछ, अर्थात् सवारी साधनको गति ५ किलोमिटर प्रतिघण्टा हुनेछ ।

(ट) "सवारी साधनमा हुने चक्काको उचित घेरा" भन्नाले [α]<u>ट्याक्सी वा अटोरिक्सा</u> ठीक यात्रीहरु लिई सीधा अगाडि बढ्दाको अवस्थामा चक्का चालित सवारी साधनमा उचित मात्रमा हावा भरिएको टायरको एक पूरा फन्कोलाई सम्झनुपर्छ ।

(ठ) "पिक—अप" भन्नाले सवारी साधनको गति आधारभूत दरको मान्य गति भन्दा कम वा बढी भए अनुसार वितेको समयको आधारित दर वा यात्रा गरेको फासलाको आधारित दरबाट भाडा निर्धारण हुनेलाई सम्झनुपर्छ र यी आधारभूत दुई दरहरुको बीचको गणनाको परिवर्तनलाई कहिलेकाही पिकअप र कहिलेकाही अन्तर (डिफेरेन्सियल) भनिन्छ ।

(ड) "बेञ्च जाँच" भन्नाले [α]<u>ट्याक्सी वा अटोरिक्सा</u> मिटरलाई ट्याक्सी वा अटोरिक्साबाट छुट्याई गरिने जाँच सम्झनुपर्छ ।

(१) "फासलाको जाँच" भन्नाले समयको असर बिना भाडा वृद्धि अनुरुप फासलाको अन्तरहरु जाँचिने जाँचलाई सम्झनुपर्छ ।

(२) "समयको जाँच" भन्नाले भाडावृद्धि बीचको समयको अन्तरहरु जाँचिने जाँचलाई सम्झनुपर्छ ।

α चौथो संशोधनद्वारा संशोधित।

(ढ) "सडक जाँच" भन्नाले α<u>ट्याक्सी वा अटोरिक्सा</u>को यात्राबाट α<u>ट्याक्सी वा अटोरिक्सा</u>मा जडान भैसकेको α<u>ट्याक्सी वा अटोरिक्सा</u> मिटर क्रियाशील भएपछि नापिएको बाटो (मेजर्ड कोड) मा जाँचिने जाँचलाई सम्झनुपर्छ ।

(ण) "गियर बक्स" भन्नाले विभिन्न टायर साइज, ट्रान्समिशन अनुपात र यस्तैको निमित्त मिलानको व्यवस्था गर्न गियरहरुको समूहलाई सम्झनुपर्छ ।

❖(त) "दर्ता" भन्नाले α<u>ट्याक्सी वा अटोरिक्सामा</u> जडान भएको मिटरले फासला वा समयको हिसाबले मिटरमा भाडा देखाउने क्रियालाई जनाउँछ र "बढी दर्ता हुने" भन्नाले निश्चित फासला वा समय भन्दा अगाडि नै भाडा देखाउनेलाई र "घटी दर्ता हुने" भन्नाले निश्चित फासला वा समयभन्दा पछाडि देखाउनेलाई सम्झनु पर्नेछ ।

(२) **<u>बनावट सम्वन्धी आवश्यकताहरुः—</u>**

(क) α<u>ट्याक्सी वा अटो</u>रिक्सा मिटरको ढाँचा र बनावट लामो अवधिसम्म टिक्ने खालको हुनुपर्छ ।

(ख) आधारभूत दरहरुको मान्य गतिमा वा त्यसभन्दा बढी गतिमा यात्रा गरेको फासला र α<u>ट्याक्सी वा अटो</u>रिक्सा रोकी राख्दा वा आधारभूत दरहरुको मान्य गति भन्दा कम गतिमा गइरहँदा वितेको समयको लिनु पर्ने भाडा दर्ता गर्न रुपमा α<u>ट्याक्सी वा अटोरिक्सा</u> मिटर बनाइएको हुनुपर्छ ।

(ग) फासला नाप्ने यन्त्र (डिस्टान्स मेकानिजम) द्वारा भाडा रेकर्ड गरिएमा भाडाको पहिलो परिवर्तन तोकिएको फासला यात्रा गरेपछि हुनेछ । यसपछिको अङ्क लहरैसित फासलाको अनुपातमा परिवर्तन हुनेछ ।

(घ) यान्त्रिक आवश्यक भएको बेलामा घडी जस्तै यन्त्रले समयको रेकर्ड गर्ने काम गर्दछ । झण्डा चालाएपछि यो क्रिया शुरु हुनेछ । यान्त्रिक घडी दश घण्टासम्म लगातार चल्न सक्ने क्षमताको हुनुपर्छ ।

(ङ) समय वा फासलाद्वारा गणना गरिएको भाडामुखको उपयुक्त झ्यालहरुमा देखिने गरी प्रत्येक मिटर बनाइएको हुनुपर्छ ।

α चौथो संशोधनद्वारा संशोधित।

❖ चौथो संशोधनद्वारा थप।

(च) "[α]<u>ट्याक्सी वा अटोरिक्सा</u> भाडाको निमित्त छ" भनी देखाउन प्रकाश भएको सङ्केत मिटरमा हुनुपर्छ । यसमा प्रयोग गरिएका अक्षर र अङ्कहरुको साइज, रङ र पृष्ठभूमि दिन वा रातमा पच्चीस मिटरको फासलाबाट प्रष्ट देखिने हुनुपर्छ । झण्डामा प्लेट जडिएको छ भने यसको पृष्ठ भूमिको रङ रातो हुनुपर्छ ।

(छ) प्रत्येक झ्यालमा देखिने सूचना जस्तै भाडा, झण्डाको अवस्था, जम्मा फासला वा यात्रा गरिएको फासला, ट्रिप र अतिरिक्त भाडाको व्यवस्था गरिएको हुनुपर्छ । रुपैयाँ र पैसा देखाउने शब्दहरु वा चिन्हहरु चक्का वा ड्रमको स्थानबाट ठीक माथि वा तल छेउमा राखिएको हुनुपर्छ । झण्डा भाडामा वा बन्द अवस्थामा रहँदा मिटरको मुखमा एक उचित प्रकाशको व्यवस्था गरिएको हुनुपर्छ ।

(ज) भाडा देखाउने अक्षर अङ्कको उचाई १० मि.मि. भन्दा कम उचाइको हुनुहुँदैन र यात्रुहरुले सरल तरिकाबाट पढ्न सक्ने गरी राखिएको हुनुपर्छ । मिटरमा देखिने अक्षर र अङ्कहरु प्रष्ट बुझिने साइज, प्रकार र रङ्गको हुनुपर्छ ।

(झ) झण्डालाई एक अवस्थाबाट अर्को अवस्थामा घुमाउँदा यसले सुनिने आवाजद्वारा सूचित गर्न सक्ने हुनुपर्छ ।

३. **<u>यन्त्रकला तथा सञ्चालनः—</u>**

मिटरको यन्त्रकला देहाय बमोजिमको ढाँचाको भएको हुनुपर्छः—

(१) झण्डा ठाडो रहँदा मुखको झ्यालमा "भाडाको निमित्त" भने शव्दहरु प्रदर्शित हुनेछ। यस्तो अवस्थामा मिटरको यन्त्रकला बन्द रहनेछ । भाडामा लिन चाहने व्यक्तिलाई कुनै भाडा देखिने हुनुहुँदैन ।

(२) झण्डालाई "भाडामा" को अवस्थामा अघिल्तिर घुमाइएमा झ्यालमा "भाडाको निमित्त शव्दहरुको ठाउँमा "भाडामा" शव्द बदलिनेछ । "भाडामा" को अवस्थामा घडीको यन्त्रकला (क्लक मेकानिज्म) चालू हुन जानेछ र फासला नाप्ने यन्त्रकला चली फासला रेकर्ड गर्न सक्षम हुनेछ । भाडा देखाउने झ्यालमा शुरुको भाडावृद्धि पनि देखिनेछ । [α]<u>ट्याक्सी वा अटोरिक्सा</u> लाई प्रयोगमा ल्याएपछि उचित समयमा अरु भाडावृद्धिले देखिएको भाडामा वृद्धि हुँदै जानेछ ।

α चौथो संशोधनद्वारा संशोधित।

(३) झण्डालाई अझ अघिल्तिर “भाडाको निमित्त” को अवस्थाबाट “बन्द” अवस्थामा घुमाइएमा झ्यालमा “भाडामा” शब्दको ठाउँमा “बन्द” शब्द बदलिनेछ । घडीको यन्त्रकला बन्द हुनेछ र फासला नाप्ने यन्त्रकला फासला रेकर्ड गर्न यथावत जारी रहनेछ । भाडा देखाउने झ्यालमा भाडा प्रदर्शित भई नै रहनेछ ।

(४) झण्डालाई “भाडामा” को अवस्थाबाट “बन्द” अवस्थामा नलगिकन “भाडो निमित्त” अवस्थामा लग्न सकिने छैन । यन्त्रकलाको सञ्चालन “बन्द” गर्ने यन्त्र (लकिङ डिभाइस) द्वारा झण्डालाई “भाडाको निमित्त” अवस्थामा पूरा नरोकी “बन्द” अवस्थाबाट “भाडामा” को अवस्थामा जान सक्ने छैन ।

(५) माथि (१) देखि (४) सम्ममा उल्लिखित झण्डाको साधारण सञ्चालनको क्रियाद्वारा बाहेक समय र फासला यन्त्रकलालाई चालू अथवा बेचालू गर्न सकिने छैन ।

(६) झण्डा “भाडाको निमित्त” अवस्थामा छँदा मिटरको मुखमा रहेको भाडा र अतिरिक्त झ्यालहरु शटरले बन्द भएको हुनुपर्छ । शटरको हट्ने वा बन्द हुने क्रिया क्रमशः झण्डा “भाडाको निमित्त” अवस्थाबाट “भाडामा” को अवस्था र “बन्द” अवस्थाबाट “भाडाको निमित्त” अवस्थामा चलाउँदा एकसाथ हुने हुन्छ ।

(७) मिटरले देखाएको समय र फासलाको भाडा तोकिएको आधारभूत दरहरु बमोजिम हुनेछ ।

(८) अतिरिक्त झ्यालको व्यवस्था गरिएकोमा अतिरिक्त झ्यालमा देखिने भाडा हातले चलाइनेछ र मौद्रिक इकाईहरु तोकिए बमोजिम बढ्दै जानेछ ।

४. <u>जाँचहरुः</u>

(क) <u>भाडा सूचकहरुः</u>— डायलमा देखिने भाडावृद्धि सबै अवस्थामा ठीक र पूर्ण रुपमा एक अङ्कबाट अर्को अङ्कमा बदलिनेछ । यन्त्रकला चालू अवस्थामा बेचालू गरिंदा हुने त्रुटि नं. ५ मा निर्दिष्ट हदहरुभित्र पर्नु पर्नेछ ।

(ख) <u>झण्डाः</u>— “भाडाको निमित्त” को अवस्थाबाट झण्डालाई झार्दा अगाडि दर्ता भएको भाडा हटेको र मिटर उचित तरीकाले पुनः शून्यको अवस्थामा पुगेको छ भन्ने जाँच हुनुपर्छ । भाडा देखाउने अङ्कहरु अडेको वा आंशिक भाग हटेको वा फेरि फर्कने संभावना हुनुहुँदैन । एक राचेट लकबाट अर्को राचेट लकमा उल्टो घुमाउँदा अनुचित दर्ता नहुने वा अरु कुनै किसिमको संभावित हानि नपुऱ्याउने भन्ने जाँच

गरिनु पर्छ । झण्डाको अनुचित प्रयोगद्वारा खराबी गर्न सक्ने संभावना नभएको पूरा यकीन हुनुपर्छ । झण्डालाई तल झार्नासाथ मिटरले भाडा दर्ता गर्नु पर्नेछ र यसको अङ्क मुखमा देखिनु पर्नेछ ।

(ग) फासलाको हँकाई (डिस्टान्स ड्राइभ):— भाडामा अर्को वृद्धि रेकर्ड हुन लागेको बेलामा भाडा दर्ता गर्ने यन्त्रकलामा सदैव एक विशेष अवस्था (क्रिटिकल प्वाइण्ट) हुनेछ । यात्रा विशेष अवस्थामा अन्त भएमा कुनै धक्काले जस्तै ढोका ढ्याम्म बन्द गर्दा भाडामा अर्को वृद्धि हुन जान सक्छ । मिटरको यन्त्रकलामा कुनै खराबी पैदा हुन नपावस भन्नाको लागि जाँचको निमित्त एक झट्कादार हकाई (जर्की ड्राइभ) को व्यवस्था हुनुपर्छ । असामयिक भाडाको वृद्धि दर्ता हुने संभावनालाई सकभर रोक्ना निमित्त अनेक जाँचहरु गरिनेछन् ।

(घ) बेञ्च जाँच— उचित तथा भरपर्दो गियर बक्स जडान भएको α ट्याक्सी वा अटोरिक्सा मिटरको बेञ्च जाँच गरिनेछ ।

(१) उपकरणहरुः—

(क) जाँच्ने बेञ्चः— बिजुली मीटरमा लगाइएको उपकरणद्वारा ट्याक्सी मिटरको स्पिण्डल घुमाएर αट्याक्सी वा अटोरिक्सा मिटर जाँचिनेछ। यस उपकरणलाई हातबाट पनि घुमाउन सकिनेछ । αट्याक्सी वा अटोरिक्सा मिटर राम्रोसँग अडाउन ब्राकेटहरुको व्यवस्था हुनुपर्छ ।

(ख) गणक (काउण्टर)— स्पिण्डल घुमाइएको दश भागको एक भागसम्म दर्ता गर्न सक्ने गरी गणक निर्मित भएको हुनु पर्छ ।

(२) तरीकाः— जाँच गर्दा छोटो फासला (शर्ट हल) र लामो फासला (लंग हल) गरी दुई अवस्थामा जाँचिनेछः—

(क) छोटो फासला जाँच— झण्डालाई “बन्द” अवस्थामा राखेर दुई वा तीन किलोग्राममिटर फासला बराबर मिटर चलाइनेछ। प्रत्येक भाडावृद्धिको लागि लागेको फन्का गणकबाट पत्ता लगाई हिसाबबाट निस्कने सङ्ख्यासँग दाजिनेछ ।

α चौथो संशोधनद्वारा संशोधित।

(ख) लामो फासला जाँच— झण्डालाई “बन्द” अवस्थामा राखी [α]टयाक्सी वा अटोरिक्सा मिटरलाई ६० किलोग्राममिटरभन्दा कम नहुने फासलासम्म लगातार चलाइनेछ । भाडावृद्धि (मनी ड्रप) अड्न जाने, क्रमसाथ भाडा वृद्धि नहुने, बेठीक किसिमसँग अङ्कको मिलान वा अरु कुनै किसिमको असमान्य अवस्था फेला परेमा मिटरलाई रद्द गर्न सकिने सम्भावनाको लागि जाँच अवधिभर [α]टयाक्सी वा अटोरिक्सा मिटरको निरीक्षण गरिनेछ ।

(ङ) **समय जाँचः—**

(१) उपकरणः यस जाँचमा सेकेण्डसम्मको निरीक्षण गर्नु पर्नेछ । इच्छानुसार शून्यबाट शुरु गरी फेरि शून्यमा लग्न सकिने एक स्टप घडी वा डेक्स घडी प्रयोग गरिनेछ ।

(२) तरीकाः— समय जाँचमा झण्डालाई “भाडामा” को अवस्थामा राखी भाडावृद्धि बीचको अन्तरको समय जाँचिनेछ र समय जाँचलाई प्रत्येक अन्तर जाँच (इन्डिभिडुयल इण्टरभल टेष्ट) र लामो अन्तर जाँच (लङ्ग इण्टरभल टेष्ट) गरी दुई भागमा बाँडिनेछ ।

(क) प्रत्येक अन्तर जाँचः— प्रत्येक अन्तर जाँचको शुरुमा झण्डालाई “भाडामा” को अवस्थामा झार्नुको साथै स्टप घडी वा डेस्क घडीलाई चलाईनेछ । प्रत्येक भाडाबृद्धको लागि वितेको समयको सेकेण्डसम्मको दर्ता गरिनेछ । घडीलाई बन्द नगरिकन जाँच अवधिको अन्तरसम्म चलाइनेछ । यो जाँच कम्तिमा एक घण्टासम्मको हुनेछ ।

(ख) लामो अन्तर जाँच:— [α]टयाक्सी वा अटोरिक्सा मिटरमा दर्ता भएको अङ्क प्रत्येक अन्तर जाँचपछि मेट्न लगाइने छैन र साथै स्टप वा डेक्स घडीलाई पनि बन्द गरिने छैन । यस क्रियालाई पूर्ण निरीक्षण साथ एक घण्टा वा एक घण्टा भन्दा बढी समय सम्म जारी राखिनेछ । जाँच सिद्धिने बेलामा भाडा वृद्धिको लागि लागेको समयको निरीक्षण गरी रेकर्ड गरिनेछ र त्यसपछि [α]टयाक्सी वा अटोरिक्सा मिटरलाई शून्यमा ल्याइनेछ ।

α चौथो संशोधनद्वारा संशोधित।

५. <u>हदहरुः</u>—

(क) <u>बेञ्चजाँचः-</u> बेञ्चजाँचको लागि घटी बढीका हदहरु देहाय बमोजिम हुनेछन्ः-

(१) [α]बढी दर्ता हुनेमा — १ प्रतिशत

(२) [α]घटी दर्ता हुनेमा — शुरु अन्तरलाई अन्तर जाँचमा समावेश गरिएमा थप ३० मिटरको हदसाथ १ प्रतिशत

(ख) समय जाँचः- समय जाँचको लागि घटी बढीका हदहरु देहाय बमोजिम हुनेछन्ः—

(१) प्रत्येक अन्तर जाँच—

बढी दर्ता हुनेमा — — ५ प्रतिशत

घटी दर्ता हुनेमा — — १० प्रतिशत शुरुको अन्तरमा
५ प्रतिशत अरु अन्तरमा

(२) लामो अन्तर जाँच (शुरुको अन्तर बाहेक):-

बढी दर्ता हुनेमा — — छुट नभएको

घटी दर्ता हुनेमा — — ३ प्रतिशत

६. <u>सिल लगाउनेः</u>—

(क) [α]<u>ट्याक्सी वा अटोरिक्सा</u> मिटर बेञ्च जाँचमा ठीक पाइएमा सील लगाउनु पर्छ । [α]<u>ट्याक्सी वा अटोरिक्सा</u> मिटर ट्याक्सीमा अटोरिक्सामा जडान भएको उपयुक्त भएमा [α]<u>ट्याक्सी वा अटोरिक्सा</u> मिटरको हेडदेखि ट्रान्समिशन (वा चक्का) सम्म जोडिने पृथक—पृथक जडानहरुमा पनि सील लगाइनेछ ।

(ख) [α]<u>ट्याक्सी वा अटोरिक्सा</u> मिटर गियर बक्स वा [α]<u>ट्याक्सी वा अटोरिक्सा</u> मिटरमा एक खास किसिमको अनुमोदित साईजको जडिएको प्लेटलाई जाँच्ने अधिकारीले लगाएको सील वा [α]<u>ट्याक्सी वा अटोरिक्सा</u> मिटर वा [α]<u>ट्याक्सी वा अटोरिक्सा</u> मिटर गियर बक्स नखोलिकन झिक्न सकिने छैन । सो प्लेटमा देहाय बमोजिमको शव्द र अङ्कहरु उठेको वा गडेको हुनुपर्छः—

α चौथो संशोधनद्वारा संशोधित।

नेपाल कानून आयोग

(१) [α]<u>ट्याक्सी वा अटोरिक्सा</u> मिटर जडान गरिने सवारी साधनको प्रकार ,र

(२) [α]<u>ट्याक्सी वा अटोरिक्सा</u> मिटर चलाउन तथा यसको सञ्चालन र सच्चाइ जाँच सवारी साधनको चक्कामा रहने टायरको न्यूनतम प्रभावकारी घेरा ।

७ **<u>अङ्कनः</u>—**

(क) [α]<u>ट्याक्सी वा अटोरिक्सा</u> मिटरको अगाडि प्लेट र पछाडि प्लेटमा यन्त्रको सङ्ख्या अकिंत भएको हुनुपर्छ ।

(ख) सबै अक्षरहरुमा रोमन लिपीमा र अङ्कहरु ईण्डो—अरेबिकमा हुनेछन् ।

नेपाल कानून आयोग

α चौथो संशोधनद्वारा संशोधित।

अनुसूची ❖५ग.

(नियम १० को उपनियम (६) सँग सम्बन्धित)

फासला मात्र नाप्ने यन्त्रहरुको

विवरण

परिभाषाः

(क) "फासला मात्र नाप्ने अटोरिक्सा मिटर" भन्नाले मुखमा गतिमापक यन्त्र (स्पीडोमिटर) र दूरीसूचक यन्त्र (ओडोमिटर) राखी वा नराखी तोकिएको दरमा आफैले देखाउने अङ्कहरु नमेटिने गरी भाडामा लिएको अटोरिक्साको भाडा फासलाकै हिसाबले मात्र देखाउने यन्त्रलाई सम्झनुपर्छ ।

(ख) "मुख" भन्नाले अटोरिक्सा मिटरको भाडा देखाउने भागलाई सम्झनुपर्छ ।

(ग) "भाडा समकारक (न्यूटालाइजर)" भन्नाले भाडा देखाउन सून्य अङ्कमा ल्याउने यन्त्रलाई सम्झनुपर्छ ।

(घ) "भाडा" भन्नाले भाडा लिइएको अटोरिक्सा मिटरले फासला नाप्ने यन्त्रको सञ्चालनको आधारमा गणना गरी देखाउने भाडाको अंशलाई सम्झनुपर्छ ।

(ङ) "चक्काको उचित घेरा" भन्नाले अटोरिक्साले ठीक यात्रीहरु लिई बढ्दाको अवस्थामा उचित मात्रामा हवा भरिएको टायर भएको पाँग्राले एक पूरा फन्कोमा जाने फासलालाई सम्झनुपर्छ ।

(च) "बेञ्च जाँच" भन्नाले अटोरिक्सा मिटरलाई अटोरिक्साबाट छुट्याई गरिने जाँच सम्झनुपर्छ ।

बनावट सम्बन्धी आवश्यकताहरुः

(क) अटोरिक्सा मिटर फासलाको हिसाबले भाडा देखाउने यन्त्र वा दूरी देखाउने यन्त्रसँग गतिमापक र भाडा मिटर भएको यन्त्र हुनेछ ।

(ख) अगाडिको पाँग्रा वा पछाडिको धुरा गिएरबक्सबाट अटोरिक्साको सञ्चालन हुनेछ ।

❖ चौथो संशोधनद्वारा थप।

(ग) एउटाले जम्मा—जम्मी गएको दूरी र अर्काले खास सफर वापत भाडा देखाउने दुईवटा गणकहरु भएको पा"ग्राको अनुपातमा मिल्ने गरी रेखाङ्कित भएको अटोरिक्सा मिटर हुनुपर्नेछ ।

(घ) रुपैयाँको कालो चक्कामा सेतो अङ्क र पैसाको सेतो चक्कामा रातो अङ्क भएको अटोरिक्सा मिटरको समकारक हुनेछ ।

(ङ) भाडा समकारक एक दिशातिरबाट मात्र हातले चलाउन सकिने हुनेछ ।

(च) भाडा समकारकलाई भाडाको अङ्क सून्यमा झार्दा स्पष्ट सुनिने आवाज आउनु पर्नेछ र कुनै झट्का, कम्पन र घिस्राइले भाडा देखाउने यन्त्रमा कुनै असर पर्ने हुनुहुँदैन ।

(छ) अटोरिक्सा वा मिटरमा गाडी भाडामा लिइएको छ भन्ने देखाउने उचित सूचक चिन्ह हुनुपर्छ ।

<u>जाँचहरुः</u>

(क) मिटर चालू गरेपछि डायल सबै अवस्थामा तत्काल ठीक र पूर्ण रुपमा एक अङ्कबाट अर्को अङ्कमा बदलिनेछ । भाडा समकारकलाई अगाडिको अवस्थामा ल्याउँदा अगाडि दर्ता भएको भाडा हटेको छ भन्ने र मिटर ठीकसँगै सून्यमा फेरि मिलेको छ भन्ने यकिन गर्नुपर्छ । भाडा अङ्कित गरिएको कुनै हालतमा पनि अडाउने वा केही अंश मात्र हटने वा फेरि फर्कने हुनुहुँदैन । एक रावेट लकबाट अर्कोमा उल्टो घुमाउँदा अनुचित दर्ता नहुने वा अरु कुनै सम्भावित हानी नहुने भन्ने जाँच हुनुपर्छ । भाडा समकारकको अनुचित प्रयोगद्वारा भाडा देखाउनेमा कुनै किसिमले कैफियत गर्न नसकिने हुनुपर्छ ।

(ख) <u>फासलाको इकाई (डिस्टान्ट टाइम)</u>ः भाडाका अर्को वृद्धि अङ्कित हुन लागेको बेलामा भाडा दर्ता गर्ने यन्त्रकलामा सदैव एक विशेष अवस्था (क्रिटिकल प्वाइन्ट) हुनेछ। यात्रा विशेष अवस्थामा अन्त भएमा कुनै धक्काले (जस्तै ढोका ढ्याम्म बन्द गर्दा भाडामा अर्को वृद्धि हुन जान सक्छ) भाडामा अर्को भाडा वृद्धि हुन जाने मिटरको यन्त्रकलामा कुनै खराबी पैदा हुन नपावस् भन्नाको लागि जाँचको निमित्त एक झट्कादार ईकाई (जर्किन ड्राइभ) को व्यवस्था हुनुपर्छ । असामयिक भाडाको वृद्धि दर्ता हुने सम्भावनालाई रोक्का गर्नको निमित्त अनेक जाँचहरु गरिनेछन्।

(ग) बेञ्च जाँच: बेञ्च जाँचमा घटबढ गर्न हुने बिजुलीको मिटरको प्रति मिनेट घुमाइहरु दर्ता गर्न गणक र मिटर राम्रोसँग अडाउने ब्राकेट प्रयोग गरिनेछ ।

४. **हदहरुः**

(क) बेञ्च जाँच: बेञ्च जाँचको लागि घटीबढीको हद देहायबमोजिम हुनेछ ।

(१) घटीबढी दर्ता हुनेमा— १ प्रतिशत

५. **सिल लगाउने:** मिटर जडान गरी मिटर हाँक्ने तारको दुवै छेउमा सिल लगाउनु पर्छ ।

६. **अङ्कनः**

(क) मिटर जाँच गरिने अटोरिक्साको पाँग्राको अनुपात (रेसियो) मिटरको पछाडि नमेटिने गरी अङ्कित भएको हुनुपर्नेछ ।

(ख) यन्त्रको सङ्ख्या पनि अङ्कित हुनुपर्नेछ ।

(ग) सबै अक्षरहरु रोमन लिपिमा र अङ्कहरु इण्डोअरेविकमा हुनेछन् ।

नेपाल कानून आयोग

[α]अनुसूची ५(घ)

(नियम १० को उपनियम (७) सँग सम्बन्धित)

व्यापारिक प्रयोजनको लागि मान्यता दिइने घटीबढीको हद

पदार्थ	जाँचको घटीबढीको हद	
	बढीमा	घटीमा
मसला		
१. बेसार, धनियाँ, खोर्सानी, लसुन इत्यादि	०.२५%	०.२५%
२. मरीच, जिरा, ल्वाङ, अलैंची इत्यादि	०.१%	०.१%
३. सोफ, दालचिनी, गोलमिर्च इत्यादि	०.२%	०. %
तेलहन		
१. तेल (आलस, तोरी, सस्र्यू, तिल, नरिवाल र अन्य यस्तै किसिमको तेल)	०.२५%	०.२५%
२. मट्टितेल, पट्रोल, डिजेल र अन्य यस्तै किसिमका लुब्रिकेन्ट	०.५%	०.५%
३. पिना	०.५%	०.५%
सुख्खा फलफूल		
१. बदाम, ओखर, नरिवल इत्यादि	०.२%	०. %
२. काजु	०.१%	०.१%
खाद्यान्न		
१. चामल, गहुँ, चना, मुसुरो, मुगी, रहर, केराउ, भटमास इत्यादि	०.२५%	०.१२%
२. धान, मकै, कोटो, गहुँ जौ र तिलको पिठो	०.५%	०.२५%
३. तेलहन तथा अन्य गुडागुडी	०.२५%	०.१२५%

α चौथो संशोधनद्वारा संशोधित।

<u>तरकारी</u> १. आलु, प्याज, परवर, रामतोरिया इत्यादि २. हरियो तरकारी	 १.०% २.०%	 १.०% २. %
<u>ताजा फलफूल</u> १. स्याउ, अंगूर र अन्य यस्तै फलफूल २. आरु, अम्बा, नास्पाती र अरु सस्तो फलफूल	 ०.१% ०.५ %	 ०.१% ०.५%

पदार्थ	जाँचको घटीबढीको हद	
	बढीमा	घटीमा
१. माथि नपरेका अन्य कृषिजन्य पदार्थ २. दूध र दूधबाट तयार हुनेखाद्य पदाथृ (मखन, घिउ पाउडर, दूध) इत्यादि	१% ०.१%	०.५% ०.१%
<u>विविध</u> १. सूर्ति, खैनी २. कपास ३. गुंड, सखर तथा उखुबाट पैदा हुने अन्य यस्तै वस्तुहरु ४. चिनी ५. नून ६. फापर ७. चिया र कफी ८. रंग र अन्य रंगााउने काममा प्रयोग हुने सामग्री ९. सिमेण्ट	 ०.१% ०.१% ०.५% ०.१% १.०% ०.१% ०.१%	 ०.०५% ०.०५% ०.५% ०.०५% ०.५% ०.१% ०.५%

नेपाल कानून आयोग

१०. कोइला ११. चून १२. दाउरा १३. फलाम र त्यसबाट बनेका सामग्री १४. खुदो १५. उखु १६. मलखाद	०.१% १.५% १.५% १.५% १.५% ०.२% ०.५% ०.२५% ०.५%	०.०५% १.०% १.०% १.०% १. % ०.२% ०.५% ०.२५% ०.२५%
<u>धातु</u> १ जस्ता, पित्तल, तामा, शिशा इत्यादि २. (क) सुन, प्लाटिनम र अन्य बहुमूल्य धातु (ख) चाँदी ३. अन्य बहुमूल्य जवाहरात	 ०.०५% ०.००२% ०.००५% ०.००१%	 ०.०५% ०.००२% ०.००५% ०.००१%
<u>मांसाहार</u> १. मासु २. माछा ३. छाला	 ०.५% ०.५% ३%	 ०.५% ०.५% २%

नेपाल कानून आयोग

अनूसची — ६

(नियम ११ को उप—नियम (२) सँग सम्बन्धित)

१.	दशमलव अपवर्त्य र उपसर्ग	एकाईको अनुरुप मान	संक्षेप नाम
	किलो (Kilo)	१०००	कि. k.
	हेक्टो (Hecto_)	१००	हे. h.
	डेक (Deca)	१०	डेका da.
	डेसि (Deci_	०.१(१०)$^{-१}$	डे. d.
	सेन्टि (Centi)	०.०१(१०)$^{-२}$	से. c
	मिलि (Milli)	०.००१(१०)$^{-३}$	मि. m.
	माइक्रो (Micro)	०.००००01(१०)$^{-६}$	माई m.
२.	सञ्ज्ञाः—	मान	संक्षेपमान
	तौल Weights)		
	मेट्रिक टन (M.Ton)	१००० किग्रा	ट t.
	क्विन्टल (Quintal)	१०० किग्रा	क्वी q.
	किलोग्राम ग्राम (kilogram)	१ ग्रा	किग्रा kg.
	हेक्टोग्राम (Hectogram_	१०० ग्रा	हेग्रा hg.
	डेकाग्राम (Decagram_	१० ग्रा	डेकाग्राम dag.
	ग्राम (Gram_	१ ग्रा	ग्रा g.
	डेसिग्राम (Decigram_	१०० मिग्रा	डेग्रा dg.
	सेन्टिग्राम (Centigram_	१० मिग्रा	सेग्रा cg.
	मिलिग्राम (-Milligram_	१ मिग्रा	मिग्रा mg.
	क्यारेट (Caret)	२०० मिग्रा	क्या c.

३. ग्राहिता (Capacity)

किलोग्रामलिटर (Kilolitre)	१००० लिटर	कि.लि kl.
हेक्टोलिटर (Hectolitre)	१०० लि	हे. लि. hl.
डेकालिटर (Decalitre)	१० लि	डेका लि. dl.लिटर
लिटर (Litre)	१ लि	लि. l.
डेसिलिटर (Decilitre)	१०० मिलि	डे .लि. dl.

संज्ञाः—

४. आयतन

क्यूविक मीटर (Cubic metre)	मी^{3}	वा क्यू.मी m^3
क्यूविक डेसिमीटर (Cubic decimeter)	१०$^{-3}$ मी वा १०० सेमी^{3}	क्यू डेमी dm^3
क्यूविक मिलिमीटर (Cubic milimetre)	मि.मी.^{3}	क्यूमिमी mm^3

५. लम्बाइः—

किलोग्राममीटर (Kilometre)	१००० मी	किमी km.
हेक्टोमीटर (Hectometre)	१०० मी	हे.मी hm.
डेकामीटर (Decametre)	१० मी	डेका.मीdam.
मीटर (Metre)	१ मी	मी. m.
डेसिमीटर (Decimetre)	१० से.मी.	डे .मी dm.
मिलिमीटर (Millimetre)	१ मि.मी.	मि.मीmm.
सेन्टिमीटर (Centimetre)	१ से.मी	सेमी cm.
माइक्रोन (Micron)	१०$^{-३}$मि मी वा १ / १०००	म्यू m.

६. <u>क्षेत्रफलः—</u>

स्क्वायर किलोग्राममीटर (Sq. kilometer)	१,०००,००० मी^{2}	किमी km.^{2}
स्क्वायर मीटर (Sq. Metre)	मी^{2}	मी^{2} m.^{2}
स्क्वायर सेन्टिमीटर (Sq. Centimetre)	से मी^{2}	से.मी^{2} cm.^{2}
स्क्वायर मिलिमीटर (Sq. Millimetre)	मि.मी.^{2}	मि.मी^{2} mm.^{2}७.

<u>भूमि नापहरुः—</u>

आर (Are)	१०० मी^{2}	आ a.
हेक्टार (Hectare)	१०० आ	हे. ha.
सेन्टिआर (Centiare)	मी^{2}	से.आ ca.

नेपाल कानून आयोग

अनुसूची–७

(नियम १२ को उप–नियम (३) सँग सम्बन्धित)

<u>नाप तौल र नाप्ने तौल्ने यन्त्रहरुमा लगाउने टाँचाहरुः–</u>

➲नेपालको निसाना छाप	<u>२</u>	इन्स्पेक्टर नं.
	२७	साल

नेपाल कानून आयोग

➲ पाँचौ संशोधनद्वारा संशोधित ।

αअनुसूची–८
(नियम १२ को उपनियम (५) सँग सम्बन्धित)

फाराम नं.:-

नेपाल सरकार

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

विभाग

गुणस्तर तथा नापतौल कार्यालय

................................नेपाल

<u>जाँच गरेको प्रमाण</u>

निरीक्षकको नामः-

टाँचा नं.:-

श्री .... प्रदेश .... जिल्ला .... नगरपालिका/गाउँपालिका अनुमति नं. .... का अधिकारका निम्नलिखित नापतौल तथा नाप्ने तौलने यन्त्र सम्बन्धित ऐन तथा नियम बमोजिम जाँच गरी टाँचालगाइएको प्रमाणित गर्दछु ।

परिमाण	संज्ञा		तौलने यन्त्रहरु				नाप्ने नापहरु	जाँच शुल्क	
	तौलहरु	नापहरु	क्षमता	श्रेणी	निर्माताको नाम	प्रकार नं.		रु.	पै.

यो प्रमाणपत्र प्रमुख स्थानमा टाँगेर राख्नुहोस् । जाँच नगरेको नापतौल तथा नाप्ने तौलने यन्त्रहरु कदापि प्रयोग नगर्नु होला ।

जम्मा रु. बुक नं. रसिद मितिः—

आगामी जाँच मितिः- .... भित्र गराउनु पर्नेछ ।

....

पाउनेको हस्ताक्षर निरीक्षक

α चौथो संशोधनद्वारा संशोधित।

✢अनुसूची–९

(नियम १४ को उप–नियम (१) र (२) सँग सम्बन्धित)

जाँच तथा टाँचाशुल्क

नाप/तौल	प्रकार	संज्ञा	प्रति ईकाइ (रु.)
तौलहरु	बुलियन	१ मिलिग्राम देखि ५० ग्रामसम्म	१०/-
		१०० ग्राम देखि ५०० ग्रामसम्म	२५/-
		१ किलोग्राम देखि ५ किलोग्रामसम्म	४०/-
		१० किलोग्राम देखि –२० किलोग्रामसम्म	८०/-
	क्यारेट	० .५ देखि २ क्यारेटसम्म	२०/-
		५ क्यारेटदेखि ५०० क्यारेटसम्म	३०/-
	व्यापारिक	१ मिलिग्राम देखि ५० ग्रामसम्म	१०/-
		१०० ग्राम देखि ५०० ग्रामसम्म	१५/-
		१ किलोग्राम देखि २ किलोग्रामसम्म	२०/-
		५ किलोग्राम	३०/-
		१० किलोग्राम देखि २० किलोग्रामसम्म	५०/-
		५० किलोग्राम	१००/-
नापहरु	ग्रहिता	१० मिलिलिटरदेखि २०० मिलिलिटरसम्म	१०/-
		५०० मिलिलिटरदेखि २ लिटरसम्म	२०/-
		५ लिटरदेखि १० लिटरसम्म	७५/-
		२० लिटरदेखि ५० लिटरसम्म	१२५/-
		१०० लिटरदेखि ५०० लिटरसम्म	५००/-
		१००० लिटरदेखि ५००० लिटरसम्म	५०००/-
		५००० लिटरदेखि माथिलाई	७५००/-
नापहरु	लम्बाइ	०.५ देखि २ मीटरसम्म	७५/-
		०.५ देखि १० मिटरसम्मको टेप मिटर	१५/-
		१० मिटरभन्दा माथिको टेप मिटर	२५/-

नेपाल कानून आयोग

✢ मिति २०७२/५/१४ को नेपाल राजपत्रमा प्रकाशित सूचनाद्वारा हेरफेर ।

तौलने यन्त्र	श्रेणी “ग” र “घ”	५०० ग्रामसम्म	२५/-
		५०० ग्रामभन्दा माथि ५ किलोग्रामसम्म	५०/-
		५ किलोग्रामभन्दा माथि २० किलोग्रामसम्म	७५/-
		२० किलोग्रामभन्दा माथि ५० किलोग्रामसम्म	१२५/-
		५० किलोग्रामभन्दा माथि १०० किलोग्रामसम्म	१७५/-
		१०० किलोग्रामभन्दा माथि २५० किलोग्रामसम्म	२५०/-
		२५० किलोग्रामभन्दा माथि १००० किलोग्रामसम्म	३७५/-
		१००० किलोग्रामभन्दा माथिलाई	७५०/-
तौलने यन्त्र	श्रेणी “ग”र”घ” बाहेक अरु	२०० ग्रामसम्म	५०/-
		५०० ग्रामको	७५/-
		५०० ग्रामभन्दा माथि ५ किलोग्रामसम्म	१००/-
		५ किलोग्रामभन्दा माथि २० किलोग्रामसम्म	१२५/-
		२० किलोग्रामभन्दा माथि २५० किलोग्रामसम्म	२५०/-
		२५० किलोग्रामभन्दा माथि १००० किलोग्रामसम्म	५००/-
		१००० किलोग्रामभन्दा माथि ५००० किलोग्रामसम्म	१०००/-
		५००० किलोग्रामभन्दा माथि १०००० किलोग्रामसम्म	१७५०/-
		१०००० किलोग्रामभन्दा माथि २५००० किलोग्रामसम्म	३०००/-
		२५००० किलोग्रामभन्दा माथिलाई	५०००/-
नाप्ने	आयतन लम्बाइ र समय नाप्ने मिटर	पेट्रोलियम पदार्थ वितरण पम्प	१५००/-
		वल्क मिटर	२५०/-
		ट्याक्सी	३००/-
		अटोरिक्सा	१५०/-

नेपाल कानून आयोग

[α]अनुसूची—१०

(नियम १७ को उपनियम (२) सँग सम्बन्धित)

<u>अनुमतिपत्र</u>

अनुमतिपत्र नं............................ मितिः—........................

नेपाल सरकार

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

गुणस्तर तथा नापतौल विभाग

.............नेपाल

ऐनको दफा २५ बमोजिम व्यापारी वा व्यवसायी श्री .... लाई देहायबमोजिमको नापतौल वा नाप्ने तौलने यन्त्र प्रयोग गर्न यो अनुमतिपत्र दिइएको छ ।

(क)

(ख)

(ग)

(घ)

(ङ)

....

निरीक्षक

α चौथो संशोधनद्वारा संशोधित।

नेपाल कानून आयोग

∈**अनुसूची-१०क.**

(नियम १७क. को उपनियम (१) सँग सम्बन्धित)

नमुनाको अनुमति (मोडेल एप्रुभल) को लागि दिइने निवेदनको ढाँचा

१. निवेदकको पूरा नाम र ठेगानाः ——————————————————

——————————————————————————

२. पैठारी गर्ने भएमा निर्माताको नाम र ठेगानाः ——————————

——————————————————————————

३. पैठारीकर्ताको नाम र ठेगानाः ————————————————————

——————————————————————————

४. नाप्ने वा तौलने यन्त्रको संक्षिप्त विवरणः

नामः ——————————————————

क्षमताः ——————————————————

श्रेणीः ——————————————————

रेसुल्युशनः ————————————————

प्रयोजनः ————————————————

अन्यः——————————————————

५. उत्पादकले अनुसरण गरेको परीक्षण प्रक्रियाः ——————————

६. ब्राण्डको नामः ——————————————————

७. निवेदन साथ संलग्न कागजातमा √ चिन्ह लगाउनेः

(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(ख) निवेदक विदेशी नागरिक भए राहदानीको प्रतिलिपि,

(ग) निवेदक उद्योग, फर्म वा कम्पनी भएमा उद्योग, फर्म वा कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि,

(घ) निवेदकलाई निर्माताले दिएको आधिकारिकताको पत्र (अथराइजेशन लेटर),

(ङ) उत्पादन हुने मुलुकको सम्बन्धित निकायबाट वा कानूनी नाप तौल विज्ञानको अन्तर्राष्ट्रिय संस्थाको व्यवस्था अनुसार नमुनाको अनुमति (मोडेल एप्रुभल) को प्रमाणपत्र, जाँच प्रतिवेदन लगायत अन्य उपयोगी कागजात,

(च) नाप्ने वा तौलने यन्त्रको निर्माणको विस्तृत रेखाचित्र (ड्रइङ्ग),

(छ) सप्लिमेण्टरी वा अतिरिक्त उपकरणहरु भएमा सोको रेखाचित्र,

(ज) खण्डहरुको आयाम सहितको रेखाचित्र,

∈ छैटौं संशोधनद्वारा थप।

नेपाल कानून आयोग

(झ) स्थापना (इन्स्ट्ल) गर्ने विधि तथा विवरण,

(ञ) नाप्ने वा तौलने यन्त्रको निर्माणको सिद्धान्त र सञ्चालन गर्ने विधि,

(ट) नाप्ने वा तौलने यन्त्रको कपटपूर्ण वा गलत प्रयोग रोक्न व्यवस्था गरिएको सुरक्षाका साधनहरू (सेक्युरिटी फिचर),

(ठ) जाँचको सिल टाँचा लगाउनु पर्ने स्थान तथा स्थानहरुको विवरण,

(ड) नाप्ने वा तौलने यन्त्रको मिलान गर्न सकिने हद तथा गर्ने तरिका,

(ढ) नाप्ने वा तौलने यन्त्रको फरक फरक कोणबाट लिएको दुई थान फोटो,

(ण) प्रयोगकर्ता, स्थापना, सेवा वा मर्मत पुस्तिका (युजर, इन्स्टलेशन, सर्भिस म्यानुअल) लगायतका अन्य उपयोगी जानकारी।

नेपाल कानून आयोग

✍अनुसूची-१०ख.

(नियम १७ख. को उपनियम (१) सँग सम्बन्धित)

खण्ड-१

पेट्रोलियम पदार्थ वितरण पम्पको नमुनाको अनुमति (मोडेल एप्रुभल) को लागि जाँच फारम

१. जाँचको लागि आवश्यक सामग्रीहरूः

(क) पेट्रोलियम पदार्थ वितरण पम्प जाँच गर्न प्रमाणित स्टाण्डर्ड चेकमेजर।

(ख) आवश्यक सुरक्षाका सामग्रीहरू।

(ग) जाँच फारम।

२. सुरक्षाका आवश्यकताहरूः

पेट्रोलियम पदार्थ वितरण पम्पको जाँच गर्दा सम्भाव्य जोखिम न्यूनीकरणका लागि निम्न उपायहरू अपनाउन सकिन्छः-

(क) Material safety data sheet उपलब्ध भएमा सोको परामर्श लिने।

(ख) पेट्रोलियम पदार्थबाट हुने जोखिमलाई न्यूनीकरण गर्नेः उदाहरणका लागि—स्टाण्डर्ड चेकमेजरतिर धेरै नझुक्ने, सकभर वितरण पम्पबाट टाढा रहने, पेट्रोलियम पदार्थ नसुँघ्ने, पञ्जा लगाउने, जाँचपश्चात राम्ररी हात धुने तथा मास्क लगाउने।

(ग) Anti-static कपडाको लुगा लगाई सुरक्षित रहने, जस्तै- कटनको लामो बाउले पोशाक, सुरक्षित जुत्ता, गन्जी (भेस्ट)।

(घ) जोखिमपूर्ण क्षेत्रमा प्रयोग गर्न उपयुक्त बत्ती प्रयोग गर्ने।

(ङ) जाँचको समयमा उपयुक्त किसिमको आगो निभाउने साधन (Fire Extinguisher)उपलब्ध भएको सुनिश्चित गर्ने।

(च) चुहावट जाँच गर्दाः

(१) चल्दै गरेका भागहरूको नजिकै हात नलग्ने।

(२) चुहावट देखिएमा तत्काल जाँच रोक्ने।

(छ) जोखिमपूर्ण क्षेत्र (जस्तै- टैङ्की भर्ने ठाउँ, वितरण पम्प, टैङ्कीको भेण्ट) भित्र कुनै पनि प्रज्ज्वलनका स्रोतहरू (जस्तै- बलेको चुरोट, ब्याट्रीबाट चल्ने उपकरण) नभएको सुनिश्चित गर्ने।

(ज) जाँच भइरहेको समयमा कुनै उपयुक्त सूचना चिन्ह जस्तै- "जाँच चलिरहेको छ" भन्ने व्यहोराको सूचना सर्वसाधारण उपभोक्ताले सजिलै देखिने गरी राख्ने।

✍ छैटौं संशोधनद्वारा थप।

(झ) जाँच भइरहेको पम्पमा गाडीहरूको आवागमन रोक्नको निम्ति सुरक्षा सङ्केत (Safety Cone) हरू राख्ने। सुरक्षा सङ्केत (Safety Cone) हरू पैदल यात्रु तथा गाडीहरुबाट सजिलै देखिने गरी राख्ने।

३. **जाँच फारममा खुलाउनु पर्ने विवरणहरूः**

(क) जाँचको मिति,

(ख) फर्मको नाम,

(ग) फर्मको ठेगाना,

(घ) फर्मको प्रतिनिधिको नाम,

(ङ) निर्माता,

(च) मोडेल,

(छ) पम्पको सिरियल नम्बर,

(ज) वितरण (डिस्पेन्सिङ) पम्पले वितरण गर्न स्वीकृत पेट्रोलियम पदार्थ,

(झ) न्यूनतम तथा अधिकतम प्रवाह दर,

(ञ) अडिट ट्रेल।

४. **वितरण पम्पका आवश्यक विशेषताहरूः**

(क) वितरण पम्प युजर म्यानुअल अनुसार उचित रूपमा प्रयोग हुनु पर्ने।

(ख) वितरण पम्पका सबै अङ्गहरू पूरा हुनु पर्ने।

(ग) वितरण पम्प सफा हुनु पर्ने।

(घ) वितरण पम्प पूर्ण रूपमा सञ्चालन हुने अवस्थामा हुनु पर्ने।

(ङ) वितरण पम्पमा सञ्चालनमा कुनै प्रत्यक्ष अवरोध नभएको हुनु पर्ने।

(च) नापेको र दिएको परिमाण सजिलोसँग स्पष्ट र बिना अवरोध देखिने परिमाण सङ्केत हुनु पर्ने।

(छ) वितरण पम्पलाई स्थायी रुपमा जग बनाई जडान गरिएको हुनु पर्ने।

(ज) बाहिरी खोल वा ढकनी नफुटेको हुनु पर्ने।

(झ) एकभन्दा बढी नली (होज)हरु भएमा, परिमाण सङ्केत तथा मूल्य सूचक सम्बन्धित नलीको हुनु पर्ने।

(ञ) सबै सूचकहरू सबै अवस्था, दिन वा रातमा स्पष्ट देखिनु पर्ने।

(ट) सबै नली (होज) हरू राम्रो अवस्थामा हुनु पर्नेः नराम्ररी भित्रसम्म घिसिएको वा चिरिएको हुन नहुने।

(ठ) हरेक टुटी (नोजल) लाई यथास्थानमा फिर्ता झुण्ड्याइसकेपछि तुरून्त वितरण रोक्नु पर्ने।

(ड) वितरण पम्पको कुनै पनि अङ्गबाट चुहावट हुन नहुने।

५. **सुरक्षाका विशेषताहरु (Security Features) को भौतिक निरीक्षणः**

(क) मदर बोर्ड, पल्सर, डिस्प्ले युनिट, किप्याड, क्यालिब्रेसन कार्ड आदि जस्ता महत्वपूर्ण भागहरू बीच एकआपसमा सामाञ्जस्यता (Family Integrity) भएको यकिन गर्ने।

(ख) सफ्टवेयर एन्क्रिप्सन (software encryption) १२८ बिट (128 bits) वा सोभन्दा राम्रो भएको यकिन गर्ने।

(ग) माइक्रो कन्ट्रोलर/प्रोसेसर/मेमोरी इन्टिग्रेटेड सर्किटमा पुनर्लेखनको कुनै पनि अनाधिकृत वा अवैधानिक प्रयास भएमा सर्किट बोर्ड पुनः प्रयोगयोग्य नभएको यकिन गर्ने।

(घ) नमेटिने अडिट ट्रेल र हिस्ट्री लगको व्यवस्था भएको तथा लगहरूमा हार्डवेयर परिवर्तनहरू, क्यालिब्रेसन हिस्ट्री, परित्याग गरिएको वितरण (aborted delivery) र अन्य महत्त्वपूर्ण जानकारी आदि समावेश भएको यकिन गर्ने।

(ङ) वास्तविक समय घडी (real time clock) पासवर्ड नियन्त्रणमा भएको यकिन गर्ने।

(च) परिमाणको मिलान केवल इलेक्ट्रोनिक्स क्यालिब्रेसन मेकानिजममार्फत भएको र परिमाणको मिलान सीमा ५ लिटरको लागि ५० मिलि लीटरभन्दा बढी नभएको यकिन गर्ने।

(छ) मदरबोर्ड, पल्सर, डिस्प्ले युनिट, किप्याड, क्यालिब्रेसन कार्ड आदि जस्ता महत्वपूर्ण भागहरू अनाधिकृत परिवर्तन गरेको अवस्थामा पम्पले काम नगर्ने यकिन गर्ने।

(ज) निर्माताबाट मूल भागहरूको पहिचानको लागि, सबै महत्त्वपूर्ण भागहरू आधिकारिक लेबल भएको र अलग अलग पहिचान नम्बर भएको यकिन गर्ने।

(झ) कुनै पनि हार्डवेयर चेन्ज, पल्सर भ्यालिडेसन र क्यालिब्रेसनका लागि ओटीपी [(OTP, one time password)] जेनेरेट गर्ने सुविधा भएको र OTP जेनेरेट गर्ने सम्बन्धी उक्त जानकारी विभाग र अन्तर्गतका कार्यालयसँग जानकारीका लागि उपलब्ध गराउने व्यवस्था रहेको यकिन गर्ने।

६. **विद्युतीय सूचकहरूको जाँचः**

(क) डिस्प्लेमा देखिने सबै सूचकहरू प्रष्ट र पूर्ण हुनु पर्ने।

(ख) वितरण पम्प बन्द (Off) गरी डिस्प्लेका सबै सूचकहरू रिक्त भएको सुनिश्चित गर्ने।

(ग) जिरो डिस्प्ले सुनिश्चित गर्ने।

(घ) यो जाँच विद्युतीय रिसेट प्रणाली प्रयोग गरी जिरो सेटिङ्गको जाँच सँगै गर्न सकिने हुनु पर्ने।

७. **जिरो सेटिङ्गः**

(क) वितरण पम्पको मूल्य सूचक अथवा आयतन सूचकमध्ये कुनै एकलाई शून्य बनाउँदा अर्को स्वतः शून्य हुनु पर्ने।

(ख) जिरो सेटिङ्गले मूल्य वा आयतन सूचकले देखाउने परिणामलाई शून्य बनाउने बाहेक नापको परिणाममा अन्य कुनै परिवर्तन गर्न नदिने हुनु पर्ने।

(ग) नाप लिँदै गरेको समयमा मूल्य वा आयतन सूचकलाई शून्य बनाउन नमिल्ने हुनु पर्ने।

(घ) वितरण नोजललाई झुण्डयाइएको स्थानाबाट हटाई डिस्प्ले जाँच गर्ने तथा पदार्थको वितरण हुनु अगाडि मूल्य तथा आयतन दुवै शून्य रहेको सुनिश्चित गर्नु पर्ने।

(ङ) नोजललाई यथास्थान झुण्ड्याई नोजल फेरि निकाल्दा सबै सूचकहरू शून्य नभएसम्म वितरण सम्भव नहुने सुनिश्चित गर्ने।

(च) वितरण पम्प यो जाँचमा सफल भयो वा असफल भयो भन्ने अभिलेख राख्ने।

८. मूल्य र आयतनको अन्तरसम्बन्ध जाँचः

(क) वितरण पम्पलाई शून्यमा ल्याउने।

(ख) कुनै उपयुक्त आयतन वितरण गर्ने।

(ग) वितरण गरिएको पदार्थको इकाई मूल्यको आधारमा वितरण गरिएको आयतनको कुल मूल्यको हिसाब निकाल्ने।

(घ) यो हिसाब गरिएको मूल्यलाई सूचकले देखाएको मूल्यसँग तुलना गर्ने।

(ङ) वितरण पम्प यो जाँचमा सफल भयो वा असफल भयो भन्ने अभिलेख राख्ने।

९. नोजल कट-अफः

(क) यदि पम्पको नली (होज) मा स्वचालित कट-अफ नोजल फिट गरिएको नलीको सेन्सिङ्ग पोर्ट (sensing port) तरल पदार्थ अथवा फिँजसँग सम्पर्कमा आउने बित्तिकै नली स्वतः बन्द हुनु पर्ने।

(ख) सामान्य प्रवाह दरमा वितरण गर्ने।

(ग) नोजललाई तरल पदार्थ वा फिँजको सम्पर्कमा ल्याउँदा नोजल स्वतः बन्द (कट-अफ) हुने सुनिश्चित गर्ने।

(घ) खण्ड (क), (ख), (ग) थप दुई पटक दोहोऱ्याउने।

(ङ) वितरण पम्प यो जाँचमा सफल भयो वा असफल भयो भन्ने अभिलेख बमोजिम राख्ने।

१०. इन्टरलकः

नली (होज) हरूले एउटै साझा सूचक प्रयोग गर्ने हो अथवा साझा पम्पिङ युनिट प्रयोग गर्ने हो सुनिश्चित गरी देहाय बमोजिमको उपयुक्त जाँच छनोट गर्नेः

१०.१ एउटै साझा सूचक प्रयोग गर्ने नली (होज) हरुको लागिः

(क) जाँच गरिएको नलीसँग एउटै साझा सूचक प्रयोग गर्ने कुनै नली छनोट गर्ने।

(ख) मूल्य तथा आयतन सूचक दुवै शून्य भएको सुनिश्चित गर्नेः

(१) छुट्टै मूल्य सूचक भएमाः छनोट गरिएको किसिमको पेट्रोलियम पदार्थको इकाई मूल्य प्रमुख सूचकतर्फ स्थानान्तरण हुनु पर्ने।

(२) छुट्टै मूल्य सूचक नभएमाः छनोट गरिएको किसिमको पेट्रोलियम पदार्थको इकाई मूल्य सूचकमा देखिनु पर्ने तथा वितरण समाप्त नभएसम्म अन्य सबै इकाई मूल्यका सूचकहरू अदृश्य हुनु पर्ने।

(ग) अन्य सबै नोजलहरू झुण्डयाइएको स्थानबाट निकाली अन्य सबै नलीहरु निष्क्रिय भएको सुनिश्चित गर्ने।

(घ) वितरण पम्प यो जाँचमा सफल भयो वा असफल भयो भन्ने अभिलेख बमोजिम राख्ने।

१०.२ एउटै समान पम्पिङ युनिट प्रयोग गर्ने नली (होज) हरुको लागिः

(क) साझा पम्पिङ्ग युनिट भएको कुनै एक नोजललाई चयन गर्ने।

(ख) एक नोजलबाट सञ्चालन भइरहेको बेला अन्य नलीबाट वितरण सम्भव नभएको सुनिश्चित गर्ने।

(ग) वितरण पम्प यो जाँचमा सफल भयो वा असफल भयो भन्ने अभिलेख राख्ने।

११. पूर्व निर्धारित सङ्केत (Pre-set Indication):

(क) वितरण पम्पलाई शून्यमा ल्याउने।

(ख) पूर्व निर्धारित मूल्य वा परिमाण दाखिला गर्दा सोही मूल्य वा परिमाण डिस्प्लेमा देखा पर्ने वा नपर्ने निश्चित गर्ने।

(ग) नोजल पूर्ण खुला गरी डेलिभरी गर्न दिई प्रि-सेटले स्वचालित रूपमा डेलिभरी गति घटाएर डेलिभरी पूरा गरेको सुनिश्चित गर्ने।

(घ) डिस्प्लेमा मूल्य वा परिमाण सङ्केत प्रि-सेटसँग मिल्छ वा मिल्दैन जाँच गर्ने।

(ङ) वितरण पम्प यो जाँचमा सफल भयो वा असफल भयो भन्ने अभिलेख विभागबाट निर्धारित ढाँचामा राख्ने।

१२. अधिकतम प्रवाह दरः

डिस्पेन्सिङ पम्पको अधिकतम प्रवाह दर मेशिनको डाटा प्लेटमा उल्लिखित दायराभित्र पर्नु पर्छ।

१२.१ साझा पम्पिङ्ग युनिट प्रयोग गर्ने नलीहरुको लागिः

(क) साझा पम्पिङ युनिट प्रयोग गर्ने सबै नलीहरुबाट अधिकतम प्रवाह दरमा वितरण सुरु गर्ने।

(ख) सबै नलीहरु अधिकतम प्रवाह दरमा सञ्चालन गर्दा कुनै एक नोजलबाट हुने वितरणको समय लिने।

(ग) कम्तीमा १० सेकेन्डपछि वितरण रोक्ने र प्रवाह दर निकाल्ने।

(घ) वितरण पम्प यो जाँचमा सफल भयो वा असफल भयो भन्ने अभिलेख राख्ने।

१२.२ अन्य सबै किसिमको नली (होज) को लागिः

(क) अधिकतम प्रवाह दरमा वितरण सुरु गर्ने।

(ख) कम्तीमा १० सेकेन्ड पछि वितरण रोक्ने।

(ग) पम्पले सङ्केत गरेको आयतनको प्रयोग गरी प्रवाह दर निकाल्ने।

(घ) वितरण पम्प यो जाँचमा सफल भयो वा असफल भयो भन्ने अभिलेख राख्ने।

१३. सच्चाई जाँचः

(क) जाँच गर्नुपूर्व स्टाण्डर्ड चेक मेजरको भित्री सतहहरू भिजाउन पहिले भर्ने र त्यसपछि खाली गर्ने।

नेपाल कानून आयोग

(ख) घटीमा १० लिटर प्रतिमिनेटको प्रवाह दरमा ईन्धन वितरण गर्ने। पम्पको सङ्केतले देखाएको आयतन (V_{FD}) तथा स्टाण्डर्ड चेक मेजरले देखाएको आयतन (V_{REF}) टिपोट गर्ने।

(ग) सापेक्षित त्रुटि (Relative error of indication, E_{FD}) निम्न अनुसार निकाली अभिलेखमा राख्नेः

$E_{FD} = (V_{FD} - V_{REF})/V_{REF}$ X100%

(घ) माथिको प्रक्रिया थप दुई पटक फेरि दोहोऱ्याउने।

(ङ) सापेक्षित त्रुटि (Relative error of indication, E_{FD}) निकाली अभिलेख गर्ने।

(च) लगातार दुई पटक जाँच गर्दा सबै परिणामहरू नियममा मान्यता दिइएको त्रुटिको हदभित्र परे वा नपरेको निर्धारण गर्ने।

(छ) पूर्वनिर्धारण (Pre-set) को सुविधा भएको वितरण पम्पमा Pre-set मान प्रयोग गरी माथि उल्लिखित खण्ड (क) देखि (ग) सम्मको जाँच गरी परिणाम मान्यता दिइएको त्रुटिको हदभित्र परे वा नपरेको निर्धारण गर्ने।

(ज) परिणामको अभिलेख गर्ने।

१४. माथि दिइएका सम्पूर्ण जाँचहरुमा सफल भएको अवस्थामा मात्रै पेट्रोलियम वितरण पम्प जाँचपास भएको मानिनेछ।

तर पैठारी गरिएका नाप्ने वा तौलने यन्त्र भएमा उत्पादन हुने मुलुकको सम्बन्धित आधिकारिक निकायबाट वा कानूनी नाप तौल विज्ञानको अन्तर्राष्ट्रिय संस्थाको व्यवस्था अनुसार नमुनाको अनुमति पत्र प्राप्त भइसकेको अवस्थामा बुँदा नं. ७ पश्चातका जाँचहरू अनिवार्य हुने छैनन्।

नेपाल कानून आयोग

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
विभाग

पेट्रोलियम पदार्थ वितरण पम्प जाँच फारम

फर्मको नाम र ठेगाना ....
निर्माताको नाम र ठेगाना ....
मोडेल नं. ....
सिरियल नं. ....
डिस्पेन्सिङ पम्पले वितरण गर्न स्वीकृत पेट्रोलियम पदार्थः ....
न्यूनतम तथा अधिकतम प्रवाह दरः ....
जाँच मितिः ....

जाँचको नतिजा

क्र.सं.	**बुँदा नं.**	**पम्प जाँच विवरण**	**प्राप्त नतिजा (पास/फेल)**	**कैफियत**
१.	४	वितरण पम्पका आवश्यक विशेषताहरू		
२.	५	सुरक्षाका विशेषताहरु (Security Features) को भौतिक निरीक्षणः		
३.	६	विद्युतीय सूचकहरूको जाँच		
४.	७	जिरो सेटिङ		
५.	८	मूल्य र आयतनको अन्तरसम्बन्ध जाँच		
६.	९	नोजल कट-अफ		
७.	१०.१	इन्टरलकः एउटै साझा सूचक प्रयोग गर्ने नली (होज) हरुको लागि		
८.	१०.२	इन्टरलकः एउटै समान पम्पिङ युनिट प्रयोग गर्ने नली (होज) हरुको लागि		
९.	११	पूर्व निर्धारित सङ्केत (Pre-set Indication)		
१०.	१२.१	अधिकतम प्रवाह दरः साझा पम्पिङ्ग युनिट प्रयोग गर्ने नलीहरुको लागि		
११.	१२.२	अधिकतम प्रवाह दरः अन्य सबै किसिमको नली (होज) को लागि		
१२.	१३	सच्चाई जाँचः		

नेपाल कानून आयोग

क्र.सं.	बुँदा नं.	पम्प जाँच विवरण	प्राप्त नतिजा (पास/फेल)	कैफियत
		$E_{FD} = (V_{FD} - V_{REF})/V_{REF}$ X100% १. ....% २. ....% ३. ....%		

निवेदकको,-
सहीः ....
नामः ....
मितिः ....

जाँच गर्नेको,-
सहीः ....
नामः ....
मितिः ....

नेपाल कानून आयोग

खण्ड-२

इलेक्ट्रोनिक तौलने यन्त्रको नमुनाको अनुमति (मोडेल एप्रुभल) को लागि जाँच

१. परिभाषाः

(क) सङ्केतः यन्त्रले डिस्प्लेमा प्रत्यक्ष रुपमा देखाउने नतिजालाई सम्झनु पर्छ।

(ख) सङ्केतकः प्रत्यक्ष नतिजा देखाउने तौल मापन उपकरणको भाग (डिजिटल डिस्प्ले)।

(ग) इलेक्ट्रोनिक तौलने यन्त्रः इलेक्ट्रोनिक उपकरणहरु सहितको तौलने यन्त्रलाई सम्झनु पर्छ।

नोटः यसपश्चात "यन्त्र" भन्नाले इलेक्ट्रोनिक तौलने यन्त्र भन्ने सम्झनु पर्छ।

(घ) उपकरणः कुनै कार्य सम्पादनका लागि प्रयोग हुने माध्यम। उपकरण यन्त्रको कुनै भाग पनि हुन सक्छ।

(ङ) तौलने मञ्च (load receptor): यन्त्रको तौल राख्ने भाग।

(च) लेभलः यन्त्रलाई सामान्य स्थिति (reference position) मा राख्ने उपकरण।

(छ) शून्य सेटिङ्ग उपकरणः तौलने मञ्चमा तौल नभएको अवस्थामा सङ्केतलाई शून्य बनाउने उपकरण।

(ज) शून्य ट्र्याकिङ उपकरणः कुनै निश्चित तौलसम्म शून्य सङ्केत स्वचालित रुपमा कायम राख्ने उपकरण।

(झ) टैर उपकरणः तौलने मञ्चमा तौल भएको अवस्थामा सङ्केतलाई शून्य बनाउने उपकरण।

(ञ) एडिटिभ टैर उपकरणः खुद तौलको लागि तौलने दायरा परिवर्तन नगरिकन शून्य बनाउने उपकरण।

(ट) सबट्र्याक्टिभ टैर उपकरणः खुद तौलको लागि तौलने दायरा घटाएर शून्य बनाउने उपकरण।

(ठ) अधिकतम क्षमता (Max): अधिकतम तौलने क्षमता (एडिटिभ टैर क्षमता बाहेक)।

(ड) न्यूनतम क्षमता (Min): तौलने यन्त्रमा तौल गर्न सकिने न्यूनतम तौलको मान।

(ढ) तौलने दायराः न्यूनतम र अधिकतम क्षमता बीचको दायरा।

(ण) वास्तविक स्केल अन्तराल (d): दुई वटा लगातार सङ्केत गरिएको मानहरु बीचको भिन्नता (तौलको इकाईमा)।

(त) प्रमाणीकरण स्केल अन्तराल (e): यन्त्रको वर्गीकरण र प्रमाणीकरणको लागि प्रयोग हुने मान (तौलको इकाईमा)।

(थ) वार्म अप समयः यन्त्रको पावर अन गरेदेखि प्रयोग गर्न सकिने अवस्थासम्म पुग्न लाग्ने समय।

नोटः तपसीलका परिभाषाहरु यन्त्रमा तौल राख्न अगाडि सङ्केत शून्य बनाइएको अवस्थामा मात्र लागू हुनेछन्।

(द) कुल मान (G): टैर वा प्रिसेट टैर उपकरण सञ्चालनमा नरहेको अवस्थामा यन्त्रले सङ्केत गर्ने तौल।

(ध) खुद मान (N): टैर उपकरणको सञ्चालन पश्चात यन्त्रले सङ्केत गर्ने तौल।

(न) टैर मान (T): टैर तौलने उपकरणले निर्धारण गर्ने तौलको मान।

(प) गल्ती वा दोष (Fault): सङ्केतकको त्रुटि र आन्तरिक त्रुटि बीचको भिन्नता।

(फ) महत्वपूर्ण गल्तीः e भन्दा ठूलो गल्ती।

(ब) सामान्य स्थितिः सञ्चालनको लागि मिलान गर्ने यन्त्रको स्थिति।

(भ) इन्टरफेसः यन्त्र र परिधीय उपकरणहरू वा अन्य यन्त्र बीच डेटा सार्न प्रयोग हुने सबै प्रकारका यान्त्रिक, विद्युतीय र लजिक गुण।

२. जाँचको लागि आवश्यक सामग्रीहरूः

(क) स्टाण्डर्ड तौलहरु,

(ख) कटनको पञ्जा,

(ग) स्टाण्डर्ड तौलहरु प्रयोगको लागि फोरसेप वा tweezer (for handling mass pieces),

(घ) कोठाको तापक्रम जनाउने तापमान सूचक (Temperature indicator for room temperature) ।

३. आवश्यकताहरूः

३.१ साधारण आवश्यकताहरुः

(क) यन्त्रहरुलाई उच्च, विशेष, मध्यम र सामान्य गरी ४ प्रकारका सच्चाई श्रेणी (Accuracy class) मा विभाजन गरी क्रमशः I, II, III, IV (वा IIII) प्रतीक चिन्ह (Symbol) हरुले जनाइएको हुनु पर्छ।

(ख) प्रमाणीकरण स्केल अन्तराल (e) १ x १०^{k}, २ x १०^{k}, ५ x १०^{k} अनुसार हुनु पर्छ। यहाँ k धनात्मक वा ऋणात्मक पूर्ण अङ्क वा शून्य (positive or negative integer or zero) हो।

(ग) यन्त्रहरुको सच्चाई श्रेणीको आधारमा प्रमाणीकरण स्केल अन्तराल (e), प्रमाणीकरण स्केल अन्तराल सङ्ख्या (n) र न्यूनतम क्षमता (Min) तालिका १ अनुसार हुनु पर्छ।

(घ) श्रेणी I र II का यन्त्रहरूमा प्रमाणीकरण स्केल अन्तराल e लाई स्केल अन्तराल d ले निर्धारण गर्न सकिन्छ, जहाँ $d < e \le$ १०d हुनु पर्छ।

<u>तालिका १</u>

सच्चाई श्रेणी	प्रमाणीकरण मापन अन्तराल e	प्रमाणीकरण स्केल अन्तरालहरूको सङ्ख्या n=(Max)/e		न्यूनतम क्षमता
		न्यूनतम	अधिकतम	
विशेष, I	०.००१g ≤ e	५००००	-	१०० e
उच्च, II	०.००१g ≤ e ≤०.०५g	१००	१०००००	२० e
	०.१g ≤ e	५०००	१०००००	५० e
मध्यम, III	०.१g ≤ e ≤२g	१००	१००००	२० e
	५ g ≤ e	५००	१००००	२० e
सामान्य, IV (वा IIII)	५ g ≤ e	१००	१०००	१०e

(ङ) d<०.१ mg भएका सच्चाई श्रेणी ‘I’ का यन्त्रहरुमा प्रमाणीकरण स्केल अन्तरालहरूको न्यूनतम सङ्ख्या, (n) ५०,००० भन्दा कम पनि हुन सक्छ।

(च) श्रेणी ‘I’ का यन्त्रहरुको प्रमाणीकरण स्केल अन्तराल 'e' को मान १ मिलीग्रामभन्दा कम भएमा जाँच गर्दा १ मिलीग्राम लिनु पर्दछ।

(छ) यन्त्रमा स्पष्ट उल्लेख गरिएका विशेष प्रयोजनका यन्त्रको तौलने दायरा श्रेणी ‘I’ र श्रेणी ‘II’ वा श्रेणी ‘II' र श्रेणी ‘III’ को हुन सक्छ।

(ज) जाँचको क्रममा मान्यता दिइएको घटी बढीको हद तालिका २ अनुसार हुनेछ।

(झ) यन्त्रलाई तोकिएको न्यूनतम क्षमता (Min) भन्दा कम तौलमा प्रयोग गरिनु हुँदैन।

<u>तालिका २</u>

घटीबढीको हद	प्रमाणीकरण स्केल अन्तरालहरूमा व्यक्त गरिएको तौल (For load ‘m’ in terms of verification scale interval)			
	श्रेणी I	श्रेणी II	श्रेणी III	श्रेणी IV
±०.५e	Min ≤ m ≤५००००	Min ≤ m ≤५०००	Min ≤ m ≤५००	Min ≤ m ≤५०
±१e	५००००<m ≤२०००००	५०००< m ≤२००००	५००< m ≤२०००	५०<m ≤२००
±१.५e	२०००००<m	२००००<m ≤१०००००	२०००<m ≤१००००	२००<m ≤१०००

नेपाल कानून आयोग

उदाहरण:

यन्त्रको सच्चाई श्रेणी र घटी बढीको हद पत्ता लगाउने:

(क) यन्त्रमा, Max: ६०० ग्राम

e: ०.०१ ग्राम

Min: ०.२ ग्राम भएमा

यन्त्रको प्रमाणीकरण स्केल अन्तरालको सङ्ख्या

$n = \frac{Max}{e} = \frac{६००}{०.०१}$ = ६०००० हुन्छ।

यहाँ e=०.०१ ग्राम र n=६०००० को आधारमा तालिका १ अनुसार यो यन्त्र सच्चाई श्रेणी 'II' मा पर्छ र सो यन्त्रको न्यूनतम क्षमता= २०e = २०x०.०१ = ०.२ ग्राम हुन्छ। त्यसैगरी तालिका २ को आधारमा सच्चाई श्रेणी 'II' र e=०.०१ ग्राम भएको यन्त्रको घटी बढीको हद परिवर्तन हुने बिन्दुहरु ५०००e अर्थात ५०००x०.०१ ग्राम= ५० ग्राम र २००००e अर्थात २००००x०.०१ ग्राम= २०० ग्राम हुन्छन्। यस यन्त्रको-

- ✓ ०.२ ग्राम न्यूनतम क्षमतादेखि ५० ग्रामसम्मको प्रमाणीकरण स्केल अन्तरालमा घटी बढीको हद ०.५ e = ५ मिलिग्राम
- ✓ ५० ग्रामदेखि २०० ग्रामसम्मको प्रमाणीकरण स्केल अन्तरालमा घटी बढीको हद १e = १० मिलिग्राम
- ✓ २०० ग्रामदेखि ६०० ग्राम (अधिकतम क्षमता) सम्मको प्रमाणीकरण स्केल अन्तरालमा घटी बढीको हद १.५e = १५ मिलिग्राम।

३.२ **प्राविधिक आवश्यकताहरु:**

३.२.१ **निर्माणका लागि साधारण आवश्यकताहरु:**

(क) यन्त्रको बनावट सोको प्रयोगको उद्देश्य अनुसार उपयुक्त हुनु पर्नेछ।

(ख) यन्त्र प्रयोग गर्दा सोको गुणस्तरको सुनिश्चितता हुनु पर्नेछ।

(ग) यन्त्र प्रमाणित गर्नको लागि गरिनु पर्ने सम्पूर्ण जाँचहरू गरी नियम अनुसार टाँचा लगाउन मिल्ने र टाँचा लगाएपश्चात कुनै किसिमको मिलान गर्न नमिल्ने हुनु पर्छ।

(घ) यन्त्रलाई कपटपूर्ण रुपमा प्रयोग गर्न नमिल्ने हुनु पर्छ।

(ङ) यन्त्रमा आकस्मिक रुपमा कुनै खराबी आएमा सो खराबीको असर प्रत्यक्ष रुपमा देखिने हुनु पर्छ।

(च) सबै बटनहरू स्पष्ट रुपमा चिनिने गरी अङ्कित हुनु पर्छ।

(छ) गुरुत्व बल (gravitational force) ले असर गर्ने यन्त्रहरूमा सो असर न्यून गर्ने उपकरण (डिभाइस) जडान गरिएको हुनु पर्छ।

३.२.२ तौल सङ्केतकका आवश्यकताहरुः

(क) यन्त्रले देखाउने तौलको सङ्केतमा अङ्कको आयाम तथा आकार पढ्न सजिलो र स्पष्ट हुनु पर्छ।

(ख) तौल सङ्केतसँगै इकाईको नाम अथवा सङ्केत देखिनको साथै कुनै एक सङ्केतको लागि एउटा मात्र इकाई देखिने हुनु पर्छ।

(ग) स्केल अन्तराल (interval) १ x १०^k, २ x १०^k, ५ x १०^k अनुसार हुनु पर्छ जहाँ k को मान धनात्मक वा ऋणात्मक पूर्ण अङ्क वा शून्य (positive or negative integer or zero) हुन्छ।

(घ) तौल सङ्केतमा दाहिनेबाट सुरु हुने गरी कम्तीमा एउटा अङ्क देखिने हुनु पर्छ। शून्यको सङ्केत दशमलव बिनाको एउटा शून्य अङ्कद्वारा गर्न सकिन्छ।

(ङ) तौल सङ्केत 'अधिकतम क्षमता +९ e' भन्दा बढी हुनु हुँदैन।

(च) तौलमा परिवर्तन भएमा अघिल्लो सङ्केत १ सेकेण्डभन्दा बढी समयसम्म रहनु हुँदैन।

(छ) सङ्केतकमा तौल सङ्केत बाहेक अन्य सङ्केतहरू पनि देखाउन सकिन्छ। तर तौल बाहेकका अन्य परिमाणहरूको सङ्केत उपयुक्त इकाई वा चिन्हद्वारा चिनिने र प्रिण्ट नहुने गरी केवल अस्थायी रुपमा देखिने हुनु पर्छ।

(ज) यन्त्रमा प्रिण्टर जडान भएमा प्रिण्ट स्पष्ट, प्रिण्ट गरिएका अङ्कको उचाइ कम्तीमा २ मि.मि. हुनुको साथै तौलको इकाईको नाम वा चिन्ह तौलको परिमाणको दायाँ वा माथि हुनु पर्छ। सन्तुलन स्थिर नभएसम्म प्रिण्ट गर्न नमिल्ने हुनु पर्नेछ।

३.२.३ शून्य सेटिङ्ग तथा शून्य ट्र्याकिङ्ग उपकरणः

(क) यन्त्रमा एक वा एकभन्दा बढी जिरो सेटिङ्ग उपकरण हुन सक्छ। तर एकभन्दा बढी जिरो ट्र्याकिङ्ग उपकरण हुनुहुँदैन।

(ख) शून्य सेटिङ्ग उपकरणको कारणले तौलने यन्त्रको तौलने क्षमतामा फरक पर्नु हुँदैन।

(ग) शून्य सेटिङ्गपश्चात तौलको परिणाममा जिरो डिभिएशनको असर ०.२५ e भन्दा बढी हुनु हुँदैन।

(घ) यन्त्र सन्तुलित अवस्थामा कम्तीमा ५ सेकेण्डसम्म सङ्केत जिरोभन्दा कम रहेमा मात्र स्वचालित शून्य सेटिङ्ग उपकरण सञ्चालन हुनु पर्छ।

(ङ) यन्त्र सन्तुलित अवस्थामा रही जिरो वा जिरो नजिकको ऋणात्मक अङ्क सङ्केत गर्दा र करेक्सन ०.५ d/ सेकेण्डभन्दा बढी नहुँदा मात्र शून्य ट्र्याकिङ्ग उपकरण सञ्चालन हुनु पर्छ।

३.२.४ टैर उपकरणः

(क) टैर उपकरणको स्केल अन्तराल र यन्त्रको स्केल अन्तराल बराबर हुनु पर्छ।

(ख) टैर उपकरणको सच्चाई ±०.२५ e भन्दा राम्रो हुनु पर्छ।

(ग) यन्त्रमा टैर उपकरण सञ्चालनमा रहेको अवस्थामा खुद तौल सङ्केत ("NET", "Net" वा "net") सङ्केतकमा देखिनु पर्छ।

(घ) यन्त्रको टैर क्षमताभन्दा बढी तौल मञ्चमा राख्दा टैर उपकरणले काम नगर्ने हुनु पर्छ।

(ङ) यन्त्रमा घटाउ टैर (Subtractive tare) उपकरण सञ्चालनमा रहँदा बाँकी तौलन मिल्ने तौल नदेखाएको अवस्थामा यन्त्रमा अधिकतम तौल पुगेपछि रोक्ने वा सङ्केत गर्ने उपकरण हुनु पर्नेछ।

(च) यन्त्रको सन्तुलन स्थिर भएको अवस्थामा मात्रै अर्धस्वचालित वा स्वचालित टैर उपकरणले कार्य गर्ने हुनुपर्छ ।

(छ) यन्त्रमा एकपछि अर्को टैर गर्न सकिनेछ। एकभन्दा बढी टैर उपकरण सञ्चालनमा रहँदा टैर तौलको मान सङ्केत गर्दा वा छाप्दा प्रष्ट रूपमा देखिनु पर्नेछ।

(ज) तौलको नतिजाको छपाइमा कुल तौल (gross weight), खुद तौल र टैरको मान लेख्नु पर्दा क्रमशः “G”, “N” र “T” चिन्ह प्रयोग हुनेछ।

३.२.५ उपभोक्तालाई प्रत्यक्ष सामान बिक्रीमा प्रयोग हुने यन्त्रको थप आवश्यकताहरूः

तपसीलका आवश्यकताहरू उपभोक्तालाई प्रत्यक्ष सामान बिक्रीको लागि प्रयोग गर्ने १०० के.जी. सम्म क्षमता भएका प्रत्यक्ष बिक्रीमा प्रयोगका लागि बनाइएका सच्चाई श्रेणी II, III वा IV का यन्त्रहरूको लागि लागू हुनेछन्:-

(क) टैर उपकरण सञ्चालनमा रहेको अवस्थामा कुल मान याद राख्ने उपकरण यन्त्रमा जडान गर्न पाइने छैन।

(ख) टैरको मानलाई स्थायी रुपमा कुनै छुट्टै डिस्प्लेमा सङ्केत गर्ने वा तौलने मञ्चमा कुनै भार नभएको अवस्थामा टैरको मानलाई माइनसको चिन्हले सङ्केत गरेको हुनु पर्छ वा तौलने मञ्चबाट तौल झिक्दा सङ्केत शून्यमा फर्किएमा स्वतः टैर रद्द हुनु पर्छ।

(ग) यन्त्रमा स्वचालित टैर उपकरण जडान गर्न पाइने छैन।

(घ) सबै प्राथमिक सङ्केतहरू स्पष्ट रुपमा बिक्रेता तथा उपभोक्ता दुवैले एकैसाथ देखिने हुनु पर्छ। अङ्कहरुको आयाम दुवैतिर बराबर हुनुका साथै उचाइ कम्तीमा ९ मि.मि. हुनु पर्छ।

(ङ) यन्त्रमा कुनै सहायक वा विस्तारित सङ्केत उपकरणहरू जडान गर्न पाइने छैन।

(च) मूल्य सङ्केत गर्ने उपकरणहरुमा इकाई मूल्य र तिर्नु पर्ने मूल्य सङ्केत हुनु पर्छ।

(छ) यन्त्रले सङ्केत गरेको तौल र इकाई मूल्यको आधारमा तिर्नु पर्ने मूल्यको हिसाब निकाल्नेछ। हिसाब गर्ने उपकरणलाई यन्त्रको एक भाग मानिनु पर्नेछ।

(ज) इकाई मूल्य, मूल्य प्रति १० ग्राम वा प्रति १०० ग्राम वा प्रति कि.ग्रा. मा हुनु पर्छ।

(झ) इकाई मूल्य र तिर्न पर्ने मूल्यको सङ्केत तौलको सङ्केत स्थिर भएपश्चात तौलने मञ्चमा तौल रहँदासम्म देखिनु पर्छ।

(ञ) यी सङ्केतहरू तौल हटाइसकेपछि ३ सेकेण्डभन्दा बढी समयको लागि देखिनु हुँदैन। तौल हटाइसकेपछि कुनै तौलको सङ्केत रहँदासम्म इकाई मूल्य फेर्न नमिल्ने हुनु पर्छ।

(ट) यदि छाप्ने (प्रिण्ट गर्ने) व्यवस्था भएमा, तौल, इकाई मूल्य र तिर्नु पर्ने मूल्य समेत छापिने हुनु पर्छ।

(ठ) सेल्फ सर्भिस गर्ने यन्त्रहरुमा दुई थान डिस्प्ले नहुन सक्छ।

(ड) प्रत्यक्ष बिक्रीका लागि प्रयोग हुने यन्त्रहरुका आवश्यकता पूरा नगर्ने यन्त्रहरूको डिस्प्ले नजिकै नमेटिने गरी "NOT TO BE USED FOR DIRECT SALE TO THE PUBLIC" उल्लेख हुनु पर्छ।

३.३ कार्यात्मक (Functional) आवश्यकताहरु:

(क) स्वीच अन (On) गर्दा यन्त्रमा सूचकका सबै सङ्केत हेर्न मिल्ने हुनु पर्छ।

(ख) ब्याट्रीद्वारा सञ्चालित यन्त्रमा निर्माताले तोकेको भोल्टेज मानभन्दा कम हुँदा तौल मान सङ्केत नदेखिने हुनु पर्छ।

४. यन्त्रमा लगाइएको चिन्हः

(क) यन्त्रहरूमा अनिवार्य रुपमा हुनु पर्ने चिन्हहरूः

- निर्माताको चिन्ह (symbol) वा नाम,
- विशेष सच्चाई 'I', उच्च सच्चाई 'II', मध्यम सच्चाई 'III', साधारण सच्चाई 'IV' वा 'IIII' साथै अधिकतम क्षमता (Max), न्यूनतम क्षमता (Min) र प्रमाणीकरण स्केल अन्तराल (e),
- यन्त्रको मोडल नं. र सिरियल नम्बर।

(ख) उल्लेख गर्न पाउने अन्य चिन्हहरूः

- आयातित यन्त्रका लागि उत्पादकको अभिकर्ताको चिन्ह,
- नमुना अनुमति (मोडेल एप्रुभल) को चिन्ह,
- स्केल अन्तराल d, d<e भएमा, d= ....,
- अधिकतम जोड tare असरका लागि, T=+....,
- न्यूनतम घटाउ tare असर यदि अधिकतमभन्दा फरक भएमा, T=- ....,
- विशेष तापक्रम सीमाहरू जसमा यन्त्रले सही सञ्चालनको निर्धारित सर्तहरू पालन गर्दछ, त्यसका लागि ......°C to.... °C।

(ग) वर्णनात्मक (Descriptive) चिन्हको प्रस्तुतीकरणः

उल्लिखित विवरण सजिलैसँग देखिने स्थानमा नमेटिने र सजिलै नउप्किने गरी लगाइएको हुनु पर्छ।

चिन्हहरु:

Max ....
Min......

e .... (d =e भएमा d)
Accuracy class...
Model no. …
Serial no. ….

५. यन्त्रको जाँच (Tests):

५.१ जाँचको लागि प्रयोग गरिने तौल (Weights):

यन्त्रको जाँचको लागि प्रयोग गरिने स्टाण्डर्ड तौलको त्रुटि सो तौलको लागि उपकरणको अधिकतम घटी बढीको हदको १/३ भन्दा बढी हुनु हुँदैन।

५.२ यन्त्रको त्रुटि (e):

(क) तौलने मञ्चमा कुनै एउटा निश्चित तौल ’L’ राखी सङ्केत, ‘I’ टिपोट गरिन्छ।

(ख) सो सङ्केत एक भेरिफिकेसन स्केल अन्तराललले नबढ्दासम्म (I बढेर I+e नहुँदा सम्म) ०.१e को दरले थप तौलहरू मञ्चमा क्रमशः थपी सङ्केत ’P’ को मान निकालिन्छ।

(ग) P = I + (१/२) e - Δ L, जहाँ ΔL= थप गरिएका जम्मा तौल हो।

(घ) यन्त्रको त्रुटि (E) = (P –L) = I + (१/२) e - L - ΔL

(ङ) त्रुटि (E) सो तौलको लागि दिइएको घटी बढीको हदभन्दा बढी हुनु हुँदैन।

<u>उदाहरणः</u>

- यन्त्रको Max : ५० कि.ग्रा. र e: ५ ग्राम भएको सच्चाई श्रेणी III यन्त्रमा यदि २० कि.ग्रा. तौल (L) तौलने मञ्चमा राख्दा देखिएको सङ्केत I=२०.००५ कि.ग्रा. छ।
- ०.१e अर्थात ५०० मिलिग्रामका थप तौलहरु राख्दै जाँदा जम्मा थप तौल (ΔL) ३ ग्राम पुग्दा सङ्केत परिवर्तन भई २०.०१० भएमा।
- सङ्केत मान P =I + ०.५e –ΔL =२०००५ +०.५x ५- ३ = २०००४.५ ग्राम,
- त्रुटि, E = P-L = २०००४.५ - २००००= ४.५ ग्राम।
- जुन तालिका २ अनुसार यस यन्त्रको लागि २० कि.ग्रा. तौलमा दिइएको घटी बढीको हद ७.५ ग्रामभित्र पर्छ।

५.३ रिपिट्याबिलिटी जाँच (Repeatability Test):

(क) यो जाँच यन्त्रको अधिकतम र आधा क्षमतामा गरी दुई वटा तौलमा गरिन्छ।

(ख) एकै तौल यन्त्रमा पटक पटक (श्रेणी ‘III’ र ‘IV’ मा कम्तीमा ३ पटक र श्रेणी ‘I’ र ‘II’ मा कम्तीमा ६ पटक) राखीन्छ।

(ग) प्राप्त सङ्केतको अधिकतम र न्यूनतम मानहरु बीचको फरक (P_{max} - P_{min}), [जहाँ P = I + (१/२) e - Δ L)] निकालिन्छ।

(घ) (P_{max} - P_{min}) को value सो तौलको लागि यन्त्रलाई दिइएको घटी बढीको हदभन्दा बढी हुनु हुँदैन।

५.४ कुना जाँच (Eccentric Test):

(क) यन्त्रको तौल राख्ने मञ्चको सपोर्ट बिन्दुहरु ४ वा सोभन्दा कम भएमा मञ्चलाई तलको चित्रमा जस्तै लगभग ४ बराबर खण्डहरुमा विभाजन गरी सो खण्डहरुमा

क्रमैसँग यन्त्रको अधिकतम क्षमता र अधिकतम थप टैर प्रभावको योगको १/३ तौलहरु राखी जाँच गर्नु पर्नेछ।





(ख) यन्त्रको तौल राख्ने मञ्चको सपोर्ट बिन्दुहरु S, ४ भन्दा बढी भएमा मञ्चलाई तलको चित्रमा जस्तै लगभग बराबर १/n खण्डहरुमा विभाजन गरी मञ्चको प्रत्येक सपोर्ट बिन्दुमा यन्त्रको अधिकतम क्षमता र अधिकतम थप टैर प्रभावको योगको १/(S-१) तौलहरु राखी जाँच गरिन्छ।



(ग) तौलको प्रभाव केन्द्रमा बाहेक अन्य ठाउँमा न्यूनतम पर्ने (minimum off center loading) विशेष किसिमको मञ्च (ट्याङ्की, सोली) भएको यन्त्रमा यन्त्रको अधिकतम क्षमता र अधिकतम थप टैर प्रभावको योगको १/१० तौल प्रत्येक बिन्दुमा वा सपोर्टमा राखी जाँच गरिन्छ।

(घ) यो जाँचको लागि सम्भव भएसम्म धेरै साना तौलहरुभन्दा ठूला तौलहरु प्रयोग गर्नु पर्छ र उक्त तौलहरु जाँच गरिने खण्डको केन्द्रमा राख्नु पर्छ। जाँच गर्दा तौल राखीने स्थान प्रतिवेदनमा चित्र बनाई जनाउनु पर्छ।

(ङ) प्रत्येक खण्डको लागि यन्त्रको त्रुटि बुँदा नं. ४.२ बमोजिम हुनु पर्छ।

(च) स्वचालित शून्य हुने उपकरण जाँच गर्ने अवधिमा सञ्चालन हुनु हुँदैन।

५.५ तौल जाँच (Performance Test):

(क) जाँच गर्न प्रयोग गरिने तौलहरु शून्यदेखि क्रमशः बढाउँदै अधिकतमसम्म र क्रमशः घटाउँदै पुनः शून्यसम्म तौलने मञ्चमा राख्नु पर्दछ।

(ख) तौल छनोट गर्दा अधिकतम, न्यूनतम र घटी बढीको हद (MPE) परिवर्तन हुने तौल बिन्दु वा सोको नजिकको तौल छनोट गर्नु पर्दछ।

(ग) छनोट गरिएका प्रत्येक तौलको लागि यन्त्रको त्रुटि बुँदा नं. ४.५ बमोजिम हुनु पर्छ।

५.६ डिस्क्रिमिनेसन (Discrimination) जाँच:

(क) यस जाँचमा यन्त्रको न्यूनतम, आधा र अधिकतम क्षमता बराबरका तौलहरु प्रयोग गरिन्छ।

(ख) यन्त्र शून्यमा रहेको अवस्थामा तौल तौलने मञ्चमा राखी प्राप्त सङ्केत एक वास्तविक स्केल अन्तराल (d) ले बढेर सन्तुलित नभएसम्म ०.१e तौलका थप तौलहरु तौलने मञ्चमा थप्नु पर्छ।

(ग) त्यसपछि १.४e बराबरको तौल मञ्चमा विस्तारै राख्दा सङ्केत एक वास्तविक स्केल अन्तरालले बढेमा यन्त्र ठीक भएको मानिन्छ।

५.७ कृप (Creep) जाँच:

(क) यो जाँच यन्त्रको अधिकतम क्षमताको नजिक गर्नु पर्छ र जाँचको अवधिभर तापक्रम २ डिग्री सेल्सियसभन्दा फरक पर्नु हुँदैन।

(ख) यन्त्रको अधिकतम क्षमता नजिकको तौल तौलने मञ्चमा राखी तौल सङ्केत स्थिर हुनासाथ सो सङ्केत एक भेरिफिकेसन स्केल अन्तरालले नबढ्दासम्म (I बढेर I+e नहुँदासम्म) ०.१ e को थप तौलहरू मञ्चमा क्रमशः थपिन्छ र सङ्केत P_0 को मान निकाल्नु पर्दछ।

(ग) त्यसपछि ४ घण्टाको लागि तौललाई यन्त्रमै छाडी दिनु पर्छ। यो जाँच दौरान जाँच सुरु गरेको ३० मिनेटसम्म सङ्केत मानको अन्तर $(P_0 - P_{30})$ ०.५e भन्दा कम भएमा र १५औं र ३०औं मिनेट बीचको सङ्केत मानको अन्तर $(P_{15} - P_{30})$ ०.२e भन्दा कम भएमा जाँच ३० मिनेटमा टुङ्ग्याउन सकिन्छ।

(घ) अन्यथा ४ घण्टापश्चातको सङ्केत मान $P_{4hrs.}$ टिपोट गरी सुरुको सङ्केतमान P_0 सँगको अन्तर निकाल्नु पर्छ, जुन प्रयोग गरिएको तौलको लागि यन्त्रलाई दिइएको घटी बढीको हदभन्दा बढी हुनु हुँदैन।

५.८ शून्यमा फर्कने जाँच (Zero return test):

(क) यस जाँचमा यन्त्रको तौलने मञ्चमा तौल नभएको अवस्थाको शून्य सङ्केत र अधिकतम क्षमताको नजिकको तौल आधा घण्टासम्म राखेर झिकी सङ्केत स्थिर भएपश्चातको सङ्केत बीचको फरक $|\Delta(P_{30} - P_0)|$ निकाल्नु पर्दछ, जुन ०.५e भन्दा बढी हुनु हुँदैन।

(ख) बहुदायरा भएको यन्त्रमा शून्य सङ्केत स्थिर भएपश्चात ५ मिनेटसम्म शून्य सङ्केतको टिपोट जारी राखीन्छ र $|\Delta(P_{35} - P_{30})|$ निकाल्नु पर्दछ, जुन e_1 भन्दा बढी हुनु हुँदैन।

(ग) यन्त्रमा स्वचालित शून्य हुने उपकरण भएमा सो जाँच गर्ने अवधिमा सञ्चालन हुनु हुँदैन।

५.९ टैर सेटिङको सच्चाई र टैर जाँचः

५.९.१ टैर सेटिङको सच्चाईः

(क) टैर सेटिङ्ग दायरामा पर्ने कुनै तौललाई मञ्चमा राखेर तौल सङ्केत स्थिर हुनासाथ सो सङ्केत एक भेरिफिकेसन स्केल अन्तरालले नबढ्दासम्म ०.१e को दरले थप तौलहरू राख्ने र एउटा थप तौल (०.१e) झिक्ने।

(ख) टैर उपकरण प्रयोग गरी सङ्केतलाई शून्य बनाएर १०e को तौल मञ्चमा राखी सङ्केत टिपोट गर्ने।

(ग) तौलने मञ्चमा थप ०.२५e तौल राख्दा सङ्केत परिवर्तन हुनु हुँदैन, पुनः ०.५e तौल राख्दा सङ्केत परिवर्तन हुनु पर्छ।

५.९.२ टैर जाँचः

(क) यो जाँच कम्तीमा दुई भिन्न टैर मानहरूमा टैर गरेपश्चात बुँदा नं. ४.५ बमोजिम गर्नु पर्छ।

(ख) टैर तौल राखी टैर गरेपश्चात यन्त्रको बाँकी तौल क्षमताको लागि घटी बढीको हद टैर नगर्दा जति नै हुन्छ।

६. जाँचको नतिजाः

माथि दिइएका सम्पूर्ण जाँचहरुमा सफल भएको अवस्थामा मात्रै इलेक्ट्रोनिक तौलने यन्त्रको जाँचपास भएको मानिनेछ।

तर पैठारी गरिएका नाप्ने वा तौलने यन्त्र भएमा उत्पादन हुने मुलुकको सम्बन्धित निकायबाट वा कानूनी नाप तौल विज्ञानको अन्तर्राष्ट्रिय संस्थाको व्यवस्था अनुसार नमुनाको अनुमतिपत्र प्राप्त भइसकेको अवस्थामा बुँदा नं. ४ पछिका जाँचहरू अनिवार्य हुने छैन।

नेपाल कानून आयोग

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
विभाग

इलेक्ट्रोनिक तौलने यन्त्र जाँच फारम

फर्मको नाम र ठेगानाः...
निर्माताको नाम र ठेगानाः..
मोडल नं.: ....
सिरियल नं.: ....
सच्चाई श्रेणीः ....
यन्त्रको क्षमताः...
रेजुलेसनः..
जाँचको मितिः..

जाँचको नतिजा

क्र.सं.	**बुँदा नं.**	**जाँच विवरण**	**प्राप्त नतिजा (पास/फेल)**	**कैफियत**
१.	२.१	साधारण आवश्यकताहरु		
२.	२.२.१	प्राविधिक आवश्यकताहरूः साधारण आवश्यकताहरु		
३.	२.२.२	प्राविधिक आवश्यकताहरूः तौल सङ्केतकका आवश्यकताहरु		
४.	२.२.३	प्राविधिक आवश्यकताहरूः शून्य सेटिङ्ग तथा शून्य ट्र्याकिङ्ग उपकरणः		
५.	२.२.४	प्राविधिक आवश्यकताहरूः टैर उपकरण		
६.	२.२.५	प्राविधिक आवश्यकताहरूः उपभोक्तालाई प्रत्यक्ष सामान बिक्रीमा प्रयोग हुने यन्त्रको थप आवश्यकताहरूः		
७.	२.३	कार्यात्मक (Functional) आवश्यकताहरुः		
८.	३	यन्त्रमा लगाइएको चिन्ह		
९.	४.२	यन्त्रको त्रुटि (e)		
१०.	४.३	रिपिट्याबिलिटी जाँच (Repeatability Test)		
११.	४.४	कुना जाँच (Eccentric Test)		

१२.	४.५	तौल जाँच (Performance Test)		
१३.	४.६	डिस्क्रिमिनेसन (Discrimination) जाँच		
१४.	४.७	कृप (Creep) जाँच		
१५.	४.८	शून्यमा फर्कने जाँच (Zero return test)		
१६.	४.९.१	टैरसेटिङको सच्चाई		
१७.	४.९.२	टैर जाँच		

निवेदकको,-
सहीः ....
नामः ....
मितिः ....

जाँच गर्नेको,-
सहीः ....
नामः ....
मितिः ....

नेपाल कानून आयोग

[∈]अनुसूची-१०ग.

(नियम १७ग. को उपनियम (१) सँग सम्बन्धित)

नमुनाको अनुमतिपत्रको ढाँचा

नेपाल सरकार

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

विभाग

बालाजु, काठमाडौं

नमुनाको अनुमतिपत्र

नमुनाको अनुमति (मोडेल एप्रुभल) को चिन्हः NP/_____/______मितिः ....

स्टाण्डर्ड नाप र तौल ऐन, २०२५ को दफा २६क. बमोजिम .... स्थित श्री .... लाई मिति .... देखि लागू हुने गरी उल्लिखित शर्तहरु सहित देहाय बमोजिमको नाप्ने वा तौलने यन्त्र उत्पादन/पैठारी गर्न नमुनाको अनुमति (मोडेल एप्रुभल) प्रदान गरिएको छ।

(१) नाप्ने वा तौलने यन्त्रको विवरणः

....

....

(२) निर्माताको नाम र ठेगानाः

....

(३) ब्राण्डको नामः

....

(४) नमुना (मोडेल) को नामः

....

दस्तखतः

नामः ... ...

पदः ... ...

सर्तहरुः

(१) यो पत्र बमोजिमको अनुमति प्राप्त नाप्ने वा तौलने यन्त्र मात्र उत्पादन/पैठारी गर्न पाइनेछ।

नेपाल कानून आयोग

∈ छैटौं संशोधनद्वारा थप।

(२) यो पत्र बमोजिम उत्पादन भएको नमुनाको उत्पादन बन्द गरिएमा वा पैठारी हुन छोडेमा त्यसको जानकारी विभागलाई गराउनु पर्नेछ।

(३) यो नमुनाको अनुमति (मोडेल एप्रुभल) बमोजिमको पैठारी गर्न अन्य व्यक्ति तथा संस्थालाई रोक लाग्ने छैन।

नेपाल कानून आयोग

♠अनुसूची-११क.

(नियम १८ को उपनियम (१) सँग सम्बन्धित)

नेपाल सरकार

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

विभाग

गुणस्तर तथा नापतौल कार्यालय

....

(स्टाण्डर्ड नाप र तौल ऐन, २०२५ को दफा ..... अन्तर्गत नाप तौल तथा नाप्ने वा तौलने यन्त्र निर्माण वा पैठारी गर्न इजाजतपत्र प्राप्त गर्नको निमित्त भर्नु पर्ने कुराहरु)

<u>द्रष्टव्यः</u>- अनुमतिपत्र प्राप्त गरेका निर्माताहरुले निर्माण गरेका वा पैठारीकर्ताले पैठारी गरेका वस्तुहरु इजाजतपत्रप्राप्त गरेको बिक्रीकर्तालाई मात्र बेच्न तथा डेलिभरी गर्न पाउनेछन्। खुद्रा बिक्री गर्न निर्माताहरुले छुट्टै बिक्रीकर्ताको इजाजतपत्र प्राप्त गर्नु पर्दछ।

निवेदन प्राप्त भएको मितिः ....

निरीक्षण गरिएको मितिः ....

निवेदकले <u>भर्नु पर्ने</u>	**निरीक्षण गर्ने <u>अधिकृतको कैफियत</u>**

१. इजाजतपत्र माग गर्ने नाप तौल यन्त्र उत्पादक वा पैठारीकर्ताको नामः—

२. यन्त्र उत्पादन वा पैठारी गर्नेको पूरा ठेगानाः—
   (क) कारखाना वा गोदामकोः—
   (ख) कार्यालयकोः—

३. नाप्ने वा तौलने यन्त्र पैठारी गर्न इजाजतप्राप्त भएको वा कारखाना स्थापित भएको मितिः—

४. प्रोप्राइटर/हिस्सेदार वा सीमित सङ्ख्या भएमा सञ्चालकहरु/निर्देशकहरुको नामः—

५. प्रोप्राइटर (हरु)/हिस्सेदार (हरु) सञ्चालक/निर्देशक (हरु) को स्थायी ठेगानाः—

६. हाल भइरहेको निर्माण वा पैठारी सम्बन्धी कार्यको किसिमः—

७. कस्तो खालका वस्तुहरुको निर्माण वा पैठारी गर्न

♠ छैटौं संशोधनद्वारा संशोधन।

प्रस्तावित गरिएको हो सो लेख्ने।

<u>देहायका वस्तुहरुः—</u>

(क) ढकहरु,

(ख) नापहरु,

(ग) तौलने यन्त्रहरु, वा

(घ) नाप्ने यन्त्रहरु।

विस्तृत विवरण पेस गर्नेः—

८. आफूले निर्माण वा पैठारी गर्ने वस्तुहरुमा प्रयोग गरिने निर्माणकर्ताको नाम वा ट्रेडमार्कः—

९. प्रस्तावित नाप्ने वा तौलने यन्त्र निर्माण वा पैठारी गर्न उपयुक्त र आवश्यक वर्कशपको तथा निपूर्ण कालीगढहरुको बन्दोवस्त भए वा नभएको यदि भए विस्तृत विवरण दिनेः—

१०. नमुनाको अनुमति (मोडेल एप्रुभल) लिएको भए सोको प्रमाणित प्रतिलिपि।

नाप्ने वा तौलने यन्त्र निर्माण वा पैठारी गर्ने इजाजतपत्र मागिएको वस्तुहरुको नमुनाको सेट निरीक्षण तथा अनुमोदनको निमित्त प्रस्तुत गरिएको छ।

मैले स्टाण्डर्ड नाप र तौल ऐन, २०२५ तथा त्यस अन्तर्गतका नियमहरु अध्ययन गरेको छु र सो ऐन तथा नियमहरुको पालन गर्नेछु।

माथि लेखिएको विवरण ठीक साँचो छ, झुट्ठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला।

निवेदकको सहीः ....

मितिः ....

ठेगानाः ....

<u>कार्यालयले मात्र भर्नेः—</u>

इजाजतपत्र दिइएको/अस्वीकृत गरिएको

इजाजतपत्र नं. ....

मितिः ....

....

निरीक्षण गर्ने अधिकृतको सही

दस्तखतः ....

निरीक्षक

अनुसूची — ११ (ख)

(नियम १८ (१) सँग सम्बन्धित)

नेपाल सरकार

α उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

विभाग

गुणस्तर तथा नापतौल कार्यालय

................, नेपाल

(स्टाण्डर्ड नाप तौल ऐन,२०२५ को दफा ...... अन्तर्गत नाप तौल तथा नाप्ने तौलने यन्त्र मर्मत गर्ने इजाजतपत्र प्राप्त गर्नको निमित्त भर्नु पर्ने कुराहरु)

निवेदनकर्ताले भर्नु पर्ने	निरीक्षण गर्ने अधिकृतको कैफियत

१. इजाजतपत्र मागिएको नाप तौल मर्मत गर्ने वर्कशपको नाम (कारखाना)

२. प्रोपाएटर वा पार्टनर वा (मालिक) (सहयोगी) सीमित सङ्ख्या भएमा सञ्चालन निर्देशकहरुको नाम

३. वर्कशपको पूरा ठेगाना

४. वर्कशपमा हाल भइरहेको कामको किसिम

५. वर्कशप स्थापना भएको मिति

६. माथि (२) मा उल्लिखित प्रोप्राएटर (हरु) आदिको स्थायी ठेगाना

७. ढक, तराजु र अरु नाप तौल नाप्ने वा तौलने यन्त्र मर्मत गर्न उपयोग गरिने आफूसँग भएका ज्यावल, यन्त्र र अरु औजारको पूर्ण विवरण

८. सापटी दिने वस्तु (जस्तो ढक, नाप, तराजु आदि) को आवश्यक मौज्दात भए नभएको । के कति मौज्दात आफूसँग भएको खुलाई पूर्ण विवरण दिने

α चौथो संशोधनद्वारा संशोधित।

९. नाप तौल आदिको मर्मतमा आफ्नो भएको अनुभव

१०. आवश्यक कालिगढी कामको व्यवस्था भए नभएको। यदि भएमा, आफ्नो वर्कशपमा यस्ता कति कामदारहरु लगाइएका छन् वा लगाउने प्रस्ताव छ ।

[α]११. आफूले मर्मतकर्ता भई काम गर्न चाहेको क्षेत्र विवरणः

(क) प्रदेशः-

(ख) जिल्लाः-

(ग) नगरपालिका/गाउँपालिका:-

मैले स्टाण्डर्ड नाप र तौल ऐन, २०२५ तथा यस अन्तर्गतका नियमहरु पढेको छु र सो ऐन तथा नियमहरुको पालन गर्नेछु ।

माथि लेखिएको विवरण ठीक छ झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

निवेदकको सही ....

मिति ....

नाम ....

ठेगाना ....

कार्यालयले मात्र भर्नेः—

इजाजतपत्र दिइएको । अस्वीकृत गरिएको ....

इजाजतपत्र नं.....................

निरीक्षण गर्ने अधिकृतको सहीः—

मितिः............................

दस्तखत..........................

निरीक्षक

α चौथो संशोधनद्वारा संशोधित।

नेपाल कानून आयोग

अनुसूची – ११ (ग)

(नियम १८ (१) सँग सम्बन्धित)

नेपाल सरकार

[α]उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

विभाग

गुणस्तर तथा नापतौल कार्यालाय

............., नेपाल

(स्टाण्डर्ड नाप तौल ऐन,२०२५ को दफा .... अन्तर्गत नाप तौल तथा नाप्ने तौलने यन्त्र बिक्री गर्न इजाजतपत्र प्राप्त गर्नको निमित्त भर्नु पर्ने कुराहरु)

निवेदनपत्र प्राप्त भएको मिति...........निरक्षिण गरिएको मिति ....

निवेदकले भर्नुपर्ने — निरीक्षण गर्ने अधिकृतको कैफियत

१. इजाजतपत्र माग गर्ने संस्थाको नाम

२. संस्थाको र भएमा शाखाहरुको समेत पूरा ठेगाना

३. प्रोप्राएटर वा हिस्सेदार र सीमित सङ्ख्या भएमा सञ्चालक निर्देशकहरुको नाम

४. कारोबारको हालको नाम र रुपमा स्थापित भएको मिति

५. हाल चालू गरिएको कारोबारको किसिम

६. माथि नं. ३ मा उल्लिखित प्रोप्राएटर आदिको स्थायी ठेगाना

७. आफूले कुन कुन वस्तुहरु बिक्री गर्न चाहेको हो, लेख्ने देहायका वस्तुहरु

(क) ढकहरु

α चौथो संशोधनद्वारा संशोधित।

नेपाल कानून आयोग

(ख) नापहरु

(ग) तौलने यन्त्रहरु

(घ) नाप्ने यन्त्रहरु

∉७क. नमुनाको अनुमति (मोडेल एप्रुभल) लिएको भए सोको प्रमाणित प्रतिलिपि।

८. नेपाल ▪........ बाहिरबाट नाप तौल आदि पैठारी गर्ने गरेको भए यस्तो सप्लाई गर्ने संस्था वस्तुहरुमा निर्माताले प्रयोग गर्ने चिन्ह ट्रेडमार्क के के हुन दिने । साथै आफूले निर्मातासँग हुने सम्झौता वा करारपत्र गरेको भए उल्लेख गर्ने र उक्त निर्माता इजाजतपत्र प्राप्त भए नभएको समेत उल्लेख गर्ने ।

(करारपत्रको प्रमाणित नक्कल निवेदनसाथ रहनुपर्छ ।)

९. नेपाल ▪......... भित्र वा नाप तौल ऐन लागू भएको अरु कुनै मुलुकमा बिक्रेताको रुपमा दर्ता हुन यदि कहिल्यै निवेदन गरेको भए, यस्तो कहिले गरको र निवेदनको नतिजा के भएको थियो, लेख्ने ।

αमैले स्टाण्डर्ड नाप र तौल ऐन,२०२५ तथा त्यस अन्तर्गतका नियमहरु पढेको छु र सो ऐन तथा नियमहरुको पालन गर्नेछु ।

माथि लेखिएको विवरण ठीक छ, झुट्ठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

निवेदकको सही ....
मिति ....
नाम ....
ठेगाना ....

कार्यालयले मात्र भर्नेः—

इजाजतपत्र दिइएको । अस्वीकृत गरिएको
इजाजतपत्र नं.....................
मितिः............................

....
निरीक्षण गर्ने अधिकृतको सहीः—
दस्तखत..........................
निरीक्षक

∉ छैटौं संशोधनद्वारा थप।

▪ पाँचौ संशोधनद्वारा झिकिएको।

α चौथो संशोधनद्वारा संशोधित।

नेपाल कानून आयोग

❖अनुसुची — ११(घ)

(नियम १८(१) सँग सम्बन्धित)

नेपाल सरकार

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

विभाग

गुणस्तर तथा नापतौल कार्यालय

.............., नेपाल

(स्टाण्डर्ड नाप र तौल ऐन, २०२५ को दफा ....अन्तर्गत नापतौल तथा नाप्ने तौलने यन्त्रद्वारा प्रदान गरिने सेवाका लागि इजाजतपत्र प्रप्त गर्नको निमित्त गर्नु पर्ने कुराहरु)

निवेदन प्राप्त भएको मिति ....

निरीक्षण गरिएको मिति ....

निवेदकले भर्नु पर्ने

निरीक्षण गर्ने

अधिकृतको कैफियत

१. इजाजतपत्र माग गर्ने संस्थाको नाम

२. संस्थाको र भएमा शाखाहरुको समेत पूरा ठेगाना

३. प्रोप्राइटर वा सञ्चालक

निर्देशकहरुको नाम ....

ठेगाना ....

४. हाल प्रदान गर्न लागिएको सेवाको किसिम

५. आफूले कुन र कतिसम्म क्षमता भएको नापतौल

वा नाप्ने तौलने यन्त्रद्वारा सेवा प्रदान गर्न खोजेको

❖ चौथो संशोधनद्वारा थप ।

(क) तौलने काँटाहरु

(ख) तौलने ढकहरु

(ग) तौलने यन्त्रहरु

(घ) नाप्ने यन्त्रहरु

६. आफूले सेवा प्रदान गर्न प्रयोग गरेको नाप तौल वा नाप्ने तौलने यन्त्रहरुको मर्मत सम्भार बारे गरिएको व्यवस्था

७. आफूले सेवा प्रदानकर्ता भई काम गर्न चाहेको

क्षेत्र

प्रदेश

जिल्ला

नगरपालिका/गाउँपालिका

मैले स्टाण्डर्ड नाप र तौल ऐन,२०२५ तथा त्यस अन्तर्गतका नियमहरु पढेको छु । र सो ऐन तथा नियमहरुको पालन गर्नेछु ।

माथि लेखिएको विवरण ठीक छ । झुठ्ठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

....

निवेदकको सही

....

निरीक्षण गर्ने अधिकृतको सही

इजाजतपत्र दिइएको/अस्वीकृत गरिएको

इजाजतपत्र नं ....

मिति ....

दस्तखत ....

निरीक्षक

नेपाल कानून आयोग

✝अनुसूची–११(ङ)

(नियम १८ को उपनियम (२) सँग सम्बन्धित)

इजाजतपत्रको लागि लाग्ने धरौटी रकम र दस्तुर

सि.नं.	व्यवसायको किसिम	रकम र दस्तुर (रु.)	
		धरौटी रकम	नवीकरण दस्तुर
१.	नापतौल वा ♠नाप्ने वा तौलने यन्त्र बनाउने वा पैठारी गर्ने	१००००/-	१०००/-
२.	नापतौल वा नाप्ने तौलने यन्त्र मर्मत गर्ने	२०००/-	५००/-
३.	नापतौल वा नाप्ने तौलने यन्त्र बिक्री गर्ने	२०००/-	३७५/-
४.	नापतौल वा नाप्ने तौलने सम्बन्धी सेवा प्रदान गर्ने		
	(क) एक टनसम्म क्षमता भएकोलाई	१५००/-	३७५/-
	(ख) दश टनसम्म क्षमता भएकोलाई	१००००/-	५०००/-

नेपाल कानून आयोग

✝ मिति २०७२/५/१४ को नेपाल राजपत्रमा प्रकाशित सूचनाद्वारा हेरफेर ।

♠ छैटौं संशोधनद्वारा संशोधित।

[α]अनुसूची १२
(नियम १८(२) सँग सम्बन्धित)

नेपाल सरकार

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

विभाग

गुणस्तर तथा नापतौल कार्यालाय

..........., नेपाल

इजाजतपत्र

स्टाण्डर्ड नाप र तौल ऐन, २०२५ अन्तर्गत नापतौल वा नाप्ने तौलने यन्त्र बनाउने । मर्मत गर्ने । [∉]पैठारी गर्ने। बिक्री गर्ने । सेवा प्रदान गर्नेलाई दिइने इजाजतपत्र ।

१. श्री .... लाई निम्नलिखित किसिमका नापतौल वा नाप्ने तौलने यन्त्र बनाउन । मर्मत गर्न । [∉]पैठारी गर्न। बिक्री गर्न । सेवा प्रदान गर्न यो इजाजतपत्र दिइएको छ ।

२. बनाउन । मर्मत गर्न । [∉]पैठारी गर्न। बिक्री गर्न । सेवा प्रदान गर्न इजाजत दिइएको नापतौल वा नाप्ने तौलने यन्त्रको विवरण

(क) ....

(ख) ....

(ग) ....

(घ) ....

३. माथि लेखिएका श्री .... लाई दिइएको यो इजाजतपत्र निजको निर्माण । मर्मत । बिक्री प्रदान गरिने सेवाको स्थानको निमित्त मात्र मान्य हुनेछ ।

४. यो इजाजतपत्र मिति .... देखि मिति .... सम्म वहाल रहनेछ ।

α चौथो संशोधनद्वारा संशोधित।

∉ छैटौं संशोधनद्धारा थप।

५. यो इजाजतपत्र नियमानुसार नवीकरण गरेमा नवीकरण विवरणमा उल्लेख भएको अवधिसम्म वहाल रहनेछ ।

६. नापतौल र नाप्ने तौलने यन्त्र बनाउने ट्रेडमार्क । मोनोग्राम यस प्रकार हुनेछ ।

....

....

मितिः-   निरीक्षक

द्रष्टव्यः- (यो इजाजतपत्र प्राप्त गर्ने व्यक्तिले यसको पछाडि लेखिएका शर्तहरु पालना गर्नुपर्छ ।)

<u>इजाजतपत्रको पछाडि राखिने</u>

<u>इजाजतपत्र सम्बन्धी शर्तहरु</u>

(१) यो इजाजतपत्र प्राप्त गर्ने व्यक्तिले ऐन र ऐन अन्तर्गतका नियमहरु तथा आदेशको पालना गर्नुपर्छ ।

(२) ऐन र सो ऐन अन्तर्गतका नियम तथा आदेशहरु उल्लंघन गर्न कसैलाई दुरुत्साहित गर्न हुँदैन र कसैले ऐन र ऐन अन्तर्गतका नियमहरु तथा आदेशको उल्लंघन गरेको थाहा पाएमा अविलम्ब निरीक्षकलाई सूचना दिनुपर्छ ।

(३) यो इजाजतपत्र सबैले देखिने गरी सम्बन्धित स्थानमा राख्नुपर्छ ।

(४) निरीक्षकद्वारा दिइएको निर्देशनको पालना गर्नुपर्छ ।

(५) वर्कशपलाई चाहिने सुविधा वा दक्ष कर्मचारीको अभाव देखिएमा इजाजतपत्रवालालाई सूचना दिई सो इजाजतपत्र स्थगित वा बदर गर्न सकिनेछ ।

(६) निरीक्षकले यो इजाजतपत्र पेश गर्नु भनेमा निज समक्ष पेश गर्नुपर्छ ।

नेपाल कानून आयोग

<u>इजाजतपत्र पछाडिको पाना</u>

नेपाल सरकार

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

विभाग

गुणस्तर तथा नापतौल कार्यालय

.... नेपाल

<u>नवीकरण विवरण</u>

इजाजतपत्र सङ्ख्या	नवीकरण मिति	वहाल मिति		नवीकरण गर्ने निरीक्षकको दस्तखत । मिति
		मिति देखि	मिति सम्म	

नेपाल कानून आयोग

[α] अनुसूची— १३
(नियम १८ (३) सँग सम्बन्धित)

<u>इजाजतपत्र नवीकरण गर्न दिइने निवेदनको ढाँचा</u>

नेपाल सरकार

[α] उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

विभाग

गुणस्तर तथा नापतौल कार्यालाय

.... नेपाल

१. अनुमतिपत्र पाउनेको नामः- ....

२. ठेगानाः- ....

प्रदेशः- ....

जिल्लाः- ....

नगरपालिका/गाउँपालिकाः- ....

३. इजाजतपत्र नं.ः- ....

४. इजाजतपत्र प्राप्त गरेको मितिः- ....

५. इजाजतपत्रको म्याद सिद्धिने मितिः- ....

....

निवेदकको सही

मितिः-

द्रष्टव्यः- इजाजतपत्र नवीकरण गराउनको निमित्त लेखिएको निवेदन निरीक्षकलाई सम्बोधन गरी पुरानो इजाजतपत्रको म्याद सकिनु भन्दा ३५ दिन अगावै निरीक्षक समक्ष पठाउनु पर्नेछ ।

α चौथो संशोधनद्वारा संशोधित।

[α]अनुसूची–१४
(नियम १८ को उपनियम (६) सँग सम्बन्धित)

इजाजतपत्र प्राप्त नापतौल र नाप्ने तौलने यन्त्रहरुको निर्माता । मर्मतकर्ता । [∉]पैठारीकर्ता । बिक्रेता । सेवा प्रदानकर्ताको रजिष्टर

गुणस्तर तथा नापतौल कार्यालय

लाइसेन्स नं.	मिति	निर्माता, मर्मतकर्ता, [∉]पैठारीकर्ता, बिक्रेता, सेवा प्रदानकर्ताको नाम, ठेगाना	वर्कशप को ठेगाना	निर्माण गर्ने, मर्मत गर्ने, [∉]पैठारी गर्ने, बिक्री गर्ने, सेवा प्रदान गर्ने चीजहरु	प्रयोग गर्ने ट्रेड मार्क मोनोग्राम	अनुमतिपत्र बदर भएको आदेश अनुशासनको कारबाही यदि कुनै भए	पुरानरावेदन को परिणाम	कैफियत

द्रष्टव्यः- (१) यदि कुनै फर्म भए यसको नामको साथै सबै हिस्सेदारहरुको नाम समेत महल ३ मा देखाउनु पर्छ ।

(२) मर्मतकर्ता, [∉]पैठारीकर्ता, बिक्रेता र सेवा प्रदानकर्ताको निमित्त महल ६ लागू हुने छैन।

[α] चौथो संशोधनद्वारा संशोधित।

[∉] छैटौं संशोधनद्वारा थप।